| क्र. सं. | लगानीका क्षेत्रहरू | आर्थिक वर्ष अनुसार प्रक्षेपित लगानी रकम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | प्रतिशत |
| १ | कृषि (कृषि तथा वन र मत्स्यपालन) | १४३६१ | १५९८५ | १७१६२ | १८७६३ | २०१८९ | ८६४६० | ८.५४ |
| २ | गैरकृषि-उद्योग (खानी तथा भूगर्भ, विद्युत, ग्याँस तथा पानी, निर्माण) | ६२८८९ | ६८२०० | ८४९१० | ९६७५३ | १३४९८३ | ४४७७३५ | ४४.२३ |
| ३ | गैर कृषि-सेवा (शिक्षा, स्वास्थ्य, होटल, रेष्टुरा, थोक तथा खुद्रा व्यापार, सामान्य प्रशासन, रक्षा र अन्य) | ७०६८८ | ८३८७२ | ९६५०४ | १०८४५३ | ११८५२१ | ४७८०३८ | ४७.२३ |
| | **जम्मा** | १४७९३८ | १६८०५७ | १९८५७६ | २२३९६९ | २७३६९३ | १०१२२३३ | १०० |

*स्रोत: गण्डकी प्रदेशको प्रथम पञ्चबर्षिय योजना, तालिका ४*

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा पहिलो आर्थिक वर्ष २०७६/७७ का लागि पुँजी लगानी रु. १४८ अर्ब, दोस्रो आर्थिक वर्ष २०७७/७८ का लागि रु. १६८ अर्ब, तेस्रो आर्थिक वर्ष २०७८/७९ का लागि रु. १९९ अर्ब, चौथो आर्थिक वर्ष २०७९/८० का लागि रु. २२४ अर्ब र अन्तिम आर्थिक वर्ष २०८०/८१ का लागि रु. २७४ अर्ब गरी जम्मा १०१२ अर्ब लगानी हुने अनुमान गरिएको छ।  कुल लगानी अनुमान मध्ये कृषि तथा बन र मत्स्यपालन क्षेत्रमा ८.५४ प्रतिशत, गैरकृषि (उद्योग) अन्तर्गत ४४.२३ प्रतिशत र गैर कृषि (सेवा) अन्तर्गत ४७.२३ प्रतिशत हुने अनुमान गरिएकोछ।

प्रथम पञ्चवर्षीय योजना अवधिमा विभिन्न क्षेत्रगत लगानीका लागि आवश्यक पर्ने कुल रकम रु. १०१२ अर्ब मध्ये रु. ३६० अर्ब (३५.६५ प्रतिशत) सार्वजनिक क्षेत्रबाट लगानी हुने अनुमान गरिएको छ भने रु. ५८८ अर्ब (५८.७९ प्रतिशत) निजी क्षेत्रबाट, रु.४५ अर्ब (४.३६ प्रतिशत) सहकारी क्षेत्रबाट र रु. १९ अर्ब (१.९२ प्रतिशत) सामुदायिक क्षेत्रबाट लगानी हुने अनुमान गरिएको छ। कुल लगानीमध्ये उद्योग र सेवाका क्षेत्रमा बढी लगानीको आवश्यकता पर्ने गरी प्रक्षेपण गरिएको छ। यस तथ्यबाट के अनुमान गर्न सकिन्छ भने गण्डकी प्रदेशले तय गरेको लक्ष्य प्राप्त गर्नका लागि सार्वजनिक क्षेत्रका अलवा निजी क्षेत्र, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रको योगदान महत्वपूर्ण रहेको हुँदा यी क्षेत्रहरूको लगानी सुनिश्चित गर्न प्रदेश सरकारले सहज वातावरण सिर्जना गर्नु अनिवार्य छ।

## २.३.८ यथार्थ आय तथा प्रक्षेपण

गण्डकी प्रदेशको आर्थिक वर्ष २०७५/७६ मा कुल रु. २२ अर्ब ३६ करोड १५ लाख ५० हजार यथार्थ प्राप्ति (आय) भएको थियो भने आर्थिक वर्ष २०७६/७७ मा कुल रु. २७ अर्ब ३७ करोड ९३ लाख यथार्थ प्राप्ति भएको थियो। मध्यमकालीन खर्च संरचना अनुसार तीन आर्थिक वर्षका लागि कुल रु. ९४ अर्ब, ७५ करोड ३७ लाख ४७ हजार खर्च हुने अनुमान गरेको छ। आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा ८.९१ प्रतिशतले स्रोत बृद्धि हुने अनुमान मध्यमकालीन खर्च संरचनाले गरेको छ। जवकी आर्थिक वर्ष २०७७र७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ र आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा क्रमसः ४.७६ प्रतिशत र ४.७६ प्रतिशतका दरले स्रोत बृद्धि हुने अनुमान गरिएको छ (तालिका ३)।

**तालिका ३: त्रिवर्षिय स्रोत विनियोजन तथा स्रोत प्रक्षेपण (प्रचलित मूल्यमा)** रु. हजारमा

| क्र. सं. | खर्च शीर्षक | यथार्थ आय | | मध्यमकालीन खर्च अनुमान | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | | |
| १ | आन्तरिक आय* | ८७०९३२० | ७१२७९०० | १२९२७००० | १३५७३३५० | १४२५२०१८ | ४०७५२३६८ | ४३.०१ |
| २ | नेपाल सरकार अनुदान | १२८२२३१० | १३१०७८०० | १३०२९७०० | १३६८११८५ | १४३६५२४४ | ४१०७६१२९ | ४३.३५ |
| ३ | आन्तरीक ऋण | ० | ० | १०००००० | १०५०००० | ११०२५०० | ३१५२५०० | ३.३३ |
| ४ | नेपाल सरकार ऋण | ० | ० | १०००००० | १०५०००० | ११०२५०० | ३१५२५०० | ३.३३ |
| ५ | नगद मौज्दात | ८२९९२० | ७१४३६०० | २१००००० | २२०५००० | २३१५२५० | ६६२०२५० | ६.९९ |
| | **जम्मा** | २२३६१५५० | २७३७९३०० | ३००५६७०० | ३१५५९५३५ | ३३१३७५१२ | ९४७५३७४७ | १०० |
| | **बार्षिक बृद्धि प्रतिशत** | | १८.३३ | ८.९१ | ४.७६ | ४.७६ | | |

** राजस्व बाँडफाँड सहित*

*स्रोत:*

- प्रदेश सरकार, गण्डकी प्रदेश, नीति तथा योजना आयोग, मध्यमकालीन खर्च संरचना, २०७८, तालिका २.२
- FCGO (2020), Consolidated Financial Statement, 2018/19, Annex 47
- FCGO (2021), Consolidated Financial Statement, 2019/20, Annex 44

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना अनुसार क्षेत्रगत लगानीको अनुपात तथा लगानीको स्रोतको अनुपात देहायअनुसार तालिका ४ मा प्रस्तुत गरिएको छः

**तालिका ४: आवधिक योजनामा क्षेत्रगत लगानी र लगानीको स्रोतको विवरण** रकम रु. लाखमा

| लगानीका क्षेत्रहरू | योजना अवधिमा हुने लगानी रकम | स्रोत अनुसार लगानीको अनुपात | | | | |
|---|---|---|---|---|---|---|
| | | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
| ऊर्जा (विद्युत तथा स्वच्छ ऊर्जा) | ३१५१०२ | ३५ | ६२ | ३ | ९ | १०० |
| भौतिक पूर्वाधार | २०६५५५ | ४८ | १६ | १२ | २४ | १०० |
| शिक्षा | २९८३० | ७२ | २० | ३ | ५ | १०० |
| जनस्वास्थ्य तथा पोषण | ३१६७९ | ६८ | २४ | ३ | ५ | १०० |
| कृषि तथा वन | ८६४६० | ४३ | ४५ | ८ | ४ | १०० |
| पर्यटन | ७९९४७ | ३० | ६७ | ३ | ० | १०० |
| उद्योग | ४१०४४ | १५ | ८० | ५ | ० | १०० |
| सुशासन तथा सेवा प्रवाह | २३४०२ | १०० | ० | ० | ० | १०० |
| सामाजिक तथा अन्य | १९८२२३ | ४८ | १६ | १२ | २४ | १०० |
| **जम्मा** | १०१२२४२ | ३९ | ५४ | ५ | २ | १०० |

### २.३.९ स्थानीय तहहरूको स्रोत परिचालनको स्थिति

यस प्रदेश अन्तरगत रहेका ८५ वटा स्थानीय तहहरूले पनि दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा कार्य गर्दै आएका छन्। स्थानीय तहहरूले पनि नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त गर्ने विभिन्न किसिमका अनुदानहरू (समानीकरण, सशर्त, विशेष र समपूरक), रोयल्टी तथा राजस्व बाँडफाँड र उनीहरूको आफ्ना आन्तरिक श्रोतको समेत परिचालन गरी प्रत्यक्ष तथा परोक्ष रुपमा दिविल हासिल गर्नमा योगदान गर्दै आएका छन्। यस प्रदेश अन्तरगतका स्थानीय तहहरूको विगत तीन आर्थिक वर्षको औसत बजेट रु. ४६ अर्ब १७ करोड ५० लाख ५० हजार रहेको छ। उक्त बजेट/आम्दानी मध्ये बार्षिक रुपमा रु ३६ अर्ब ७५ करोड ७४ लाख ७२ हजार (८०.१ प्रतिशत) खर्च भएको छ। स्थानीय तहको यस किसिमको बजेट खर्चले दिविल हासिलमा ठूलो योगदान पुग्न सक्दछ।

**तालिका ५: प्रदेश अन्तरगतका स्थानीय तहहरूको बाषिक बजेट र खर्च विवरण** रु. हजारमा

| क्र.स. | आर्थिक वर्ष | बजेट/आम्दानी | | | | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | मौज्दात अ.ल्या. | आन्तरिक आय (राजस्व बाँडफाँड समेत) | संघ र प्रदेशबाट प्राप्त अनुदान | जम्मा | | |
| १ | २०७५/७६ | २४०२८४७ | ७६८५०५१ | ३१४३२३९१ | ४१५२०२८९ | ३५१९१५४६ | ८४.८ |
| २ | २०७६/७७ | २५८४७६७ | १००२५५११ | २९३४७०८२ | ४१९५७३६० | ३३९००३७१ | ८०.८ |
| ३ | २०७७/७८ | - | - | - | ५५०४७५०० | ४११८०५०० | ७४.८ |
| **औसत** | | २४९३८०७ | ८८५५२८१ | ३०३८९७३७ | ४६१७५०५० | ३६७५७४७२ | ८०.१ |

स्रोतः *GoN/FCGO, Consolidated Financial Statement of various Fiscal Year*

### २.३.१० सहकारी क्षेत्रको स्रोत परिचालनको वर्तमान अवस्था

सहकारी विभागबाट २०७७ मा प्रकाशित सहकारी झलक पुस्तिका अनुसार यस प्रदेशमा उत्पादक, उपभोक्ता, वित्तीय, वहुउद्देश्यीय र सेवा क्षेत्रमा गरी कुल २६६१ (२ हजार ६ सय ६१) सहकारीहरू रहेका छन्। जहाँ ११ लाख १६ हजार ६३२ सदस्यहरू आवद्ध रहेका छन्। जसबाट रु. २२ अर्ब ५ करोड ९ लाख ६७ हजार २४६ शेयर पुँजी, बचत संकलन रु. ८६ अर्ब ७ करोड ४५ लाख ७१ हजार ६९३ र रु. ८८ अर्ब ३७ करोड ८० लाख ६१ हजार ४३३ ऋण लगानी भएको छ। सहकारीबाट ७६४१ जनाले प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेका छ। सहकारी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ को पौष मसान्तसम्म प्रदेश सरकारको क्षेत्राधिकारभित्र रही CoPoMIS मा ८०९ वटा सहकारीहरू प्रविष्ट भएका छन्। ती सबै सहकारी संस्थाहरूबाट प्राप्त विवरण अनुसार कुल शेयर पुँजी रु. ६ अर्ब ४६ करोड ६९ लाख ३० हजार ९०१ रहेको छ भने ती संस्थाहरूले रु. ४९ अर्ब २४ करोड ४० लाख ९६ हजार ४१८ वचत संकलन गरेका छन। यस अवधिमा रु. ३८ अर्ब १ करोड ७ लाख २५ हजार २७६ ऋण लगानी र रु. १ अर्ब ३ करोड ८४ लाख ९३ हजार ४७५ शेयर लगानी भएको छ। ती सहकारी संघ संस्थाहरूमा १ लाख १४ हजार ९८ जना महिला र १ लाख ५७१ पुरुष र १ हजार १४७ संस्थागत गरी कुल २ लाख ५२ हजार ३० सदस्य रहेका छन्। यसबाट के आकँलन गर्न सकिन्छ भने सहकारी संस्थाले दिगो विकास लक्ष्य हासिल गर्नका लागि महत्वपूर्ण योगदान पुर्‍याएका छन। तसर्थ गण्डकी प्रदेश सरकारले प्रदेशको आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रको क्षमता विकास गरी उद्यमशीलता, उत्पादन र रोजगारीसँग आवद्ध गर्नेछ। सहकारी संस्थाको अनुगमन र संस्थागत सुशासन प्रवर्धन गर्न नियमनकारी निकायलाई अधिकारसम्पन्न बनाई सुदृढीकरण गरिनेछ। साथै लगानीका संभावित क्षेत्रहरूको पहिचानमा सहकारी सस्थाहरूलाई सहयोग गरी उनीहरूसँग पुँजीलाई उत्पादनमूलक, आयआर्जन, रोजगार र स्वरोजगार सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

### २.३.११ निजी क्षेत्रको भूमिका

सार्वजनिक-निजी साझेदारीको माध्यमबाट सार्वजनिक पूर्वाधार तथा सेवाहरूको गुणस्तरीय र दिगो विकास गरी त्यस्ता पूर्वाधार तथा सेवाहरूमा सर्वसाधारण नागरिकको पहुँच सुनिश्चित गर्ने सोच सार्वजनिक-निजी साझेदारी नीति, २०७२ ले लिएको छ। बृहत सामाजिक तथा आर्थिक विकासको लागि सार्वजनिक पूर्वाधार सेवाहरूको विकास तथा सञ्चालनमा सार्वजनिक निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले यो नीति कार्यान्वयनमा ल्याएको छ । सार्वजनिक पूर्वाधार सेवाहरूको विकास, पुनर्निमाण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पर्ने पुँजी, साधन तथा स्रोतहरू निजी क्षेत्रबाट परिपूर्ति गर्न निजी लगानी आकर्षण हुने वातावरण सिर्जना गरी निजी क्षेत्रमा रहेको व्यवसायिकता, कार्यकुशलता, उद्यमशीलता एवम् प्राविधिक दक्षताको उपयोग गर्ने उद्देश्य नीतिले लिएको छ ।

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले दिगो विकास लक्ष्य हासिल गर्न नीजि क्षेत्रको भूमिकालाई अग्रस्थानमा राखेको छ । उक्त योजनले निम्न क्षेत्रमा निजी क्षेत्रको योगदान हुन सक्ने अनुमान गरेको छ ।

(क) मूल्य सिर्जना गर्ने क्रियाकलापहरू (रोजगारी, ज्यालामा समानता, उद्यम विकास)

(ख) लगानी (सार्जजनिक निजी साझेदारी, बैदेशिक लगानी)

(ग) कार्यकुशलता (उत्पादकत्वमा बृद्धि, दिविलहरूका कार्यान्वयन)

नेपाल सरकारले दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा निजी क्षेत्रको भूमिकालाई अग्र स्थानमा राखे तापनि निजी क्षेत्रसँगको सहकार्यलाई गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमले समेट्न सकेको छैन । तसर्थ दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा निजी क्षेत्रको लगानी सुनिश्चित गर्न गण्डकी प्रदेश सरकारले विषेश रणनीति तय गर्न जरुरी छ ।

### २.३.१२ गण्डकी प्रदेशको राजस्व क्षमता र दिविल लगानीको आवश्यकता वीच खाडल

यस प्रदेशको आर्थिक वर्ष २०७७/७८ को यथार्थ खर्च रु. २५ अर्ब ६२ करोड ३४ लाख ३१ हजार र आर्थिक वर्ष २०७८/७९ को संशोधित अनुमान रु. २५ अर्ब ३४ करोड ६७ लाख रहेको छ। गण्डकी प्रदेशले आर्थिक वर्ष २०७९/८० का लागि कुल रु. ३५ अर्ब ९० करोढ ९० लाखको बजेट अनुमान गरेको छ। कुल अनुमानमध्ये गण्डकी प्रदेशको आन्तरिक श्रोतबाट रु. १९ अर्ब ३६ करोड ५८ लाख, संघीय सरकारबाट प्राप्त हुने अनुदान रु. १६ अर्ब २ करोड ७५ लाख र बैदेशिक सहयोग रु. ५१ करोड ५७ लाख रहने छ। कुल खर्च अनुमान मध्ये स्थानीय तहहरूका लागि कुल अनुदान रु.२ अर्ब ११ करोड १० लाख विनियोजन गरिएको छ।

दिगो विकास लक्ष्य हासिल गर्न गण्डकी प्रदेशलाई बार्षिक औषत **रु. २०४ अर्ब** आवश्यक पर्ने अनुमान छ। यसैगरी पञ्चबर्षीय योजनाले बार्षिक औषत **रु. २०२ अर्ब** खर्च गर्ने अनुमान

गरेको छ भने मध्यमकालीन खर्च संरचनाअनुसार बार्षिक औषतमा रु. ३१ अर्ब ५८ करोड खर्च हुने अनुमान गरेको छ । जबकी गण्डकी प्रदेशको गत दुई आर्थिक बर्ष (२०७५/७६ र २०७६/७७) को यथार्थ राजस्व (अनुदान समेत) संकलन बार्षिक औषत रु. २४ अर्ब ८७ करोड रहेको छ (तालिका ५) । कुल उपलब्ध स्रोतमध्ये यस प्रदेशको खर्च गर्ने क्षमता औषतमा करिब ७० प्रतिशतको हाराहारी रहेको छ । यस तथ्यका आधारमा गण्डकी प्रदेशको राजस्व परिचालनको वर्तमान क्षमता र दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी निर्माण भएको पञ्चबर्षीय योजनाले अनुमान गरेको लगानीको आवश्यकताबीचमा ठूलो खाडल रहेको छ। तसर्थ यति ठूलो लगानी परिचालनका लागि प्रदेश सरकारले सबै सरोकारवालाहरूलाई साथ लिएर अगाडी बढ्न सकेमात्र लगानी सुनिश्चित गर्न संभव हुने देखिन्छ । यसका लागि स्थानीय सरकार, सहकारी संस्था र निजी क्षेत्रसँगको साझेदारी अवधारणालाई व्यवहारमा ल्याई प्रादेशिक पूर्वाधारमा लगानी सुनिश्चित गर्न सक्नु पर्दछ । उद्योग बाणिज्य संघ कास्की, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश र गण्डकी प्रदेश पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट समेत निजी क्षेत्रबाट यस प्रदेशमा उद्योग व्यवसायमा भएको लगानीको डाटाबेश प्राप्त हुन नसकेका कारण निजी क्षेत्रको लगानीको विवरण विश्लेषण गर्न सकिएको छैन्। प्रदेश नीति तथा योजना आयोग, उद्योग बाणिज्य संघ तथा महासंघहरू र गण्डकी प्रदेश पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयबीचको सहकार्य र साझेदारीमा निजी क्षेत्रको लगानी र लगानीका क्षेत्रहरू सम्वन्धी डाटावेश तयार गर्न जरुरी छ। तालिका ६ मा प्रस्तुत विवरण अनुसार यस प्रदेशलाई सन् २०३० सम्म दिविल हासिल गर्न बार्षिक रुपमारु. २०४ अर्ब लगानी आवश्यक पर्नेमा प्रदेश सरकार, स्थानीय सरकार र सहकारी संस्थाहरूले गर्न सक्ने संभावित लगानी वाहेक बार्षिक रुपमा रु. ४७ अर्ब २७ करोड ९८ लाख ८७ हजार अपुग हुने देखिन्छ। उक्त रकम निजी क्षेत्रबाट लगानी हुन सक्दछ । तसर्थ निजी क्षेत्रको लगानी सुनिश्चित प्रदेश गर्न सरकारले आवश्यक पहल गर्न जरुरी छ ।

**तालिका ६: दिविलको लागि अनुमानित लगानी र प्रदेशको राजस्व क्षमता वीचको खाडल** (रकम रु. हजारमा)

| दिविल हासिल गर्न लाग्ने बार्षिक बजेट अनुमान | गण्डकी प्रदेशले बार्षिक रुपमा गर्न सक्ने संभावित लगानी (खर्च) | गण्डकी प्रदेश अन्तरगतका स्थानीय तहहरूको संभावित बार्षिक लगानी (खर्च) | सहकारी क्षेत्रको संभावित लगानी | दिविल प्राप्त गर्न न्यून हुन बजेट |
|---|---|---|---|---|
| २०४०००००० | ३१५८४५८० | ३६७५७४७२ | ८८३७८०६१ | ४७२७९८८७ |

नोटः *निजी क्षेत्रको लगानी सम्वन्धी डाटा उपलब्ध हुन नसकेको हुँदा यहाँ समावेश गरिएको छैन ।*

स्रोतः *गण्डकी प्रदेशको पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट पुस्तक ।*

## २.४ गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको वर्तमान अवस्था

### २.४.१ **गरिबीको अवस्था** (**लक्ष्य** १)

गण्डकी प्रदेशमा हाल १४.९१ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनी, २६.१ प्रतिशत मानवीय गरिबीको रेखामुनी र १४.२ प्रतिशत जनता बहुआयमिक गरिबीमा रहेका छन् । गरिबीको दर विगत वर्षहरूमा क्रमशः घट्दै गएको छ तथापी गरिब र धनीबीचको असमानता विद्यमान रहेको छ । यस प्रदेशको जिनी कोफिसियन्ट ०.३७ रहेको छ र यसले उपभोग र खपतमा उच्च असमानता रहेको दर्शाउँछ । यसर्थ गरिबी निवारणको लागि एकीकृत योजना, गरिब केन्द्रित नीति तथा कार्यक्रम र प्रतिफलको सघन अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### २.४.२ **कृषिको अवस्था** (**लक्ष्य** २)

गण्डकी प्रदेशमा कुल ३ लाख ७० हेक्टर खेतीयोग्य जमिन भएकोमा २ लाख ७२ हजार हेक्टरमात्र सिँचई योग्य रहेको छ । यसमध्ये हाल १ लाख ३७ हजार ८५० हेक्टर जमिन (३७.२६ प्रतिशत) मा मात्र सिँचाई सुविधा पुगेको छ । बर्षैभरी सिँचाइ सुविधा पुगेको जमिन ६९ हजार ३ सय १६ हेक्टर जमिन (१८.७३ प्रतिशत) रहेको छ । प्रदेशको विकास र समृद्धिको लागि निर्वाहमुखी कृषि प्रणालीको सट्टा तुलनात्मक लाभका कृषि उपजको व्यावसायीकरण र विविधीकरण गरी उत्पादकत्व र उत्पादन वृद्धि गरी जलवायुमैत्री र दिगो कृषिमा जोड दिनुपर्ने देखिन्छ । गण्डकी प्रदेशमा करिब ४४ प्रतिशत घरपरिवारमा आफ्नो उत्पादन तथा आम्दानीले ६ महिना मात्र खान पुग्ने र ६ प्रतिशत घरपरिवार उच्च खाद्य संकटमा रहेका छन् । त्यसैगरी ५ वर्ष मुनिका २९ प्रतिशत बालबालिका पुड्कोपना, ५.८ प्रतिशत बालबालिकामा ख्याउटेपना कायम रहेको र १५ प्रतिशत बालबालिका कम तौलका छन् भने ४६ प्रतिशत बालबालिकामा रक्तअल्पताको अवस्था छ ।

### २.४.३ **स्वाथ्य र आरोग्यताको अवस्था** (**लक्ष्य** ३)

आर्थिक वर्ष २०७७/७८ सम्म यस प्रदेश अन्तरगत १९ सरकारी अस्पताल, ७० निजी अस्पताल, २३ प्राथमिक स्वास्थ्य केन्द्र, ४९० स्वास्थ्य चौकी, ५६ आयुर्वेदिक औषधालय, ४२० आधारभूत स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य ईकाई, २९५६ अस्पताल शैया, प्रदेश स्तरका ३८ डाक्टर, ६५ नर्स/अ.न.मी., १६ आयुर्वेद चिकित्सक/कविराज, ४६ स्वास्थ्य सहायक/हे.अ., अ.हे.ब.) र ५९३९ महिला स्वास्थ्य स्वयमसेविकाहरू रहेका छन् । गण्डकी प्रदेश २०७५ भाद्र १३ गते पूर्णखोप प्रदेश रुपमा घोषणा भइसकेको छ । नेपालमा ५ वर्ष मूनिका बालबालिकाको मृत्युदर प्रतिहजार जीवित जन्ममा ३९ रहेकोमा गण्डकी प्रदेशमा

२७ प्रतिशत रहेको छ भने शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा नेपालमा २१ रहेकोमा यस प्रदेशमा १५ रहेको छ । यस प्रदेशमा संस्थागत प्रसुती दर ६९.९ प्रतिशत रहेको छ भने प्रजनन उमेरका महिलाको परिवार नियोजनको साधनको प्रयोग दर ३७ प्रतिशत रहेको छ। यस प्रदेशका महिलाहरूको प्रजनन् दर २ बच्चा रहेको छ। प्रदेशमा ३० मिनेटको यात्रामा स्वास्थ्य संस्थामा पहुँच प्राप्त जनसंख्या ४६.५ प्रतिशत रहेको छ। यस प्रदेका सबै ११ वटै जिल्लाहरूमा स्वास्थ्य बीमाको सेवा विस्तार भैसकेको छ। कोभिड-१९ महामारीका कारण यस प्रदेशका सबै जिल्लामा कुल १ हजार ४ सय ६६ जनाको मृत्यु भएकोमा सबैभन्दा बढी कास्की जिल्लामा ६ सय ४० जना र सबैभन्दा कम मनाङ जिल्लामा २ जनाको मृत्यु भएको थियो ।

### २.४.४ शिक्षाको अवस्था (लक्ष्य ४)

आर्थिक वर्ष २०७८/७९ सम्ममा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान ८.७ प्रतिशत रहेको छ। यस प्रदेशलाई २०७८ मा साक्षर प्रदेश घोषणा गरि सकिएको छ। यस प्रदेशको औसत साक्षरता प्रतिशत ९६.५७ प्रतिशत रहेको छ भने प्रदेश अन्तरगतका ११ वटै जिल्लाको साक्षरता दर ९५ प्रतिशतभन्दा उच्च रहेको छ । यस प्रदेशमा आ.व. २०७७/७८ मा छात्रा र छात्रको जम्मा खुद भर्नादर प्राथमिक तह (१ देखि ५ कक्षा) तहमा ९७.८ प्रतिशत, आधारभूत तह (१ देखि ८ कक्षा) मा ९७.० प्रतिशत र माध्यामिक तहको (९ देखि १२ कक्षा) मा ५२.७ प्रतिशत रहेको छ। साक्षरता दर ५ वर्ष माथिका उमेरको जनसंख्याको ७४.८ प्रतिशत र १५ वर्ष भन्दा माथिको उमेरका जनसंख्याको ५५.६ प्रतिशत रहेको छ। यस प्रदेशमा २ विश्व विद्यालय, १६ आंगिक क्याम्पस, ८३ सामुदायिक क्याम्पस तथा ५२ निजी गरी कुल १५३ उच्चशैक्षिक संस्थाहरू रहेका छन्। प्रदेशमा कुल ५२ धार्मिक विद्यालयहरूमध्ये १७ गुरुकुल, २५ गुम्बा विद्यालय तथा १० मदरसा रहेका छन्। यस प्रदेशमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सम्वन्धन प्राप्त गरी १०७ संस्थाहरू सञ्चालनमा रहेका छनु। ती मध्ये १२ आंगिक स्कुलहरू, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने ५६ संस्थाहरू, सम्बन्धन प्राप्त संस्थाहरू ३६ र बाँकी ३ सार्वजनिक निजी सामुदायिक साझेदारी अन्तर्गत सञ्चालित छन्।

### २.४.५ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण अवस्था (लक्ष्य ५)

नेपाल मानव विकास प्रतिवेदन, २०७७ अनुसार नेपालको महिला मानव विकास सूचांक ०.५४९ रहेको छ भने यस प्रदेशको लैङ्गिक विकास सूचांक ०.८९६ र लैङ्गिक असमानता सूचांक ०.४६० रहेको छ । आ.व. २०७५/७६ मा यस प्रदेशमा १५ देखि ४९ बर्ष उमेरका महिलाहरूको साक्षरता दर ८६.३ प्रतिशत रहेको छ। यस प्रदेशमा आफ्नो नाममा घरजग्गाको

स्वामित्व हुने महिला १२.३ प्रतिशत र जग्गाको मात्र स्वामित्व हुने महिला ८.९ प्रतिशत रहेका छन् । समग्रमा घरजग्गा जस्ता सम्पत्ति आफ्नो नाममा हुने महिलाको अनुपात २१.९ प्रतिशत रहेको छ। गण्डकी प्रदेशका ८५ स्थानीय तहमा निर्वाचित कुल ३,९३४ सदस्य तथा पदाधिकारी मध्ये ४१ प्रतिशत महिला निर्वाचित भएका छन्। त्यसैगरी ६० सदस्यीय प्रदेश सभा सदस्यमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ । छात्रा छात्र विद्यार्थी अनुपात प्राथमिक तहमा १.०३ र आधारभूत तहमा १.०४ पुगेको छ । यस प्रदेशमा १६.१ प्रतिशत बालबालिकाहरू श्रममा लाग्न वाध्य छन् । खतरापूर्ण क्षेत्रमा कार्यरत बालश्रमिक यस प्रदेशमा ३.१ प्रतिशत रहेका छन्। नेपाल जनस्वास्थ्य सर्वेक्षण २०१६ अनुसार यस प्रदेशमा अझैपनि ५ वर्ष मुनीका बालबालिकाहरूमा २९ प्रतिशत पुड्कोपना, ६ प्रतिशत ख्याउटेपना, १५ प्रतिशत कमतौल र ४६ प्रतिशत रक्तअल्पता रहेको छ ।

### २.४.६ **खानेपानी तथा सरसफाईको अवस्था** (लक्ष्य ६)

यस प्रदेशमा आधारभूत खानेपानीमा पहुँच पुगेका जनसंख्या ९३.७५ प्रतिशत रहेको छ । प्रदेश सरकारले घोषणा गरेको एक घर एक धारा खानेपानी उपलब्ध गराउने कार्यक्रम अन्तरगत हालसम्म ४ सय २२ सम्पन्न आयोजनाबाट ९३ हजार ८ सय १८ घरधुरीमा निजी धारा जडान भई ४ लाख ७१ हजार ६ सय ८२ जनसंख्या लाभान्वित भएका छन्। ५० प्रतिशत जनसंख्याले पाइपबाट वितरित खानेपानीको सुविधा प्रयोग गर्ने गरेका छन्। यस प्रदेशका ८१.४ प्रतिशत जनसंख्यामा शौचालयको सुविधा उपलब्ध रहेको छ ।

### २.४.७ **विद्युत तथा स्वच्छ ऊर्जाको अवस्था** (लक्ष्य ७)

जलस्रोतका दृष्टिले यो प्रदेश सम्पन्न प्रदेश हो। यस प्रदेशका अधिकांश नदीहरू उत्तरदेखि दक्षिणतर्फ बहने गरेका छन् । यो प्रदेश भएर बग्ने महत्वपूर्ण नदीहको लम्बाई २२०१५.१ वर्ग किलोमिटर रहेको छ। यस प्रदेशको विद्युत उत्पादन गर्ने संभावित क्षमता २० हजार ६ सय ५० मेगावाट रहेकोमा आर्थिक रूपले १२ हजार ९ सय ३० मेगावाट जलविद्युत उत्पादन गर्न सकिने देखिन्छ । उत्पादन संभावना हुँदाहुँदै पनि प्रविधि तथा पुँजीको अभावका हाल हाल ४४८.५ मेगावाट मात्र जलविद्युत उत्पादन भइएको छ । क्षमता यस प्रदेशमा राष्ट्रिय प्रसारण लाइन तथा नवीकरणीय उर्जामार्फत ९९.५ प्रतिशत घरपरिवारमा विद्युतको पहुँच पुगेको छ। प्रदेशमा उर्जा क्षेत्रमा हाल ३४ योजनाहरू कार्यान्वयनमा रहेका छन् । यस प्रदेशमा अझै पनि खाना पकाउने इन्धनको रुपमा दाउरा तथा गुइँठाको प्रयोग गर्ने घरपरिवार ६९.३ प्रतिशत रहेको छ। करिब एक चौथाई घरपरिवारले खाना पकाउन र कोठा तातो राख्न एल.पी. ग्यासको प्रयोग गर्ने गर्दछन् ।

### २.४.८ उद्योग तथा सम्मानजनक रोजगारी (लक्ष्य ८)

नेपाल श्रमशक्ति सर्वेक्षण, २०१९ अनुसार यस प्रदेशमा कुल १८ लाख ६८ हजार काम गर्ने उमेरका जनसंख्या रहेको छ । जसमध्ये पुरुष ७ लाख ७० हजार र महिला १० लाख ९८ हजार छन् । समग्रमा यस प्रदेशमा ९ प्रतिशतको हाराहारीमा बेरोजगारी रहेको छ ।

गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण २०७८/७९ को तालिका ५.२ अनुसार यस प्रदेश अन्तरगत सञ्चालनमा रहेका विभिन्न व्यवसायिक संस्थाहरू जस्तै कृषि, वन तथा मत्स्यपालन, खानी तथा खनिज, उत्पादनमूलक उद्योग, विद्युत, ग्याँस, पानी आपूर्ति, निर्माण, थोक तथा खुद्रा व्यापार, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवा, सूचना तथा सञ्चार, वित्तीय तथा बीमा क्रियाकलापहरू, घरजग्गा कारोबारको सेवा, पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू, प्रशासनिक तथा सहयोगी सेवा, शिक्षा, मानव स्वास्थ्य तथा सामाजिक कार्य, कला, मनोरञ्जन तथा अन्य सेवा लगायतका १,००,६८४ (१ लाख ६ सय चौरासी) संस्थाहरूले करिब ३,३२,४७२ (३ लाख ३२ हजार ४ सय ७२) जना ब्यक्तिहरूलाई प्रत्यक्षरुपमा रोजगारी प्रदान गरेको छ ।

यस प्रदेशमा ठूला तथा मझौला उद्योग ४६० वटा रहेका र यसबाट १८,२८६ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने १२,७२४ वटा घरेलु तथा लघु उद्यम रहेका र यसबाट ३६८९९ जनाले रोजगारी पाएका छन् । यस प्रदेशमा तारे र मझौला गरी ६५६ पर्यटकीय स्तरका होटेल तथा रिसोर्ट रहेका छन् । उक्त होटेल तथा रिसोर्टहरूमा ६९१४ वटा कोठा र १४,९५० शैया उपलब्ध रहेका छन् । यसैगरी यस प्रदेशमा ६८८५ साना होटेल तथा रेष्टुरेण्टहरू रहेका छन् । प्रदेशमा करिब १०० वटा होमस्टेहरू व्यवस्थित रुपमा सञ्चालनमा रहेका जसमा ६६७ कोठा र १३४० वटा शैया उपलब्ध रहेका छन् । यस प्रदेशमा ४ लाख वाह्य र ६ लाख आन्तरिक गरी वार्षिक १० लाख पर्यटकले भ्रमण गर्ने गरेका छन् । पर्यटन क्षेत्रले प्रदेशको गार्हस्थ उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा ८१ वटा स्थानीय तहमा लागु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट औसत बार्षिक ७३ दिन बराबर १४ हजार २ सय ७४ जनाले प्रत्यक्ष रुपमा रोजगारीमा संलग्न हुने अवसर प्राप्त गरेका थिए ।

आर्थिक वर्ष २०७७/७८ मा कोभिडका कारण वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या घटे तापनि आर्थिक वर्ष २०७८/७९ मा उक्त संख्या बढेर २०७८ को साउन महिनादेखि चैत्र महिनासम्मको तथ्यांक अनुसार यस प्रदेश अन्तरगतका ११ जिल्लाबाट ६७ हजार २ सय ३१ जना युवाहरू वैदेशिक रोजगारीका लागि गएको देखिन्छ । कुल वैदेशिक रोजगारीमा जाने युवाहरूमध्ये महिलाको संख्या ३ हजार ४ सय ४४ जना रहेको छ ।

## २.४.९ सडक तथा अन्य पूर्वाधारको अवस्था (लक्ष्य ९)

यस प्रदेशमा आर्थिक वर्ष २०७८/७९ सम्ममा कालोपत्रे सडक १४१७ किलोमिटर, ग्रावेल सडक ८१५ किलोमिटर र कच्ची सडक ५२२१ किलोमिटर गरी कुल सडक ७४५४ किलोमिटर रहेको छ। हाल पाँच वटा विमानस्थल रहेका छन् भने एक निर्माणाधीन अवस्थामा रहेको छ। प्रदेशमा एउटा केवलकार सञ्चालनमा रहेको छ । यस प्रदेशमा २०७२ मा सडकको घनत्व (किलोमिटर/वर्ग किलोमिटर) ०.०४ रहेकोमा वि.स. २०८० सम्म ०.१५ र वि.स. २०८७ मा ०.३२ पुऱ्याउने लक्ष्य रहेको छ।

## २.४.१० असमानता न्यूनीकरण (लक्ष्य १०)

वि.स.२०७२ को आधारवर्षमा जीवनभर शारीरिक तथा यौन हिंसा भएका महिलाहरूको १६.९ प्रतिशत रहेका छन् भने १५ देखि ४९ वर्षसम्मका ४.९ प्रतिशत महिलाहरूले यौन हिंसा अनुभव गरेका छन्। श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात ७४ रहेको छ। २० वर्ष भन्दा अगावै बालविवाह गर्ने चलन गण्डकी प्रदेशमा अन्य सबै प्रदेशहरू भन्दा धेरै कम छ। यस प्रदेशमा जनसङ्ख्याको तल्लो ४० प्रतिशतको कुल आयमा हिस्सा केवल ७.८ प्रतिशत रहेको छ र यो क्षेत्रमा केही उल्लेखनीय उपलब्धी हासिल हो भने कम्तीमा पनि २२ प्रतिशतले बढाएर कुल आयको ३० प्रतिशतमा ल्याउनुपर्छ। यसलाई प्रदेश सरकारले प्राथमिकता दिएर कार्यान्वयन गरिहेको छ।

## २.४.११ शहरीकर(ा तथा आवासको अवस्था (लक्ष्य ११)

यस प्रदेशमा कुल ८५ वटा स्थानीय तहहरूमध्ये शहरी क्षेत्र ओगटेको १ महानगरपालिका र २६ नगरपालिकाहरू रहेका छनु भने ग्रामिण क्षेत्र ओगटेका ५८ गाउँपालिकाहरू रहेका छनु । यस प्रदेशको ग्रामीण क्षेत्र (गाउँपालिका) मा ३९ प्रतिशत र नगर तथा शहर क्षेत्र (नगरपालिका) मा ६१ प्रतिशत जनसंख्या बसोबास गर्दछन् । तसर्थ यस प्रदेशको अधिकांश क्षेत्रहरूलाई शहरीकरण गर्न सकिएको छैन्। बुर्तीवाङ, वाग्लुङ र डुम्रेमा नयाँ शहररहरू निर्माण गर्न सकिएको छैन् । सडकको गुणस्तरमा सुधार, ढल निकासको व्यवस्थापन, दिगो फोहर व्यवस्थापन जस्ता कार्यहरू गर्न अझै चूनौती रहेको छ। तसर्थ यस प्रदेशको ग्रामीण तथा शहरी दुबै क्षेत्रको विकासलाई जोड् दिनु पर्दछ।

## २.४.१२ जिम्मेवार उपभोग तथा उत्पादन (लक्ष्य १२)

गण्डकी प्रदेशमा श्रमिक वर्गका रूपमा मानिने १५ देखि ५९ वर्ष उमेरको जनसङ्ख्या करिव ५६.९ प्रतिशत रहेको छ । उनीहरूलाई कृषि र औद्योगिक क्रियाकलापहरूमा संलग्न

गराएर प्रदेशले जनसाङ्ख्यिक लाभको फाइदा लिन सक्ने देखिन्छ । प्रदेश सरकारले परिकल्पना गरेको समृद्धि हासिल गर्न स्वास्थ्य र शिक्षाका साथै सीप विकासलाई संरचनागत रूपान्तरणको आवश्यकता रहेको छ ।

### २.४.१३ **जलवायु कार्य** (**लक्ष्य** १३)

गण्डकी प्रदेशका हिमाली जिल्लाहरूमा तापक्रम वृद्धि अत्यधिक र मध्य पहाडी जिल्लाहरूमा मध्यम र तल्लो तटीय क्षेत्र तथा समथर भू-भागमा रहेका जिल्लाहरूमा केही कम देखिन्छ । जिल्लागत आधारमा अधिकतम औसत तापक्रम मनाङमा ०.१ देखि ०.३ डिग्री सेल्सियसले बृद्धि भइरहेको छ । मनाङ जिल्ला नेपालकै सबैभन्दा बढी तापक्रम वृद्धि भइरहेको जिल्लामा पर्दछ ।

जलवायु परिवर्तनको असर सम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७४ का अनुसार ८४.६ प्रतिशत घरपरिवारले वर्षा हुने समय पछाडि धकेलिएको साथै ८६ प्रतिशत घरपरिवारले खडेरी बढिरहेको बताएका छन् । त्यस्तै ७०.३ प्रतिशत घरपरिवारले अन्नबालीमा नयाँ रोग आएको र ८४.५ प्रतिशत घरपरिवारले पानीको मुहान सुक्दै गैरहेको बताएका छन् ।

मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन परिषद् र आन्तरिक मामिला मन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति भएको छ । हाल यस प्रदेशमा विपद् को समयमा निर्णय प्रक्रियामा शिघ्रता ल्याएको छ । प्रदेशको विपद् जोखिम क्षेत्रको पहिचान र वैज्ञानिक नक्सांकन गर्ने कार्य सम्पन्न भैसकेको छ। विपद् व्यवस्थापनलाई व्यस्थित र प्रभावकारी बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना २०७७/७८ तयार भएको छ । यसले खोज, उद्धार र राहत कार्यमा प्रभावकारिता आएको छ । यस प्रदेशमा विपद् का कारण मृत्य भएका, हराएका तथा घाइते भएको संख्या प्रति एक लाख जनसंख्यामा ०.००१ जना रहेको छ (राष्ट्रिय योजना आयोग, २०७२) ।

### २.४.१४ **वन तथा वातावरण** (**लक्ष्य** १४)

गण्डकी प्रदेशको कुल क्षेत्रफल मध्ये ८१४६ वर्ग किलोमिटर अर्थात ३७.८ प्रतिशत भू-भाग वनजङ्गलले ढाकेको छ भने ९.६ प्रतिशत भू-भाग बुट्यानले ढाकेको छ र वन तथा हरियालीले ढाकेको क्षेत्र ४७.४ प्रतिशत रहेको छ । यस प्रदेशको कुल वन क्षेत्र मध्ये ३१.९ प्रतिशत वन क्षेत्र सामुदायिक वनले ढाकेको छ । प्रदेशमा हालसम्म ३,९५२ सामुदायिक वन उपभोक्ता समूह गठन गरी समुदायलाई हस्तान्तरण गरिएको छ । १,११९ वटा कबुलियत वन (५,३२१ हेक्टर अर्थात ०.६५ प्रतिशत) क्षेत्र कबुलियती वनको रुपमा व्यवस्थापन भएको छ । यसैगरी गण्डकी प्रदेश नेपालको सबैभन्दा बढी संरक्षित क्षेत्र भएको प्रदेशको रुपमा रहेको छ । यस प्रदेशभित्र चितवन राष्ट्रिय निजुञ्जको मध्यवर्ती क्षेत्र, अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्र

र ढोरपाटन शिकार आरक्ष, पञ्चासे संरक्षण वन र रानीवन विश्व वगैचा ६ वटा संरक्षित क्षेत्र, वन तथा पार्क क्षेत्र पर्दछन् । समष्टिगत रूपमा हेर्दा प्रदेशको वन व्यवस्थापन संरक्षणमुखी छ र अर्थोपार्जनमुखी हुन सकेको छैन । आगामी वर्षहरूमा वन व्यवस्थापनले संरक्षण र अर्थोपार्जन दुवैलाई सन्तुलित रुपमा अगाडि बढाई प्रदेशको समृद्धिमा सघाउ पुऱ्याउने तर्फ नीतिगत, कानूनी तथा कार्यक्रमगत रुपमा कार्य गर्नुपर्ने देखिन्छ ।

### २.४.१५ शान्ति, न्याय र सबल संस्था (लक्ष्य १५)

यस प्रदेशमा २०७८ साल चैत्र मसान्तसम्म २ विषयमा नीति, १० विषयमा ऐन, ९ विषयमा नियमावली र १६ विषयमा कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा भई कार्यान्वनयमा रहेका छन् । यस प्रदेशमा प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा, ११ मन्त्रालय, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग र प्रदेश लोक सेवा आयोग समेत २ आयोग, ५ निर्देशनालय, १४४ डिभिजन, सबडिभिजन र कार्यालयहरू सञ्चालनमा रहेका छन् ।

### २.४.१६ दिगो विकास लक्ष्यका लागि साझेदारी (लक्ष्य १७)

यस प्रदेशलाई दिगो विकास लक्ष्यहरू हासिल गर्न वार्षिक रूपमा रु. २०४ अर्ब स्रोतको आवश्यक पर्ने अनुमान गरिएको छ। गण्डकी प्रदेश सरकारले निजी, सामुदायिक तथा गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्नेछ । दिगो विकास लक्ष्यलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय विकासको केन्द्रमा राख्न राष्ट्रिय सहमति आवश्यक छ ।

## २.५ दिगो विकास लक्ष्य कार्यान्वयनको नीतिगत तथा संस्थागत व्यवस्था

### २.५.१ प्रमुख नीतिगत व्यवस्थाहरू

गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि हालसम्म तर्जुमा गरिएका मन्त्रालय र नीति तथा योजना आयोग अन्तरगत मुख्य मुख्य नीतिगत तथा कानूनी व्यवस्थाहरू देहायबमोजिम रहेका छन् ।

**(क) पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति क्षेत्र**

१. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५,
२. बजार अनुगमन नियमावली, २०७६,
३. प्राईभेट फर्म दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८
४. होमस्टे क्षमता अभिबृद्धि सशक्तीकरण तथा पूर्वाकार कार्य सञ्चालन कार्यविधि, २०७६
५. होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**(ख) शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

१. गण्डकी प्रदेश शिक्षा नीति, २०७८
२. गण्डकी प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८
३. प्रदेश खेलकुद विकास ऐन, २०७७
४. गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६
५. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६
६. गण्डकी विश्व विद्यालयको स्थापना, व्यवस्थापन सञ्चालन ऐन, २०७६
७. गण्डकी प्रदेशको खेलकुद विकास नियमावली, २०७८
८. बालक्लव गठन तथा परिचालन मापदण्ड, २०७८
९. प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम मापदण्ड, २०७८
१०. महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधी, २०७७
११. सडक आश्रित सहयोगापेक्षी मावन उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८
१२. प्रादेशिक पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड, २०७८
१३. एक स्थानीय तह एक खेलमैदान/रंगशाला निर्माण सम्बन्धी मापदण्ड, २०७७
१४. एक शिक्षण संस्था एक उद्यम कार्यान्वयन ढाँचा, २०७८
१५. एक शैक्षिक संस्था एक उद्यम कार्यविधि, २०७६

**(ग) अर्थ मन्त्रालय**

१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
२. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि,२०७७
३. कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका,२०७५ (पहिलो संशोधन २०७८)
४. खर्चको मापदण्ड, २०७५
५. वित्तीय जोखिम न्यूनीकरण तथा मूल्याङ्कन कार्यविधि,

**(घ) भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**

१. प्रदेश सवारी तथा यातायात सम्बन्धि व्यवस्था गर्न बनेको ऐन, २०७७
२. गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

३. जलस्रोत तथा सिँचाई योजना कार्यान्वयन कार्यविधि, २०७५
४. जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
५. साझेदारी सडक निर्माण सम्वन्धि कार्यविधि, २०७५
६. सडक तथा सडक पुल वर्गीकरण अनुसारको मापदण्ड, २०७७
७. बहूउद्देश्यीय सभाहल निर्माण सम्बन्धी कार्यविधी, २०७५
८. घरेलु सौर्य ऊर्जा प्रविधि जडान सम्बन्धी कार्यविधि, २०७५
९. काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५

**(ङ) भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

१. गण्डकी प्रदेश खाद्य परिषद् (गठन तथा सञ्चालन) आदेश, २०७८
२. प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७
३. प्रदेश दुग्घ विकास वोर्ड ऐन, २०७५
४. गण्डकी प्रदेश सहकारी ऐन, २०७५
५. गण्डकी प्रदेश सहकारी नियमावली, २०७६
६. सहकारी संघ, संस्था अनुगमन, मूल्यांकन तथा नियमन कार्यविधि, २०७६
७. मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
८. पाडी/बाच्छा हुर्काउन प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
९. पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७८)
१०. दुग्ध विकास वोर्ड सञ्चालन निर्देशिा, २०७५
११. जग्गा एकिकरण तथा वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
१२. कृषकसँग कृषि मन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
१३. कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७६)

**(च) प्रदेश नीति तथा योजना आयोग**

१. गण्डकी प्रदेशको स्थिति पत्र, २०७५
२. प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन, २०७५
३. दिगो विकास लक्ष्यहरू आधार तथ्याङ्क प्रतिवेदन, २०७६
४. प्रथम पञ्चवर्षीय योजना, आधारपत्र, २०७६
५. प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१)
६. प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७७
७. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७

८. मध्यमकालीन खर्च संरचना (२०७८/७९-२०८०/८१)

९. गण्डकी प्रदेश दिगो विकास लक्ष्यको आधार तथ्यांक प्रतिवेदन, २०७६

**(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

१. गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८

२. सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६

३. खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५

**(ज) युवा तथा खेलकुल मन्त्रालय**

१. प्रदेश खेलकुद  विकास ऐन, २०७७

२. गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८

३. उद्यमी युवा समृद्ध प्रदेश निर्माणमा टेवा कार्यक्रम सम्वन्धी मापदण्ड?., २०७८

४. गण्डकी प्रदेश विकास स्वयम सेवक परिचालन कार्यविधी, २०७८

**(झ) वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय**

१. प्रदेश वातावरण संरक्षण ऐन, २०७६

२. ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५

३. वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५

**(ञ) कानून, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालय**

१। प्रदेश सुशासन ऐन, २०७६

**२.५.२ संस्थागत व्यवस्था**

प्रदेशको नीति निर्माण र योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक र पारदर्शी बनाउन गण्डकी प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०७४ जारी गरी २०७५ श्रावण ६ गते नीति तथा योजना आयोग गठन गरेको छ । नीति निर्माण, योजना तर्जुमा तथा दिगो विकास लक्ष्यको कार्यान्वयन सम्बन्धमा आयोगको प्रमुख जिम्मेवारीहरू देहायअनुसार रहेका छन्ः

(क) प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासन लगायतका प्रदेशको अधिकार क्षेत्रका विषयमा नीति तथा रणनीतिक योजना तर्जुमा गर्ने,

(ग) अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न

क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(घ) प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गराउने,

(ङ) प्रदेश र स्थानीय तहमा दिगो विकास लक्ष्यको कार्यान्वयन र स्रोत परिचालन तथा प्रगति मापन कार्यहरू गर्ने ।

दिगो विकास लक्ष्य कार्यान्वयन गर्नका लागि गण्डकी प्रदेशले निम्नानुसारको संस्थागत संरचनाको गठन गरेको छ ।

**क. दिगो विकास लक्ष्य निर्देशक समिति**

दिगो विकास लक्ष्यसँग सम्बन्धित प्रदेश नीति, योजना, कार्यक्रम तथा आयोजनाको लागि स्रोत व्यवस्थापन, समन्वय, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन सम्बन्धमा मार्गदर्शन गर्ने प्रयोजनार्थ माननीय मुख्यमन्त्रीको संयोजकत्वमा एक उच्चस्तरीय दिगो विकास लक्ष्य निर्देशक समितिको व्यवस्था गरिएको छ । मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयको शासकीय सुधार तथा समन्वय महाशाखाले यस समितिको सचिवालयको रुपमा काम गर्नेछ । गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न नीतिगत निर्देशन र स्रोतको व्यवस्था गर्नु निर्देशक समितिको प्रमुख कर्तव्य हुने व्यवस्था छ ।

**ख. प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति**

दिगो विकास लक्ष्यसँग सम्बन्धित प्रदेश नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा एक प्रदेश स्तरीय दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्याङ्कन समितिको गठन गरिएको छ। प्रदेश नीति तथा योजना आयोगको सचिवालयले यस समितिको सचिवालयको रुपमा कार्य गर्नेछ । दिगो विकास लक्ष्य कार्यान्वयनको लागि सार्वजनिक, निजी, सामुदायिक क्षेत्रबीच समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नु यस समितिको प्रमुख कर्तव्य रहेको छ ।

**ग. प्रदेश दिगो विकास लक्ष्य अनुगमन तथा मूल्याक्तन समिति**

गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्न प्रदेश नीति तथा योजना आयोगका सदस्यको संयोजकत्वमा आर्थिक क्षेत्र अनुगमन तथा मूल्याङ्कन समिति, भौतिक पूर्वाधार क्षेत्र अनुगमन तथा मूल्याङ्कन समिति तथा सामाजिक क्षेत्र

अनुगमन तथा मूल्याङ्कन समितिको व्यवस्था गरिएको छ। आर्थिक क्षेत्रसँग सम्बन्धित समितिले दिगो विकास लक्ष्य १, २, ८ र १२ र पूर्वाधार विकास समितिले ६, ७, ९, ११, १३ र १५ र सामाजिक क्षेत्रसँग सम्बन्धित समितिले दिगो विकास लक्ष्य ३, ४, ५, १० र १६ र १७ सम्बन्धी अनुगमन तथा प्रगतिको कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने र प्रगति विवरण तयार गर्ने व्यवस्था गरिएको छ।

अनुगमन तथा मूल्याङ्कन समितिको मुख्य काम दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय तथा अन्य निकायका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्नु र दिगो विकास लक्ष्य निर्देशक समितिले आवश्यक राय सुझाव दिने रहेको छ।

**घ. स्थानीय तह दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्याक्तन समिति**

स्थानीय तहकमा दिगो विकास लक्ष्यसँग सम्बन्धित नीति, योजना, कार्यक्रम र आयोजनाका लागि स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धमा समन्वय गर्ने प्रयोजनार्थ स्थानीय सरकारको प्रमुख/अध्यक्षको अध्यक्षतामा एक दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्याङ्कन समिति रहने व्यवस्था गण्डकी प्रदेश सरकारबाट जारी प्रदेश तथा स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा गरिएकोछ।

## २.६ दिगो विकास लक्ष्यको आन्तरिकीकरण

नेपाल दिगो विकास लक्ष्य कार्यान्वयन गर्न हस्ताक्षर गर्ने अग्रणी राष्ट्र हो। तसर्थ दिगो विकास लक्ष्यको स्थानीयकरण विना दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धता संघीय सरकार एक्लैबाट संभव हुदैन। यसका लागि प्रदेश सरकार र स्थानीय तहहरूको योजना तर्जुमा प्रक्रियामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण र स्थानीयकरण गर्नु अपरिहार्य आवश्यकता छ। तसर्थ प्रदेश सरकार र स्थानीय तहको तत्परता, संवेदनशिलता र जिम्मेवारीवोधबाट मात्रै संघले तय गरेको दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न सम्भव हुन्छ। दिगो विकास लक्ष्य कार्यान्वयनको संघीय प्रारुपलाई आत्मसात् गर्दै प्रदेश सरकार तथा स्थानीय तहहरूले आआफ्ना क्षेत्रको समष्टिगत विकासका लागि आवश्यक आवधिक, बार्षिक र रणनीतिगत विषय क्षेत्रका विकास योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ।

## २.७ गण्डकी प्रदेशको दिगो विकास लक्ष्यमा प्राप्त उपलब्धीहरू

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य हासिल गर्न देहायअनुसारका कार्यहरू गरेको छ।

१. प्रदेश मन्त्रालयको लैङ्गिक सशक्तीकरण (Gender Empowerment) परीक्षण अवधारणा पत्र, कार्यशर्त र सूचकको मस्यौदा तयारी गरेको,
२. हालसम्म ५५,५८५ वटा उद्योग तथा ५४,९८३ वटा व्यापार व्यावसाय दर्ता भएको,

३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट नयाँ उद्यमी सिर्जना गर्ने तथा प्रविधि सहयोग प्रदान गरिदै आएको,
४. पोखरा महानगरको ३३ नम्बर वडाको पुँडीटार र नवलपुरको लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालनार्थ जग्गा प्राप्तिका लागि पहल भै रहेको,
५. एक स्थानीय तह एक उद्योग ग्रामको नीति अनुरुप २३ वटा स्थानीय तहमा नेपाल सरकारले उद्योग ग्राम घोषणा गरेको र उक्त उद्योग ग्रामहरूमा पूर्वाधार निर्माणका कार्यहरू अगाडी बढेको,
६. पोखराबाट भैरहवा, भरतपुर, सिमरा र नेपालगञ्ज जोड्ने उद्देश्यले नियमित हवाईउडान सुरु गरिएको,
७. प्रदेशको पर्यटन प्रवर्द्धन गर्न Glorious Gandaki पर्यटकीय Brand तयार गरी टेलिभिजन, एफएम रेडियो, छापा र अनलाईन मिडियामार्फत प्रचारप्रसार गरिएको,
८. गण्डकी प्रदेशका हिमालयहरूको प्रोफाईल तयार गरिएको,
९. फेवाताल सौन्दर्यीकरणका लागि ताल वरपर फुटट्रेल निर्माण गरिएको,
१०. भ्रस्टाचार विरुद्धको कार्ययोजना बनाउने तयारीमा रहेको,
११. सचिवस्तरीय बैठकमा दिगो विकास लक्ष्यको प्रगति समीक्षा गर्ने गरिएको,
१२. प्रगति समीक्षा गर्दा दिगो विकास लक्ष्यको विषयलाई प्राथमिकता राखिएको,
१३. सामाजिक उत्तरदायित्व कार्यविधि तर्जुमा भई कार्यान्वयनमा रहेको,
१४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दिग्दर्शन तयार भएको,
१५. प्रदेश शिक्षा नीतिले दिगो विकास लक्ष्यलाई आधार मानी तयार भएको,
१६. शिक्षा क्षेत्र विकास योजना, २०७८ तयार भैसकेको र अनुमोदन हुन बाँकी रहेको,
१७. आयोजना तथा कार्यक्रमको अनुगमनलाई जिल्लागत रुपमा परामर्श गर्ने र नतिजामूलक बनाउने प्रणाली शुरु गरिएको,
१८. प्रदेश स्तरमा Doing Business Study (DBS) गरी निजी क्षेत्रको लगानी प्रवर्द्धनमा सहजीकरण गरिएको,
१९. कोरोनाबाट थला परेका साना उद्यम व्यवसायलाई पुनर्स्थापना गर्न जीवन रक्षा कोषको व्यवस्था गरी यसलाई नयाँ उद्यम व्यवसाय विकासमा समेत परिचालन गर्ने गरी कार्यविधि परिमार्जन गरिएको ।
२० कृषि तथा पर्यटनलाई यस प्रदेशको अग्रणी क्षेत्रको रुपमा विकास गर्न सो अनुसार नीति, कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने प्रयास गरिएको ।

## २.८ दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रदेश सरकारको प्राथमिकता

दिगो विकास लक्ष्यहरू व्यापक, महत्वकांक्षी र चूनौतीपूर्ण छन् । सन् २०३० भित्र यी लक्ष्यहरू प्राप्त गर्नका लागि पर्याप्त वित्तीय स्रोत तथा मानवीय क्षमताको आवश्यकता पर्दछ। आधारभूत आर्थिक र सामाजिक सेवामा विश्वव्यापी पहुँच, असमानताको न्यूनीकरण र उत्पादन र उपभोगमा संरचनात्मक परिवर्तन गर्ने कुरा एक आर्दशका रुपमा लिईन्छ । तर यी क्षेत्रमा आशातीत उपलब्धी हासिल गर्नका लागि आधारभूतरुपमा नीतिगत परिवर्तन र अभूतपूर्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग सुनिश्चित हुनु पर्दछ। यसका लागि प्रदेश तथा स्थानीय सरकारहरूले पनि यसलाई पूर्णरुपमा आत्मसात् गर्नु पर्दछ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि प्रदेश सरकारले निम्नलिखित क्षेत्रमा काम गर्नुपर्ने हुन्छ :

१. आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक र वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यहरूलाई एकीकृत गरी मूलप्रवाहीकरण गर्ने,
२. दिगो विकास लक्ष्यका सूचकहरूको प्राथमिकता तय गर्ने,
३. लक्षित समुदायको तहसम्म कार्यक्रम पुर्‍याउने,
४. पर्याप्त वित्तीय स्रोतको परिचालन गर्ने र वित्तीय न्यूनता परिपूर्ति गर्ने,
५. क्षमता विकासमा जोड दिने,
६ सुशासन सहितको सेवा प्रवाह गर्ने प्रणालीलाई चुस्त र दुरुस्त बनाउने,
७. अनुगमन तथा मूल्यांकन र तथ्यांक प्रणालीलाई चुस्त बनाउने ।

## २.९ बार्षिक योजना, विषयगत नीति तथा र(ानीतिसँग दिगो विकास लक्ष्यको तादात्म्यता

### २.९.१ बार्षिक योजना

गण्डकी प्रदेशको आर्थिक बर्ष २०७८/७९ को बजेट बक्तब्यले सुशासन, विकास र समृद्धि हासिल गर्नका लागि सार्वजनिक खर्चमा पारदर्शिता, मितब्ययिता र उत्तरदायित्व कायम गरी सरकारी खर्चको उपादेयता बढाउने र आर्थिक-सामाजिक तथा भौतिक पूर्वाधारहरूको विकास तथा निर्माणलाई तीब्रता दिने उद्देश्य तय गरेको छ। कोरोना महामारीका कारणले स्वदेश तथा विदेशमा रोजगारी गुमाएका बेरोजगार नागरिकलाई रोजगारीको अवसर सिर्जना गर्ने, स्वास्थ्य पूर्वाधारको विकास तथा विस्तार र दक्ष जनशक्तिहरूको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सृदृढीकरण गर्ने, कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति गर्ने, सार्वजनिक, सहकारी र निजी क्षेत्रमा उपलब्ध स्रोत र साधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवम् उत्थानशील अर्थतन्त्र निर्माण गर्ने गरी बार्षिक योजनाले प्राथमिकता तोकेको छ ।

शिशु, बालबालिका, किशोरी, अपांगता भएका ब्यक्ति र गर्भवतीको पोषण स्थितिमा सुधार ल्याउन **बहुक्षेत्रीय पोषण सुधार** कार्यक्रमलाई निरन्तरता दिने, सक्षम महिलाः समानान्तर पाईला

कार्यक्रममार्फत सबै प्रकारका हिंसा अन्त्य गर्ने, सीप, दक्षता र रोजगारीः युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी कार्यक्रम, उद्यमी युवाः समृद्ध प्रदेश निर्माणमा टेवा कार्यक्रम, बाझो एवम खेतीयोग्य जमिनको चक्लावन्दी कार्यक्रम, एक सहकारी एक उत्पादन कार्यक्रम, एक निर्वाचन क्षेत्र-एक पर्यटन गन्तब्य कार्यक्रम, दिगो बन व्यवस्थापन कार्यक्रम, एकीकृत नमूना प्रशासनिक केन्द्र, आधारभूत खानेपानी कार्यक्रम तथा एक घर-एक धारा खानेपानी कार्यक्रम, सूचना प्रविधि पार्क र सञ्चारग्राम, प्रशासनिक खर्चमा मितव्ययीता, विद्युतीय सुशासन गुरुयोजना तर्जुमा, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिहरू प्रदेश सरकारले अवलम्बन गर्ने प्रतिवद्धता बजेट बक्तव्यमार्फत जाहेर भएको छ ।

### २.९.२ नीति तथा रणनीति

पूर्वाधार विकास, उत्पादनमुखी र गरिबी निवारणका कार्यक्रमलाई जोड दिने, राजस्व प्रणालीलाई न्यायपूर्ण, पारदर्शी र प्रविधिमा आधारित बनाई आन्तरिक आयलाई प्रदेशको आम्दानीको मूल आधारको रुपमा विकास गर्ने, अनावश्यक फजुल खर्च रोक्ने, आर्थिक पारदर्शिता तथा वित्तीय उत्तरदायित्व कायम गर्ने, स्रोतको दिगो परिचालन र लगानीको वातावरण निर्माण गर्ने, आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिबृद्धि गर्ने, स्थानीय तहको केन्द्र जोड्ने उद्देश्यले एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमलाई निरन्तरता दिने, 'एक घर एक धारा' कार्यक्रमलाई निरन्तरता दिने, उज्यालो गण्डकी प्रदेश र काठेपोल विस्थापन कार्यक्रमलाई निरन्तरता दिने, दक्ष जनशक्ति उत्पादनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा जोड दिदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउने, मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रमलाई निरन्तरता दिने जस्ता नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिदै आएको छ ।

यसैगरी, सहकारी क्षेत्रको क्षमता अभिबृद्धि, नियमन तथा व्यवस्थापन गर्ने, पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने, प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिने, गण्डकी प्रदेशलाई पर्यटन हव र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रुपमा विकास गर्ने, आन्तगरिक पर्यटन वर्ष घोषणा गरी कार्यक्रम सञ्चालन गर्ने, पोखरालाई फिल्म सिटी र विशेष पर्यटन क्षेत्रको रुपमा विकास गर्ने, एक वडा एक नमूना व्यावसायिक कृषि कार्यक्रम र एक पालिका एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने, एक पालिका एक शीत भण्डार, एक पालिका एक कृषि बजार, 'एक वडा एक कृषि उपज संकलन केन्द्र 'कार्यक्रमको निरन्तरता दिने, अर्गानिक कृषि उपज प्रमाणीकरण प्रयोगशाला स्थापना गर्ने, युवा लक्षित व्यावसायिक कृषि तथा पशुपंक्षी तालिम कार्यक्रमलाई निरन्तरता दिने, प्रदेश सिँचाई गुरु योजना तयार गर्ने, एक सहकारी एक उत्पादन, एक स्थानीय तह एक उद्योग ग्राम, जनता आवास कार्यक्रम, पूर्ण साक्षरता प्रदेश, गण्डकी विश्व विद्यालय स्थापना र सञ्चालन, लैङ्गिक हिंसा तथा सामाजिक

कुरीति विरुद्धको अभियान, स्वास्थ्य वीमा कार्यक्रम, स्वास्थ्य नीति, प्रदेश परियोजना बैंक स्थापना गर्ने, भ्रष्टचार गर्दिनः गर्न पनि दिन्न, एक गाउँ एक पोखरी अभियान, गरी बार्षिक रुपमा गण्डकी प्रदेशले नीति तथा कार्यक्रम ल्याउने गरेको छ । सोही आधारमा सबै मन्त्रालयहरूले बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने गरेका छन् ।

गण्डकी प्रदेशले तयार गरेको प्रथम पञ्चवर्षिय योजना (आ.व. २०७६/७७-२०८०/८१), मध्यमकालीन खर्च संरचना (आ.व. २०७८/७९-२०८०/८१), दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रतिवेदन, प्रदेश तथा स्थानीय तहको अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७७, शिक्षा क्षेत्र विकास योजना आदि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष रुपमा आवद्ध तथा एकीकृत भएका छन र दिगो विकास लक्ष्य स्थानीयकरणतर्फ लक्षित रहेका छन । गण्डकी प्रदेशको शिक्षा क्षेत्र विकास योजना दिगो विकास लक्ष्यका सूचकहरू, पन्धौ योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको सोच, लक्ष्य र उद्देश्यहरूलाई समेत ध्यानमा राखि तयार गरिएको छ ।

गण्डकी प्रदेशले तयार गरेको दिगो विकास लक्ष्यको आधार तथ्यांक प्रतिवेदन, २०७६ ले दिगो विकासका १७ वटा लक्ष्य र परिमाणात्मक लक्ष्यहरूको स्पष्टरुपमा विश्लेषण गरेको छ । गण्डकी प्रदेशको योजना तथा बजेट निर्माणमा दिगो विकास लक्ष्यको स्थानीयकरणका सन्दर्भमा गण्डकी प्रदेशले विकासका एजेण्डालाई नीतिमार्फत अर्थतन्त्र, समाज र वातावरण गरी तीन वटा आयामहरूलाई अघि बढाउने प्रतिवद्धता ब्यक्त गरेको छ । साथै, एउटा लक्ष्यको प्राप्तिले कसरी अर्को लक्ष्यलाई प्रभावित गर्छ भन्ने कुरालाई समेत ध्यानमा राखी जनता, समृद्धि, पृथ्वी, शान्ति र साझेदारीको समुह छुट्याएर दिगो विकास लक्ष्यलाई वर्गिकरण गरेको छ । यसैगरी दिगो विकास लक्ष्य हासिल गर्न पूर्वाधार, कृषि र सिँचाई, ऊर्जा र उद्योग तथा शिक्षा र नवप्रवर्तनका क्षेत्रमा रुपान्तरणकारी कार्यक्रम/आयोजनाहरू समेत पहिचान गरेको छ। यसैगरी आधार तथ्यांक प्रतिवेदन, २०७६ ले दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूको आधार तथ्यांक र सन् २०३० सम्मको गन्तव्य तय गरेको छ । तर, गण्डकी प्रदेशको शिक्षा नीतिमा दिगो विकास लक्ष्यको सन्दर्भलाई समेटेको देखिदैन । तथापि, अप्रत्यक्ष रुपमा दिगो विकास लक्ष्य, नतिजा र सूचक सम्वन्धमा नीतिगत ब्यवस्था भने गरेको छ । आर्थिक वर्ष २०७८/७९ को बजेट बक्तव्यमा दिगो विकास लक्ष्यको सन्दर्भ परेको छैन । गण्डकी प्रदेशको स्वास्थ्य नीति, २०७८, पञ्चवर्षिय योजनाको सोच, लक्ष्य र उद्देश्यहरूलाई समेत ध्यानमा राखी तयार गरिएको छ ।

### २.९.३ मध्यमकालीन खर्च संरचना र बार्षिक बजेटबीचको तालमेल

गण्डकी प्रदेशको आ.व. २०७८/७९ को मध्यमकालीन खर्च संरचना अनुसार दिगो विकास लक्ष्य प्राप्ति गर्नका लागि गरेको खर्चको अनुमान र आर्थिक वर्ष आ.व. २०७८/७९ को बार्षिक बजेटको तुलना गर्दा समानता देखिदैन । सांकेतिकरण नगरिएको शीर्षक अन्तरगत मध्यमकालीन खर्च संरचनाको तुलनामा बार्षिक बजेट विनियोजन करिब १२०६ प्रतिशतले अधिक देखिन्छ । त्यसैगरी सबै प्रकारका गरिबीको अन्त्य (दिगो विकास लक्ष्य १) शीर्षक अन्तरगत मध्यमकालीन खर्च संरचनाको तुलनामा बार्षिक बजेट विनियोजन ९५.१७ प्रतिशतले न्यून देखिन्छ । मध्यमकालीन खर्च संरचनाले १७ वटै लक्ष्यहरूलाई आधार मानी बजेट प्रक्षेपण गरेको छ भने बार्षिक बजेटमा लक्ष्यहरू १, ३, ४, ६, १२, १३, १६ र १७ को मात्रै अनुमान गरेको छ । शीर्षकगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट विनियोजनको तुलना तल तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : गण्डकी प्रदेशको आ.व. २०७८/७९ को क्षेत्रगत ब्यय अनुमान** (रु. हजारमा)

| दिविल संकेत नं. | दिगो विकास लक्ष्य | आ.व. २०७८/७९ को मध्यमकालीन खर्च संरचनाको अनुमान | | आ.व. २०७८/७९ को बार्षिक बजेट विनियोजन | | फरक रकम | प्रतिशत (+,-) |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | | |
| ० | सांकेतीकरण नगरिएको | १४७९२३२ | १३.२४ | १९३२२०७८ | ७४.६८ | १७८४२८४६ | १२०६.२२ |
| १ | सबै प्रकारका गरिबीको अन्त्य | १६९७८९६ | १५.२० | ८२०२९ | ०.३२ | (१६१५८६७ | (९५.१७ |
| ३ | स्वस्थ जीवन | २८४३६४२ | २५.४५ | १४१४८५८ | ५.४७ | (१४२८७८४ | (५०.२४ |
| ४ | गुणस्तरीय र जीवनपर्यन्त शिक्षा | १८३७२४९ | १६.४४ | ४०१५७ | ०.१६ | (१७९७०९२ | (९७.८१ |
| ६ | दिगो सफा पानी र सरसफाई सेवा | १७१३४११ | १५.३३ | १९५७८४७ | ७.५७ | २४४४३६ | १४.२७ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १५३०९७ | १.३७ | १६५००८९ | ६.३८ | १४९६९९२ | ९७७.८१ |
| १३ | जलवायु परिवर्तन विरुद्ध लड्ने | २१८३४४ | १.९५ | ६९८६५१ | २.७० | ४८०३०७ | २१९.९८ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १२३०९११ | ११.०२ | ६५०३३३ | २.५१ | (५८०५७८ | (४७.१७ |
| १७ | दिगो विकासका लागि साझेदारी | ० | ०.०० | ५६३५८ | ०.२२ | ५६३५८ | १००.०० |
| | **जम्मा** | १११७३७८२ | १००.०० | २५८७२४०० | १००.०० | १४६९८६१८ | |

*स्रोत: आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य, प्रदेश सरकार, गण्डकी प्रदेश, अर्थमन्त्रालय, पोखरा नेपाल, अनुसूची ८ ।*
*प्रदेश सरकार, गण्डकी प्रदेश, नीति तथा योजना आयोग (२०७८), मध्यमकालीन खर्च संरचना, २०७८, तालिका २.६.२*

### २.९.४ पञ्चवर्षिय योजना, शिक्षा क्षेत्र विकास योजना र शिक्षा नीतिबीच सामान्जस्यता

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षिय योजना, शिक्षा क्षेत्र विकास योजना र शिक्षा नीतिले लिएका दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्यहरू तालिका ८ मा प्रस्तुत गरिएको छ । तीनवटै दस्तावेजमा उल्लेखित सोच, ध्येय, लक्ष्य र उद्देश्यहरूमा केहीहदसम्म समान र केही फरक रुपले तयार भएका छन् तथापि तीनवटै दस्तावेजको आसय गुणस्तरीय शिक्षामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नु रहेको छ । यसर्थ, गण्डकी प्रदेशले निर्माण गरेको पहिलो पञ्चबर्षीय योजनाको भावना र आसयलाई प्रदेश शिक्षा क्षेत्र विकास योजना र प्रदेश शिक्षा नीति, २०७८ ले अनुसरण गर्ने प्रयास गरेको छ ।

**तालिका ८: गण्डकी प्रदेशको पञ्चबर्षीय योजना, शिक्षा विकास योजना र शिक्षा नीतिको तुलना**

| विषय | पञ्चबर्षिय योजना (२०७६/७७-२०८०/८१) | प्रदेश शिक्षा क्षेत्र विकास योजना (२०७८-२०८७) | प्रदेश शिक्षा नीति, २०७८ |
|---|---|---|---|
| सोच | शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँच | गुणस्तरीय शिक्षामा समान पहुँच | गुणस्तरीय मानव पूँजीको अभिबृद्धि, गण्डकी प्रदेशको समृद्धि |
| ध्येय | | | सिर्जनशील, उद्यमशील एवम् प्रतिस्पर्धी दक्ष जनशक्तिको माध्यमबाट समृद्ध र आत्मनिर्भर प्रदेशको निर्माण गर्ने |
| लक्ष्य | राष्ट्रिय एवम अन्तर ाष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने | राष्ट्रिय एवम अन्तर्राष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने | सबै तह र प्रकारको शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, प्रविधिमैत्री, रोजगार मूलक, नवप्रवर्तनात्मक एवम् उत्पादनमुखी बनाई प्रदेशको आवश्यकता अनुरुप समाज र मुलुकप्रति उत्तरदायी जनशक्ति विकास गर्ने |

| विषय | पञ्चबर्षिय योजना (२०७६/७७-२०८०/८१) | प्रदेश शिक्षा क्षेत्र विकास योजना (२०७८-२०८७) | प्रदेश शिक्षा नीति, २०७८ |
|---|---|---|---|
| उद्देश्य | १. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु ।<br>२. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।<br>३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु । | १. सबै तहको शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी बनाउनु ।<br>२. प्राविधिक तथा व्यवसायीक शिक्षा र सिप विकासमा समतामूलक पहुँच, सान्दर्भिकता र गुणस्तर सुनिश्चित गर्नु ।<br>३. उच्च शिक्षालाई बैज्ञानिक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाई प्रदेशलाई उत्कृष्ट शैक्षिक गन्तब्यको रुपमा विकास गर्नु<br>४. शैक्षिक संस्थाहरूको सक्षमतामा सुधार गरी जवाफदेहिता र सुशासनको प्रत्याभूति दिनु । | १. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु ।<br>२. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।<br>३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु । |

*स्रोतः गण्डकी प्रदेशको प्रथम पञ्चबर्षीय योजना, २०७६/७७-२०८०/८१, शिक्षा क्षेत्र विकास योजना, २०७८-२०८७ र शिक्षा नीति, २०७८ ।*

### २.९.५ पञ्चवर्षिय योजना र स्थास्थ्य नीतिबीच सामान्जस्यता

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षिय योजना र स्वास्थ्य नीति, २०७८ ले लिएका दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्यहरू तालिका ९ मा प्रस्तुत गरिएको छ । यी दुई दस्तावेजहरूमा उल्लेखित सोच, ध्येय, लक्ष्य र उद्देश्यहरू अक्षरमा समानरुपमा मेल नखाएपनि आसयले सुशी नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिएको छ । यसर्थ, गण्डकी प्रदेशले निर्माण गरेको पहिलो पञ्चबर्षीय योजनाको भावना र आसयलाई प्रदेश स्वास्थ्य नीति, २०७८ ले गर्ने प्रयास गरेको छ ।

**तालिका ९: गण्डकी प्रदेशको पञ्चबर्षीय योजना र स्वास्थ्य नीतिको तुलना**

| विषय | पञ्चबर्षिय योजना (२०७६/७७-२०८०/८१) | प्रदेश स्वास्थ्य नीति, २०७८ |
|---|---|---|
| सोच | स्वस्थ र सुखी नागरिक | समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक |
| ध्येय | | स्वास्थ्य क्षेत्रमा स्रोत र साधनको समुचित उपयोग गरी संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने । |
| लक्ष्य | गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार गर्ने । | सामाजिक न्याय, सुशासन र जवाफदेहितामा आधारित स्वास्थ्य प्रणालीको विकासका माध्यमबाट स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच र उपभोग सुनिश्चित गर्दै स्वास्थ्यलाई समग्र विकासको एक प्रमुख आधार स्तम्भको रुपमा स्थापित गर्ने । |
| उद्देश्य | १. निःशुल्क आधारभूत, गुणस्तरीय एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु<br>२. आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिबृद्धि गर्नु ।<br>३. स्वास्थ्य सम्वन्धी विपद् जोखिम न्यूनीकरण गर्नु ।<br>४. स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु | १. संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हर सुनिश्चित गर्नका लागि सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच र उपभोगको अवसर सिर्जना गर्नु ।<br>२. आधुनिक, आयुर्वेद तथा बैकल्पिक चिकित्सा मार्फत सुणस्तरीय प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक तथा विशेषज्ञ र विशिष्टकृत स्वास्थ्य सेवालाई समतामूलक रुपमा विकास गर्नु ।<br>३. स्वास्थ्य सेवा प्रवाहमा सरकारी (संघीय सरकार र स्थानीय सरकार), गैरसरकारी, सामुदायिक र निजी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्नु ।<br>४. सुशासन, पारदर्शिता, उत्तरदायी, जनमैत्री, जवाफदेही स्वास्थ्य प्रणालीको विकास गर्नु ।<br>५. सामाजिक सुरक्षाको महत्वपूर्ण अंगको रुपमा विकास गर्न स्वास्थ्य सेवामा समयानुकूल लगी बढाउदै लैजानु ।<br>६. महामारीजन्य रोग तथा विपद्को पूर्व तयारी, निदान, उपचार, व्यवस्थापन र नियमन्त्रण गर्नु । |

*स्रोतः गण्डकी प्रदेशको प्रथम पञ्चबर्षीय योजना, २०७६/७७-२०८०/८१ र प्रदेश स्वास्थ्य नीति, २०७८ ।*

## २.१० सफल अभ्यासहरू

दिगो विकास लक्ष्यहरूको प्रदेश तथा स्थानीय तहमा स्थानीयकरणको सम्बन्धभा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय प्रयास तथा सफल केही सान्दर्भिक अभ्यासहरूलाई देहायअसार प्रस्तुत गरिएको छ :

### २.१०.१ अन्तर्राष्ट्रिय अभ्यास

सन् २०१५ अक्टोबरमा वेलारुस सरकारले दिगो विकास लक्ष्यहरूका लागि UN70 Belarus Express आयोजना गरेको थियो । भ्रमणको दौरान एक्सप्रेस रेलले हजारौ भ्रमणकर्ताहरूलाई आकर्षण गरेको थियो भने प्रत्येक बिसौनीमा संयुक्त राष्ट्रसंघ र दिगो विकास लक्ष्यको बारेमा नागरिकलाई जानकारी दिन थुप्रै कार्यहरू सञ्चालन गरेको थियो । रेलभित्र तथा वाहिर निर्देशित भ्रमण, प्रवचन, कार्यशाला, सिनेमा, नाटक, नाच, संवाद कार्यक्रमहरू सञ्चालन गरिएका थिए । यात्राको क्रममा प्रत्येक क्षेत्रका कार्यकारी अध्यक्षले दिगो विकास लक्ष्यहरू प्रतिद्धताको घोषणा गरेका थिए ।

स्पेन सरकारले सन् २०३० को एजेण्डा हासिल गर्न स्थानीय निकाय र नागरिक समाज संस्थाहरूको सहभागिताको महत्वमा जोड दिएको थियो । विश्वविद्यालय र विद्यालयहरूसँग दिगो विकास लक्ष्यहरूको सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्न नगरपालिका महासंघ, गैर सरकारी संस्थाहरूको गठबन्धनमा संस्थागत संयन्त्रको स्थापना गरिएको थियो । विभिन्न सरकारी निकायहरूमा दिगो विकास लक्ष्यहरू समावेश गरी नीतिगत एकरुपता प्रवर्द्धन गर्न विभिन्न उपायहरू सञ्चालन गरिएको थियो ।

सन् २०१८ युरोपियन युनियनको नीतिमा सुधार ल्याउन विशेषगरी स्थानीय निकायको सहभागिताका युरोपियन युनियनभित्र तथा वाहिरका २६ साझेदार तथा २० सहयोगी निकायहरू विशेष गरी स्थानीय निकाय तथा नागरिक समाज संस्थाहरू LADDER Project (Local Authorities as Drivers for Development Eduction and Raising Awareness) सञ्चालनमा ल्याइएको थियो । यसमा परियोजनामा दिगो विकास लक्ष्य सम्बन्धमा सचेतना अभिवृद्धि गर्न क्षमता सुदृढ गर्ने, सूचना तथा सचेतना अभिवृद्धि गर्ने, पारस्परिक सहयोगलाई विकास र अभिवृद्धि गर्ने र सिर्जनशील विधिको विकास गर्ने जस्ता कुराहरू समावेश गरिएको थियो ।

सन् २०१६ मा तत्कालीन संयुक्त राष्ट्रसंघका महासचिव वान कि मुनले सन् २०३० मा दिगो विकास लक्ष्य हासिल गर्ने प्रक्रियामा गति ल्याउन तथा प्रतिवद्धताको लागि १७ जना सुप्रसिद्ध विद्धान व्यक्तिहरूलाई नियुक्त गर्नु भएको थियो । दिगो विकास लक्ष्यका उपरोक्त १७ पैरवीकर्ताहरूले नागरिक समाज, प्राज्ञिक संस्था, संसद र निजी क्षेत्रका साझेदारहरूसँग धरातलीय यथार्थ विचार र विधिको विकास गरी दिगो विकास लक्ष्यहरूको कार्यान्वयनलाई प्रवर्द्धन गरेका थिए ।

दक्षिण अफ्रिकाको मानव बस्ती राष्ट्रिय मन्त्रालयले दिगो शहर तथा मानव वस्ती सम्बन्धी

दिगो विकास लक्ष्य ११ को दृष्टिकोणबाट एकीकृत मानव बस्ती सम्बन्धी नीतिगत, कानूनी तथा प्रक्रियागत ढाँचालाई समीक्षा गरिएको छ ।

नेदरल्याण्डका आधाभन्दा बढी नगरपालिकाहरू सहभागि भएर दिगो विकास लक्ष्यहरूको बारेमा जनचेनता अभिवृद्धि गर्ने, स्थानीय सरोकारवालाको सहभागिताको सन्दर्भमा सहजीकरण गर्ने, नगरपालिकाको आफ्ना नीतिहरूलाई दिगो विकास लक्ष्यहरूसँगको समायोजनको परीक्षण गर्ने, नेदरल्याण्ड भित्र र वाहिरका नगरपालिकाहरू बीच अनुभव आदानप्रदान गर्ने आदि जस्ता अभियान सञ्चालन गरेका थिए ।

उपराष्ट्रिय सरकारहरूले संचारकर्मीका लागि तालिम लगायतका गतिविधिहरू सञ्चालन गर्ने र सामाजिक सञ्जालका माध्यमहरू प्रचलित तथा नयाँ सञ्चारका अन्य माध्यमहरूमार्फत दिगो विकास लक्ष्यहरू बारेमा प्रचार प्रसार गर्नुपर्दछ । दिगो विकास लक्ष्यको बारेमा जानकारी गराउन तथा स्थानीय युवा वर्गमा यस बारेमा गहिरो बुझाइ ल्याउन शिक्षा एक उपयुक्त माध्यम हुन सक्दछ । शिक्षा प्रयासहरू अन्तर्गत औपचारिक र अनौपचारिक दुबै तहको शिक्षा हुन सक्दछ ।

### २.१०.२ **राष्ट्रिय अभ्यासहरू**

नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यहरूको कार्यान्वयन गर्न राज्यको पुनसंरचना पश्चात दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३० ले मार्गनिर्देशन गरे अनुसार प्रदेश तथा स्थानीय तहमा दिगो विकास लक्ष्यको स्थानीयकरणको विभिन्न प्रयास र अभ्यासहरू भएका छन् केही अभ्यास देहायअनुसार प्रस्तुत गरिएको छः

दिगो विकास लक्ष्य प्रतिबद्धतासँगै नेपालमा नयाँ संविधान जारी भई संघीय प्रणालीमा प्रवेश गरेको छ । संघीय शासन प्रणालीको कार्यान्वयन पश्चात नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनाबाट राज्य संचालन हुँदै आएको छ । संघीय शासन प्रणाली अनुसारको राज्य सञ्चालन पश्चात नेपाल सरकारले चौधौ योजनामा समावेश गरी दिगो विकास लक्ष्यहरूको विकासको प्रक्रियामा आन्तरिकीकरण शुरुवात गऱ्यो । सो पश्चात नेपालले संघीय संरचनामा आधारित भई दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावि मार्गचित्र: २०१६-२०३० तर्जुमा गरी सोको कार्यान्वयन गरिरहेको छ । यसका साथै डिसेम्बर २०१८ मा नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता लेखाजोखा, लागत तथा लगानी रणनीति सम्बन्धी प्रतिवेदन तयार गरिएको छ । यसैगरी दिगो विकास लक्ष्य सम्बन्धी प्रगति प्रतिवेदन तयार गरेको छ र चौधौं योजनाको अन्तसँगै दिगो विकास लक्ष्यलाई पूर्ण रुपमा आन्तरिकीकरण गरी भिजन

२१०० सहित पन्धौ योजना तर्जुमा गरी कार्यान्वयनमा रहेको छ । नेपाल सरकारले संघीयता कार्यान्वयन पश्चात तर्जुमा गरेको मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा दिगो विकास लक्ष्यको प्राथमिकीकरण र सांकेतीकरणको अभ्यास गरिएको छ ।

संघीय शासन प्रणाली अनुसार दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न दिगो विकास लक्ष्यको उपराष्ट्रिय तहका सूचकहरू निर्धारण गरिएको छ । सो बमोजिम प्रदेश सरकारहरूले आ-आफ्ना प्रदेशको प्रथम योजनामा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने प्रयास गरेका छन् । दिगो विकास लक्ष्यलाई प्रदेश तथा स्थानीय तहको विकास प्रक्रियामा एकीकरण गर्न गण्डकी प्रदेश लगायत अन्य प्रदेशले दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रतिवेदन तयार गरेका छन् । प्रदेश नम्बर १, वागमती प्रदेश र कर्णाली प्रदेशले दिगो विकास लक्ष्यको स्थानीयकरणको मार्गचित्र तयार गरी सो अनुसार नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बार्षिक बजेट तथा कार्यक्रम मार्फत लगानी र कार्यान्वयन गर्ने प्रयास गरिहेका छन् । प्रदेश सरकारहरूले पनि मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यको ख्याल गरी  आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण र सांकेतीकरण गरी बजेट विनियोजन गर्दै आइरहेका छन् । गण्डकी प्रदेश सरकारको गत आर्थिक वर्ष २०७७/७८ र चालु आर्थिक वर्ष २०७८/७९ को दिगो विकास लक्ष्यको सांकेतीकरण र लक्ष्य अनुसार बजेट विनियोजनको विवरण देहायअनुसार तालिका १० र ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका १०: आ.व. २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रममा दिविल सांकतीकरण र बजेट बाँडफाँड**

| **संकेत** | **दिगो विकास लक्ष्य** | **बजेट** (रु. हजारमा) | **प्रतिशत** |
|---|---|---|---|
| ४ | गुणस्तरीय शिक्षा | १०६८०० | ०.३१ |
| ६ | दिगो तथा सफा पानी र सरसफाइ | २२०१३ | ०.०६ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २७१५९ | ०.०८ |
| ० | सांकेतीकरण नगरिएको | ३४६८६१८८ | ९९.५५ |
| | **जम्मा** | ३४८४२१६० | १०० |

*स्रोतः गण्डकी प्रदेशको आ.व. २०७७/७८ बार्षिक बजेट तथा कार्यक्रम*

*आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमले दिविलको लक्ष्यहरू १, ३, ४, ६, १२, १३, १६ र १७ का आधारमा बजेट विनियोजन गरेको छ भने बाँकी लक्ष्यहरूलाई निर्दिष्ट गरी बजेट विनियोजन गरेको छैन । सांकेतीकरण नगरी एकमुष्ठ ठूलो रकम विनियोजन गरिएको छ ।*

**तालिका ११: आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रमको दिविल अनुसार सांकेतीकरण र बजेट बाँडफाँड**

| संकेत | दिगो विकास लक्ष्य | बजेट (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | गरिबीको अन्त्य | ८२०२९ | ०.३२ |
| ३ | स्वस्थ जीवन | १४१४८५८ | ५.४७ |
| ४ | गुणस्तरीय शिक्षा | ४०१५७ | ०.१६ |
| ६ | दिगो तथा सफा पानी र सरसफाइ | १९५७८४७ | ७.५६ |
| १२ | दिगो उपयोग र उत्पादन | १६५००८९ | ६.३८ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ६९८६५१ | २.७० |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ६५०३३३ | २.५१ |
| १७ | दिगो विकासका लागि साझेदारी | ५६३५८ | ०.२२ |
| ० | सांकेतीकरण नगरिएको | १९३२२०७८ | ७४.६८ |
| | **जम्मा** | २५८७२४०० | १०० |

*स्रोतः गण्डकी प्रदेशको आ.व. २०७८/७९ बार्षिक बजेट तथा कार्यक्रम*

राष्ट्रिय योजना आयोगले तय गरेको दिगो विकास लक्ष्यको प्रदेश तथा स्थानीय तह (उपराष्ट्रिय तह) का सूचकअनुसार नगरपालिका तथा गाउँपालिकाहरूले पनि दिगो विकास लक्ष्यहरूको परिमाणात्मक लक्ष्य तथा सूचकहरू आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिरहेका छन् । उदाहरणको लागि सुदूर पश्चिम प्रदेशको कैलाली जिल्लास्थित धनगढी उप- महानगरपालिकाले दिगो विकास लक्ष्य कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनको अभ्यास गरिरहेको छ। यसैगरी अन्य गाउँपालिका तथा नगरपालिकाले दिगो विकास लक्ष्यलाई योजना, बजेट तथा कार्यक्रममा समावेशी गरी कार्यान्वयन गर्ने र प्रगति अनुगमन गरी प्रतिवेदन गर्ने गरिएका छन् ।

गण्डकी प्रदेशले दिगो विकास लक्ष्य  सम्वन्धी आधार तथ्याङ्क प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदनले यस प्रदेशमा दिगो विकास लक्ष्यका सूचकहरूको आधार तथ्याङ्कको वर्तमान अवस्थाको विश्लेषण गरेको छ। त्यसै गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र सुदृढीकरण गर्ने र दिगो विकास लक्ष्यका अनुगमन साधनहरूको पहिचान गरेको छ । यस प्रतिवेदनले योजना तथा बजेट निर्माणमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने तीनवटा आयामहरू (अर्थतन्त्र, समाज र वातावरण) र पाँचवटा समूहहरू (जनता, समृद्धि, पृथ्वी, शान्ति र साझेदारी) छुट्याएको छ ।

# परिच्छेद ३: दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र

## ३.१ पृष्ठभूमि

दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने पक्ष राष्ट्रको रुपमा नेपाल सरकारले हस्ताक्षर गरी प्रतिवद्धता जनाएको छ । सो बमोजिम नीति, योजना तथा कार्यक्रममा दिगो विकास लक्ष्यलाई एकीकृत गरी कार्यान्वयन गर्ने प्रयास गरेको छ । दिगो विकास लक्ष्य कार्यान्वयनमा समन्वयको लागि संघीय तहमा राष्ट्रिय योजना आयोग मुख्य निकायको रुपमा रहेको छ । राष्ट्रिय योजना आयोगले तयार गरेको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६ - २०३० र दिगो विकास लक्ष्य सम्बन्धी अन्य अध्ययनले मुलकमा दिगो विकासको नतिजा वहुप्रभाव हासिल गर्न दिगो विकास लक्ष्यको स्थानीयकरणको रणनीति, विविध लगानीको संभावना र शासन प्रणालीमा सुधार तथा प्रभावकारी साझेदारी संयन्त्रको संभावनाको पहिचान गरेको छ । दिगो विकास लक्ष्य स्थानीयकरणलाई नेपाल सरकारले प्राथमिकतामा राखे जस्तै गण्डकी प्रदेशले पनि दिविललाई पालिकातहसम्म स्थानीयकरण गर्ने रणनीति बनाएको छ । दिविल लक्ष्य हासिल गर्न गण्डकी प्रदेशले पर्यटन क्षेत्रको विकासका लागि 'दिगो पर्यटन पुनरुत्थान परियोजना' कार्यान्वयनमा जोड् दिनु पर्दछ । यसैगरी सेवा प्रवाहको प्रभावकारिता, जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता अभिबृद्धि, तथ्यांकको व्यवस्थापन, अनुभवको आदानप्रदान, दिगो उद्योग र कृषि पुनरुत्थान कार्यक्रमको सञ्चालन, पर्वतमालाको संरक्षण र वातावरण संरक्षण जस्ता क्षेत्रमा लगानी बृद्धि गर्न जरुरी छ ।

जस अनुसार पहिलो भागमा नेपालको विकासको पुनरावलोकन, दोस्रो भागमा दिगो विकास लक्ष्य कार्यान्वयनका चरणहरू (पहिचान, नीतिगत/कार्यक्रम सम्वन्धी औजारहरू, लगानी र संस्थाहरू) र तेस्रो तथा अन्तिम भागमा प्रगति अनुगमनका लागि खाकाहरू समावेश गरिएको छ । गण्डकी प्रदेशको दिगो विकास लक्ष्यको स्थानीयकरण मार्गचित्र नेपाल सरकारले तयार गरेको दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३० लाई आधार मानि तयार गरिएको छ ।

## ३.२ दिगो विकास लक्ष्यको प्रादेशिक सान्दर्भिक सूचकहरू

नेपाल सरकारले परिभाषित गरेका दिगो विकास लक्ष्यका ४७९ वटा राष्ट्रिय सूचकहरू मध्ये गण्डकी प्रदेशमा १३९ वटा अर्थात २९ प्रतिशत सूचकहरूको मात्र खण्डीकृत आधाररेखा तथ्याङ्क उपलब्ध रहेको गण्डकी प्रदेशको दिगो विकास लक्ष्य सम्बन्धी आधाररेखा प्रतिवेदनले

देखाएको छ । आधाररेखा सूचना सहितको उक्त सूचकहरूको निश्चित समयावधीमा प्रतिवेदन गर्नु पर्नेछ । त्यसैगरी १२५ अर्थात २६ प्रतिशत सूचकहरू यस प्रदेशका लागि सान्दर्भिक छन् तर उक्त सूचकहरूको आधाररेखा तथ्याङ्क उपलब्ध रहेको छैन । जब नयाँ सर्भेक्षण तथा प्रशासनिक तथ्याङ्कद्वारा यस सम्बन्धी आधाररेखा सूचना उपलब्ध हुन्छ, तब यस सम्बन्धी सूचकहरूको प्रतिवेदन गरिन्छ । साथै २१५ वटा सूचकहरू राष्ट्रिय रुपमा महत्वपूर्ण रहेका छन् भने यस प्रदेशका लागि कम सान्दर्भिक रहेका छन्, जसको आधाररेखा सूचना पनि उपलब्ध रहेको छैन र यस सम्बन्धमा नियमित रुपमा प्रतिवेदन समेत गर्न सकिदैन ।

साथै, घरपरिवार र अन्य सर्वेक्षणहरू पनि नियमित रुपमा र पात्रो अनुरुप सञ्चालन नहुने हुदाँ थप समस्या हुने गरेको छ । तसर्थ तथ्याङ्कमा रहेको अभाव पूर्ति गर्न गण्डकी प्रदेशले आवश्यक पहल गर्नु पर्नेछ । किनकी दिगो विकास लक्ष्य हासिल भए नभएको कुरा थाहा पाउन भरपर्दो तथ्याङ्कको आवश्यकता हुन्छ । त्यसैकारण गण्डकी प्रदेशले गतिशील तथ्याङ्क व्यवस्थापन प्रणाली लागु गर्नु पर्नेछ । दिविलहरूको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्रादेशिक तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरणका लागि गण्डकी प्रदेशको उच्च प्राथमिकता रहनेछ । गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य सूचकहरूको लागि तथ्याङ्कको उपलब्धता र आवश्यकता सम्बन्धी विवरण देहाअनुसार तालिका १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका १२: गण्डकी प्रदेशमा दिविल सूचकहरूका लागि तथ्याङ्क उपलबधता र अभाव**

| दिविलहरू | अन्तर्राष्ट्रिय रुपमा दिविल र परिमाणात्मक लक्ष्यका लागि पहिचान गरिएका सूचकहरूको संख्या | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले राष्ट्रियस्तरमाथप गरेका सूचकहरू | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले पहिचान गरेका कुल सूचकहरू | गण्डकी प्रदेशमा आधाररेखा सूचना भएका राष्ट्रिय सूचकहरू | गण्डकी प्रदेशका लागि सान्दर्भिक तर आधाररेखा तथ्याङ्क नभएका सूचकहरू | आधाररेखा सूचना नभएका राष्ट्रिय रुपमा पहिचान गरिएका र गण्डकी प्रदेशका लागि कम सान्दर्भिक सूचकहरू | कुल सूचकहरू |
|---|---|---|---|---|---|---|---|
| १ | १४ | ४७ | २८ | १४ | ७ | ७ | २८ |
| २ | १३ | १७ | ३० | ८ | ७ | १५ | ३० |
| ३ | २७ | ३२ | ५९ | २१ | २५ | १३ | ५९ |
| ४ | ११ | ३५ | ४६ | १५ | ११ | २० | ४६ |
| ५ | १४ | २२ | ३६ | १६ | ७ | १३ | ३६ |
| ६ | ११ | १४ | २५ | १३ | ६ | ६ | २५ |
| ७ | ६ | ९ | १५ | ६ | ४ | ५ | १५ |
| ८ | १७ | १४ | ३१ | १८ | ४ | ९ | ३१ |

| दिविलहरु | अन्तर्राष्ट्रिय रुपमा दिविल र परिमाणात्मक लक्ष्यका लागि पहिचान गरिएका सूचकहरूको संख्या | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले राष्ट्रियस्तरमाथप गरेका सूचकहरू | दिविल र परिमाणात्मक लक्ष्यका लागि नेपालले पहिचान गरेका कुल सूचकहरू | गण्डकी प्रदेशमा आधाररेखा सूचना भएका राष्ट्रिय सूचकहरू | गण्डकी प्रदेशका लागि सान्दर्भिक तर आधाररेखा तथ्याङ्क नभएका सूचकहरू | आधाररेखा सूचना नभएका राष्ट्रिय रुपमा पहिचान गरिएका र गण्डकी प्रदेशका लागि कम सान्दर्भिक सूचकहरू | कुल सूचकहरु |
|---|---|---|---|---|---|---|---|
| ९ | १२ | ८ | २० | ५ | ६ | ९ | २० |
| १० | ११ | १६ | २७ | ५ | १० | १२ | २७ |
| ११ | १५ | १५ | ३० | ५ | ६ | १९ | ३० |
| १२ | १३ | १० | २३ | १ | ५ | १७ | २३ |
| १३ | ८ | ११ | १९ | २ | ७ | १० | १९ |
| १४ | १० | ० | १०[ड्ड] | ० | ० | १० | १० |
| १५ | १४ | १७ | ३१ | ४ | ९ | १८ | ३१ |
| १६ | २३ | ८ | ३१ | ३ | ५ | २३ | ३१ |
| १७ | २५ | ३ | २८ | ३ | ६ | १९ | २८ |
| **कुल** | **२४४-१०=२३४** | **२४५** | **४८९-१० =४७९**** | **१३९** | **१२५** | **२२५** | **४८९** |

*नोट : *१० सूचकहरू विभिन्न लक्ष्यहरूमा दोहोरिएका छन् । **नेपालका लागि असान्दर्भिक*

*स्रोतः प्रदेश नीति तथा योजना आयोग (२०७६), दिगो विकासका लक्ष्यहरू, गण्डकी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन, तालिका १ ।*

दिविल सम्बन्धी प्रमुख तथ्याङ्क राष्ट्रिय जीविकोपार्जन सर्भेक्षण (२०११), राष्ट्रिय जनसंख्या र स्वास्थ्य सर्भेक्षण (२०१६) र राष्ट्रिय जनगणना (२०२२) बाट अनुमान गरिएको छ। अनुमानित २९ प्रतिशत तथ्याङ्क राष्ट्रिय जनसंख्या तथा स्वास्थ्य सर्भेक्षण, ३२ प्रतिशत तथ्याङ्क रीष्ट्रिय जीवनस्तर सर्भेक्षण र बाँकी विषयगत मन्त्रालयको प्रशासनिक तथ्याङ्क र गण्डकी प्रदेशको स्थिति पत्रबाट लिइएको छ। प्रदेशमा दिगो विकास लक्ष्यको उपलब्धी मापनको तथ्याङ्कको कमी रहेको छ । दिगो विकास लक्ष्यमा भएको प्रगति मापनको तथ्याङ्कको कमी पूरा गर्ने कार्यलाई प्रदेशको प्राथमिकता दिन आवश्यक छ ।

दिगो विकास लक्ष्यको सफलता मापनको लागि एक गतिशिल तथ्याङ्क व्यवस्थापन प्रणाली अपरिहार्य रहन्छ। जसले आर्थिक वृद्धि, दिगो विकास लक्ष्यमा भएको प्रगतिलाई प्रोत्साहन गर्ने र पारदर्शिता स्थापना गर्न निरन्तर पृष्ठपोषण प्रदान गर्दछ। गण्डकी प्रदेश सरकारले दिगो विकास लक्ष्य प्राप्तिमा भएको उपलब्धि अनुगमन तथा लेखाजोखा गर्न प्रदेश स्तरीय तथ्याङ्क प्रणालीको

विकास र सुधार गरी तथ्याङ्कको कमीलाई पूरा गर्ने निरन्तर प्रयास गर्नुपर्दछ ।

उपरोक्त तालिका १२ बमोजिम गण्डकी प्रदेशका लागि सान्दर्भिक तर आधाररेखा तथ्याङ्क नभएका १२५ वटा सूचकहरूको राष्ट्रिय जनगणना २०७८, जीवनस्तर सर्भेक्षण, नेपाल कृषि गणना, औद्योगिक सर्भेक्षण, जलवायु परिवर्तन प्रभाव मूल्याङ्कन प्रतिवेदन, प्रशासनिक तथ्याङ्क उपलब्धताको आधारमा आधारेखा तथा लक्ष्य तयार गरी मार्गचित्रमा अद्यावधिक गर्दै लग्नु पर्नेछ ।

## ३.३ दिगो विकास लक्ष्य कार्यान्वयन

दिगो विकासको आकांक्षालाई साकार पार्न गण्डकी प्रदेशले दिगो विकासका एजेण्डालाई अर्थ, समाज र वातावरण सहित तीन आयाममा मार्गनिर्देशित गरी नीतिमार्फत कार्यान्वयन गर्न प्रदेशको नेतृत्व गर्नेछ । यसका लागि विश्वव्यापी लक्ष्यका प्रत्येक क्षेत्रका सवालहरूमा अन्तरक्रिया र सहक्रिया (Synergy) लाई बढवा दिनु आवश्यक छ। विभिन्न प्राथमिकताको क्षेत्र र एक लक्ष्यमा भएको प्रगतिले अर्को लक्ष्य वा क्षेत्रमा के कस्तो प्रभाव पर्दछ भन्ने आधारमा दिगो विकास लक्ष्य कार्यान्वयनको नतिजा मापन एकीकृत र मौलिक रुपले गर्नु पर्दछ। गण्डकी प्रदेशले एजेण्डा २०३० अनुरुप र राष्ट्रिय दीर्घकालीन सोचलाई परिपूरणका लागि '**समृद्ध प्रदेश, खुशी नागरिक**' को दीर्घकालीन सोच अगाडी सारेको छ । उक्त दीर्घकालीन सोच प्राप्त गर्न गण्डकी प्रदेशले दिगो विकासलाई निम्न आयाममा विभक्त गरी कार्यान्वयन खाका बनाएको छ।

### ३.३.१ नागरिक र समाज (दिगो विकास लक्ष्य १, २, ३, ४ र ५)

यस अन्तरगत दिविल १ (गरिबीको अन्त्य), दिविल २ (शून्य भोकमरी), दिविल ३ (राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन), दिविल ४ (गुणस्तरीय शिक्षा) र दिविल ५ (लैङ्गिक समानता) लाई समेटिएको छ। राष्ट्रिय गरिबीको रेखामुनीको गरिबीको हेडकाउण्ट दर १४.९१ बाट सन् २०२३ सम्ममा ७.४१ मा झार्ने र २०३० सम्ममा गरिबी उन्मुलन गर्नका लागि विद्यमान गरिबीको दरलाई बार्षिक १.५ का दरले घटाउनु पर्ने देखिन्छ। गरिबी न्यूनीकरणलाई सशक्तीकरण, शिक्षा, निरोगिता र अपेक्षित आयु बीचको सकारात्मक अन्तरक्रियाको रुपमा हेरिनुपर्दछ । यसका लागि प्रदेशको आय तथा उपभोगमा तल्लो २० प्रतिशत जनसंख्याको योगदान र रोजगारीका औपचारिक क्षेत्रहरूमा नागरिकको संलग्नता बृद्धि गर्न आवश्यक रहेको छ। श्रमशक्तिको पक्षमा उत्पादन र आय वृद्धिको प्रक्रियालाई पुनसंरचना गरी तल्लो २० प्रतिशतको हिस्साको वृद्धि औषत भन्दा बढी हुन आवश्यक रहेको छ। यद्यपि, गरिब घरपरिवारको वास्तविक पहिचान एक

प्रमुख चूनौतीको रुपमा रहेको छ। त्यसकारण गण्डकी प्रदेशले गरिबी न्यूनीकरणका लागि प्रथम पञ्चवर्षीय योजना, बार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत एकीकृत तथा वृहत रणनीति अबलम्बन गरेको छ । यस रणनीतिले गण्डकी प्रदेशमा गरिबीको आयामबारे बुझ्न र गरिबी निवारणलाई अपेक्षित उपलब्धिको रुपमा लिई विभिन्न क्षेत्रहरूबीचको अन्तरसम्बन्ध स्थापना गर्न यसले ठूलो अवसरको रुपमा कार्य गर्नेछ ।

यसका साथै जनसांख्यिक लाभबाट फाइदा लिन गण्डकी प्रदेशको नीति, योजना तथा कार्यक्रमले संरचनागत रुपान्तरण आर्थिक रुपले क्रियाशिल जनसंख्यालाई उत्पादनशील क्षेत्रमा एकीकृत गर्न जोड दिएको छ । प्रदेशको अर्थतन्त्रलाई पर्यटन, कृषि, ऊर्जा, उद्योग तथा सेवा क्षेत्रले योगदान गरिरहेको छ । पर्यटन क्षेत्रले अन्य उत्पादनशील तथा सेवा क्षेत्रहरू बीच अन्तरसम्बन्ध स्थापित गर्नेछ । कृषि क्षेत्रको मूल्य श्रृङखलाले पर्यटनको मूल्य श्रृङखलालाई सहयोग गर्नेछ भने स्थानीय पर्यटकीय क्षेत्रले कृषि उत्पादनको बजारीकरण सहयोग पुर्‍याउने छ। स्थानीय उत्पादनकर्तासँग सहकार्य गरी पर्यटन क्षेत्रको विकास गर्नु पर्दछ र जसले प्रदेशको उच्च आर्थिक बृद्धिमा सहयोग पुग्नेछ ।

गण्डकी प्रदेशमा ५ वर्ष मुनीका २८.९ प्रतिशत बालबालिका कुपोषित छन् । दिगो विकासको लक्ष्य पूरा गर्न बार्षिक औषत १.२ प्रतिशतले पुड्कोपन तथा ख्याउटेको न्यूनीकरण गर्नु पर्ने देखिन्छ । यस लक्ष्यलाई पूरा गर्न खाद्य आपूर्ती, सुक्ष्म पोषक तत्व उपभोग र झाडापखालाको नियन्त्रण एकीकृत अवधारणालाई उच्च प्राथमिकतामा राख्नु आवश्यक छ । यसका लागि प्रदेश सरकारले जमिनको उत्पादकत्वलाई बढाउने र खाद्यान्नको मूल्य श्रृङ्खला सुचारु गर्नुपर्ने देखिन्छ । यसका लागि (क) जमीनमा कृषकको पहुँच, (ख) कृषिमा अतिरिक्त श्रमशक्तिलाई सेवा तथा उद्योग क्षेत्र परिचालन र (ग) कृषकहरूमा बजार सूचनाको उपलब्धता उपायहरूमा जोड दिन पर्दछ ।

सन् २०३० सम्ममा प्रजनन् स्वास्थ्यबाट हुने विरामी दरको विभिन्न आयामहरूको सामाना गर्दै विश्वव्यापी प्रजनन् स्वास्थ्य उपचार सेवालाई सुनिश्चित गरी ५ वर्ष मुनीका बालमुत्य दरलाई प्रति हजार २७ बाट १५ मा झार्ने र नवजात शिशु मृत्युदर प्रति हजार १५ बाट ३ मा झार्ने स्वास्थ्य क्षेत्रको चुनौती रहेको छ । महिलाको साक्षरता दर बृद्धि गर्ने र युवाहरूमा शतप्रतिशत साक्षरता दर पुर्‍याउने लक्ष्यले शिक्षा क्षेत्रमा पुनसंरचनाको संकेत गर्दछ ।

लैंङ्गिक समानता र सामाजिक समावेशीकरण तथा महिला सशक्तीकरण प्राप्ति यस क्षेत्रको अर्को चुनौती हो । यसका लागि आर्थिक क्षेत्रमा हस्तक्षेपका कार्यक्रम सहित सामाजिक क्षेत्रको पुनसंरचना आवश्यक देखिन्छ । बालिका र महिला विरुद्ध हुने हिंसा करिव १६ प्रतिशतको दरमा

छ र यसलाइ उन्मूलन गर्न आवश्यक छ । हाल प्रदेश सभामा एक तिहाई र स्थानीय तहमा ४१ प्रतिशतको हाराहारीमा महिलाको सहभागिता छ र यस्ता सार्वजनिक नीति निर्माण तह र व्यावसायिक कार्यालयहरूमा महिलाहरूको सहभागिता बढाउने कार्यलाई निरन्तरता दिइनेछ । बजारमा आधारित नीतिगत औजारमार्फत असमानता नियन्त्रण गर्नु पनि कठिन कार्य हुनेछ । तसर्थ गरिबमुखी आर्थिक वृद्धि नीति तथा कार्यक्रमहरूका साथै ठोस वितरणजन्य उपायहरू अवलम्बन गरिनेछन् । तथापि, कुल आयमा तल्लो ४० प्रतिशतको हिस्सा बढाउन कठिन छ । हाल, जनसङ्ख्याको तल्लो ४० प्रतिशतको कुल आयमा हिस्सा केवल ७.८ प्रतिशत रहेको छ, र यो क्षेत्रमा केही उल्लेखनीय उपलब्धि हासिल गर्ने हो भने कम्तीमा पनि २२ प्रतिशतले बढाएर कुल आयको ३० प्रतिशतमा ल्याउनुपर्छ । यो कार्यलाई प्रदेश सरकारले प्राथमिकता दिएर कार्यान्वयन गर्नेछ ।

खाद्य असुरक्षा र भोकमरीलाई सम्बोधन गर्ने दिगो समाधानका रूपमा गण्डकी प्रदेशले खाद्यान्नको उत्पादनमा वृद्धि गर्ने, कृषिजन्य उत्पादकत्व वृद्धिमा जोड दिँदै गरिबी न्यूनीकरणलाई द्रूत गति प्रदान गर्ने र खाद्यान्नको वितरणमा सुधार ल्याउने कार्य गर्नेछ । प्रदेशमा झण्डै दुई तिहाई जनता कृषिमा संलग्न छन्, त्यसैकारण कृषिजन्य उत्पादकत्वमा सामान्य सुधारले पनि गरिबीमा उल्लेखनीय गिरावट आउनसक्छ । यस सन्दर्भमा, कृषि क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण प्रक्रियाको थालनी गरिनेछ । यसले दिगो विकास लक्ष्यहरूले परिकल्पना गरेअनुरूप उल्लेखनीय मात्रामा कृषि उत्पादकत्वमा वृद्धि ल्याउनेछ । प्रदेशले भोकमरीका लागि मात्र नभई गरिबी न्यूनीकरण, रोजगार सिर्जना र आयमा रहेको असमानता कम गर्ने कार्यका लागि अन्य विविध आर्थिक कार्यहरू गर्नेछ ।

### ३.३.२ समृद्धि र ग्रह (दिगो विकास लक्ष्य ६, ७, ८, १०, ११, १२, १३, १५)

यस अन्तरगत दिविल ६ (स्वच्छ खानेपानी तथा सरसफाई), दिविल ७ (धान्न सक्ने तथा स्वच्छ उर्जा), दिविल १० (असमानतामा कमी), दिविल ११ (दिगो सहर तथा समुदाय), दिविल १२ (दिगो उपभोग तथा उत्पादन), दिविल १३ (जलवायु परिवर्तन) र दिविल १५ (जमिनमाथिको जीवन) लाई समेटिएको छ । गण्डकी प्रदेशले निर्माण गरेको दिविल आधार तथ्याङ्क प्रतिवेदन, २०७६ अनुसार यस प्रदेशले पर्यटन (दिविल १ र ८), कृषि (दिविल २ र १२), ऊर्जा (दिविल ७), उद्योग (दिविल ८ र १२), पूर्वाधार (दिविल ९), मानव संसाधन (दिविल ३, ५ र ६) र असल शासन तथा शासकीय सुधार (दिविल १६) गरी समृद्धिका सात वटा मुख्य संबाहकहरूको पहिचान गरेको छ । यी संबाहक क्षेत्रहरूले गण्डकी प्रदेशमा समृद्धि ल्याउनमा

महत्वपूर्ण भूमिका निर्वाह गर्ने छन् । प्रदेशले विकास नीतिहरूमार्फत पर्यटन र कृषि क्षेत्रलाई जोड्नेछ र मूल्य शृङ्खला सहकार्यका लागि पूर्वाधारको निर्माण गर्नेछ । उदाहरणका लागिः वालिङ, पर्वत र म्याग्दीमा हुने कृषिजन्य (दिविल २) क्रियाकलापहरूलाई पोखरा, जोमसोम र बन्दीपुरको आतिथ्य सेवा क्षेत्र (होटल) को आपूर्ति चक्रमा जोडिने छ। आर्थिक क्रियाकलापका लागि आवश्यक औद्योगिक ऊर्जाको माग ३ हजार मेगावाट विद्युत उत्पादनमार्फत र सबैलाई ऊर्जामा पहुँच सुनिश्चित गरेर (दिविल ७) पूरा गरिनेछ। पूर्वाधार विकासका लागि आवश्यक लगानी (दिविल ९) सार्वजनिक तथा निजी साझेदारीमार्फत पूर्ति गरिनेछ । साथै, कृषिजन्य उत्पादकत्व प्रवर्द्धनका लागि कौशलता र सीप विकास, प्रविधि र उद्यमशीलता आवश्यक हुन्छ। तालिम कार्यक्रमहरू आर्थिक विकासलाई टेवा पुग्ने तरिकाले विकसित गरिने छन्, जसमार्फत आर्थिक आवश्यकताअनुरूपको सीप र मर्यादित रोजगारीको आपूर्ति (दिविल ८) हुनेछ। कृषि क्षेत्रको यान्त्रिकीकरणका लागि नयाँ प्रविधिको प्रयोग गरी उत्पादन खर्चलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याईनेछ ।

समृद्धिका पाँच मुख्य सहयोगीका रुपमा गण्डकी प्रदेशले प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधताबीच एकता, साँस्कृतिक समृद्धि, सहअस्तित्व र पहिचान र जनसाङ्ख्यिक लाभलाई मानेकोछ । यस प्रदेशको पयर्टन क्षेत्रको विकासका लागि मुख्य आकर्षणका रुपमा पदमार्ग, ताल र ठूला हिमालहरू जस्ता प्राकृतिक सौन्दर्यलाई लिईएको छ। यसका अतिरिक्त, गण्डकी प्रदेशको झण्डै ४६ प्रतिशत भूभाग राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे वन आरक्ष र ढोरपाटन शिकार आरक्षलगायत संरक्षण क्षेत्रले ओगटेका छन । प्रदेश सामाजिक विविधताले पनि समृद्ध छ र यहाँको खानाको संस्कृतिलाई अतिरिक्त आर्कषणका रूपमा लिन सकिन्छ। श्रमिक वर्गका रूपमा मानिने १५ देखि ५९ वर्ष उमेरको जनसङ्ख्या करिव ५६.९ प्रतिशत रहेको छ। आर्थिक रुपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेरको जनसंख्या जसको अनुपात गण्डकी प्रदेशमा ५६.९ प्रतिशत छ) लाई कृषि र औद्योगिक क्रियाकलापहरूमा संलग्न गराएर प्रदेशले जनसाङ्ख्यिक लाभको फाइदा लिनेछ । प्रदेश सरकारले परिकल्पना गरेको समृद्धि हासिल गर्न स्वास्थ्य र शिक्षाका साथै सीप विकासलाई संरचनागत रूपान्तरणको आवश्यकता हुनेछ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, पृथ्वी लोकमार्गको चार लेनमा विस्तार, पोखरा महानगरपालिकामा चक्रपथ र पोखरादेखि त्रिवेणीसम्म द्रुतमार्गको निर्माण जस्ता ठूला आयोजनाहरूलाई गण्डकी प्रदेशले रूपान्तरणकारी आयोजनाहरूका रुपमा लिएको छ । यी आयोजनालेहरूले दिविल ९ मा गर्ने योगदानले विद्यमान यातायात पूर्वाधारलाई सुदृढ बनाउने

र दिविल ७ मा पर्ने गण्डकी औद्योगिक क्षेत्र जस्ता अन्य परियोजनाहरूका परिणामहरूलाई थप बल पुऱ्याउने काम गर्नेछन । पूर्वाधार, कृषि र उद्योगमा रहेका आयोजनाहरूका लागि आवश्यक ऊर्जा र शिक्षा (दिविल ७ र ४) को स्रोत तनहुं जलविद्युत, बुढीगण्डकी जलविद्युत, उत्तरगंगा जलविद्युत, गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षालयजस्ता आयोजनाहरूवाट पूर्ति हुनेछन् ।

समग्रमा प्रदेश द्रुत गतिमा शहरीकरणतर्फ अघि बढिरहेको छ; जसमा हालको शहरी जनसङ्ख्या वृद्धि प्रति वर्ष ३.४ प्रतिशत रहेको छ । समृद्धि हासिल गर्न र शहरीकरण प्रक्रियामा गुणस्तर कायम गर्न चुनौतीहरू विद्यमान छन् । साथै, जनसङ्ख्याको ठूलो अंशमा अझैपनि आधुनिक सरसफाई र ढल निकासको व्यवस्था हुनसकेको छैन । उपयुक्त ढलनिकासको व्यवस्थामा पहुँचसहित सबै घरपरिवारहरूमा आधुनिक शौचालय निर्माणकार्यको विस्तार गर्ने चुनौती रहेको छ । शहरी क्षेत्रमा रूपान्तरण हुने स्थानीय समुदायहरूको आकाङ्क्षालाई दृष्टिगत गर्दा आधार भूत पूर्वाधारको सेवालाई सर्वव्यापी वा कम्तीमा पनि दोब्बर बनाउनका लागि ठूलो स्रोतको आवश्यकता पर्छ, र प्रदेशको एकल स्रोतले मात्र त्यो सम्भव छैन । त्यसैकारण, शहरी विकासमा निजी लगानीले प्रमुखता पाउनेछ । साथै, पूर्वाधारको विकास गर्दा अपाङ्गमैत्री बनाउनेतर्फ पनि पर्याप्त ध्यान दिईनेछ । सर्वसुलभ, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कार्यले गरिबी न्यूनीकरण, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, रोजगारी सिर्जना, औद्योगिकीकरण र जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

गण्डकी प्रदेशले ७५९ वडाहरूलाई स्थानीय तहका वृद्धि विन्दुका रूपमा, ८५ पालिका सदरमुकामहरूलाई नगरस्तरीय वृद्धि केन्दका रूपमा र ११ जिल्ला सदरमुकामहरूलाई जिल्लास्तरीय वृद्धि केन्द्रका रूपमा विकसित गर्नेछ र पोखरालाई प्रादेशिक राजधानी र प्रदेशस्तरीय वृद्धि केन्द्रका रूपमा विकास गर्नेछ । यी प्रयासहरूले प्रदेश भित्र सन्तुलित विकासको आधार तयार गरी त्यसलाई निरन्तरता दिन मद्दत गर्नेछ । यो नवीन लक्ष्यलाई हासिल गर्न यस प्रदेशले पूर्व-पश्चिम र उत्तर-दक्षिण यातायात मार्गहरू अनुरूप आठ वटा विकास अक्षरेखाहरूको विकास गर्नेछ । यसका साथै पोखरा महानगरपालिका वरिपरी स्याटेलाईट शहर जस्तैः शुक्लगण्डकी, भिमाद, पुतलीबजार, कुश्मा, मध्य नेपाल विकास गरिनेछ । पूर्वतयारी कार्यसहित विपद् जोखिम न्यूनीकरण क्रियाकलापहरूमा प्रदेशले बढी ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको छ । जोखिम समीक्षासम्बन्धी स्वतस्फूर्त क्रियाकलापहरू, र त्यसपछि हुने न्यूनीकरण क्रियाकलापहरूलाई उच्च प्राथमिकता प्रदान गरिनेछ । अतिरिक्त वित्तीय तथा मानवस्रोत आवश्यक हुने अनुमान

गर्न नसकिने विपद्हरूका लागि प्रदेशले आपतकालीन योजना बनाउनेछ। दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन गर्दा विपद्हरूको सम्बोधन गरिनेछ र त्यसले दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन विधिलाई अवरोध सिर्जना गर्नेछैन।

यसैगरी, सहजै प्रभाव देखिने विपद्को तत्काल आगमनका अतिरिक्त, दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा जलवायु परिवर्तनलाई ध्यान दिनु त्यत्तिकै महत्वपूर्ण हुन्छ। उदाहरणका लागि, जलवायु परिवर्तनका कारण सिर्जित सुख्खाले कृषि, जीविकोपार्जन, खानेपानीमा पहुँच, परिवारहरूको खाद्य सुरक्षा, महिला तथा बालबालिका, विशेषगरी सीमान्तकृत समुदायका र ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूको पोषणको अवस्थामाथि दीर्घकालीन प्रभाव पार्दछ। त्यसैकारण, दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन र बजेट विनियोजन गर्दा जलवायु परिवर्तन र यसका प्रभावहरूबारे पर्याप्त योजना बनाइनेछ। यसका साथै, विपद्हरूको लागि आपतकालीन योजना पनि तयार छ र जसका लागि वित्तीय तथा मानव स्रोतहरूको आवश्यकता पनि पहिचान गरि सकिएका छन।

### ३.३.३ **शान्ति, न्याय र सुशासन (दिविल १६)**

शान्ति, समृद्धि र खुशीको पूर्व शर्त हो, जसले समग्रमा मनोवैज्ञानिक र वित्तीय सुखको आधार निर्माण गर्छ। गण्डकी प्रदेशको हकमा शान्ति र मनोवैज्ञानिक सुख घरपरिवारको स्तरबाट सुरु हुनुपर्छ। किनकी अन्य प्रदेशहरूको तुलनामा यो प्रदेशमा लैङ्गिक हिंसा (सार्वजनिक भएको र नभएको) का घटनाहरू कमी छन्। प्रदेशले आफ्नो योजनामा शान्ति र असल शासनको मूल्यलाई गहिरो रूपमा प्रतिबिम्बित गरेको छ। जुन दिगो विकास लक्ष्यहरूका लागि विशेष महत्वको छ किनभने मानवअधिकार, समानता र समता, समावेशीकरण, ऐक्यवद्धता, बहुलता, जनता र आफू बस्ने वातावरणका लागि सम्मानका मूल्यमान्यता बिना असल शासन र शान्ति प्रत्याभूत गर्न सकिँदैन।

संघीय शासन प्रणालीको स्थापना पश्चात न्यायमा पहुँच सुधार गर्ने ठूलो सम्भावना देखिन्छ किनभने संविधानले स्थानीय स्तरका विभिन्न विवादहरू निरुपण गर्न स्थानीय सरकारलाई अर्धन्यायिक अधिकार प्रदान गरेको छ सो अनुसार स्थानीय तहमा रहने न्यायिक समितिहरूले सीमा विवाद, पानीको वितरण, बाँकी ज्याला, घरभाडा, बालीमा नोक्सान र अन्य धेरै विषयसँग सम्बन्धित मुद्दाहरू हेर्ने, र समाधान गर्ने गर्छन्। पहुँचमा कठिनाई वा जटिल प्रक्रियाका कारण औपचारिक अदालतहरूबाट न्याय पाउन समस्या भएको अवस्थामा स्थानीय सरकारको हातमा रहेको न्यायले महिला, बालबालिका र वृद्धवृद्धा विरुद्ध हुने हिंसालाई कम गर्न सक्छ। स्थानीय

न्यायीक समिति र समुदायको नेतृत्वमा सञ्चालन भइरहेको मेलमिलाप कार्यक्रमबीचको सहकार्यले बृहत शान्ति निर्माणका प्रयासहरूमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

असल शासनले पारदर्शिता, जवाफदेहिता र सक्षमताको माग गर्छ । साथै, आयमा असमानता उच्च रहेको अवस्थामा आर्थिक वृद्धिले गरिबी न्यूनीकरण गर्न पर्याप्त योगदान गर्न सक्दैन । राज्यका नीति तथा कार्यक्रमहरूमाथि टाठाबाठाहरूको ठूलो भूमिका रहेका स्रोत र अवसरका साथै "आवाज"मा पनि गरिबको पहुँच कम हुन्छ र विकास प्रक्रियाबाट बहिष्कृत हुन पुग्दछन । त्यसैकारण दिगो विकास लक्ष्यहरूले न्याय र शान्तिमा पहुँच र असल शासनमा बढी चासो देखाएका छन् । असल शासन र न्याय समुदायहरूको संलग्नता विना प्रदेशले शान्ति, र मानव विकास तथा गरिबी न्यूनीकरणमा दिगो प्रगतिको आशा पनि गर्न सक्दैन । यस सन्दर्भमा गण्डकी प्रदेशले विद्युतीय शासन (e-governance) लाई लागू गरेर शासकिय प्रणालीलाइ सुदृढ गर्ने योजना बनाएको छ ।

### ३.३.४ बहुसरोकार साझेदारी (दिगो विकास लक्ष्य १७)

**संघीय सरकार र प्रदेश सरकार बीच साझेदारीः** प्रादेशिक योजनाको कार्यान्वयनलाई प्रोत्साहन गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न सङ्घीय सहायता वृद्धि गर्नु पर्दछ । प्रतिबद्धता, स्रोत उपलब्धता र एजेण्डालाई अगाडि लैजाने तत्परताका बावजुद कार्यान्वयन क्षमताको सीमितताले दिगो विकास लक्ष्यहरूको प्राप्तिमा व्यवधान खडा नभएको सुनिश्चित गर्न संघीय सरकारसँगको सहकार्यलाई थप सुदृढ बनाउनु पर्दछ । तसर्थ, दिगो विकास लक्ष्य तर्जुमा र कार्यान्वयनमा समावेश भएको प्रादेशिक विकास रणनीतिमा सङ्घीय सरकारको सहयोगमा हुने प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम जस्तो क्षमता विकास कार्यक्रम एउटा महत्वपूर्ण अंशको रूपमा रहनु पर्दछ । यस कार्यक्रममार्फत संस्थागत, भौतिक साधन, सूचना प्रविधि र मानव संशाधनसम्बन्धी क्षमताको अभावलाई सम्बोधन गर्नु पर्दछ । विधि र प्रक्रियालाई सङ्घ र प्रदेशबीच सुव्यवस्थित गरिनु पर्दछ । सङ्घ र प्रदेशका प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमहरूले दिगो विकास लक्ष्यहरूलाई साकार पार्न एकअर्कालाई परिपूरण गर्ने काम गर्नु पर्दछ ।

**प्रदेश र स्थानीय सरकारबीच साझेदारीः** संघीय शासकीय स्वरूपअन्तर्गत दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय सरकार र प्रदेश सरकार बीच स्पष्ट सन्तुलन कायम गर्नु ज्यादै महत्वपूर्ण हुनेछ । यसका लागि प्रदेश सरकारले आवश्यक समन्वय र सहकार्य गर्नेछ । स्थानीय सरकारबाट पनि समन्वय र सहकार्यको अपेक्षा गरिन्छ ।

**सार्वजनिक, निजी र जनता (समुदायहरू) बीच साझेदारीः** दिविलहरू हासिल गर्न यस प्रदेशलाई वार्षिक रूपमा रु २०४ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ। त्यसैकारण, गण्डकी प्रदेश सरकारले निजी तथा सामुदायिक क्षेत्र जस्ता गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्नेछ। दिविलहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन गर्ने जिम्मेवारी सार्वजनिक, निजी र जनताबीचको त्रिपक्षीय साझेदारीमाथि रहनेछ। यहाँ विशेषगरी समुदायहरूका लागि साझेदारी भन्नाले स्रोतको साझेदारी मात्र नभई कार्यान्वयनको अनुगमन तथा खवरदारीलाई मानिएको छ। आर्थिक रूपमा सक्षम घरपरिवार हरूले दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि प्रत्यक्ष वा परोक्षरुपमा आयआर्जन, स्वरोजगार र सीप विकासका क्षेत्रमा योगदान गर्न सक्दछन।

गैरसरकारी संस्था, सहकारी र सामुदायिक संघ संस्थाहरूले समुदाय स्तरमा स्रोत परिचालन गरी दिगो विकास लक्ष्यहरू कार्यान्वयनमा सहयोग गर्न सक्छन्। उनीहरूले समुदायको नेतृत्वमा सञ्चालन हुने कार्यक्रमहरूमा रोजगारी सिर्जना गरेर सहयोग गर्नु पर्दछ। समुदायले स्वामित्व ग्रहण गरेको परियोजनाको कार्यान्वयन पक्ष तुलनात्मक रुपमा सहज हुन्छ। निजी क्षेत्रले स्वदेशी बजारका साथै वैदेशिक लगानीमार्फत आर्थिक क्षेत्रको विकासमा सहयोग गर्न सक्दछन्। साथै, निजी क्षेत्रले व्यवसाय सञ्चालन गरेर दिगो विकास लक्ष्यहरूको प्राप्तिमा योगदान गर्न सक्छन्। निजी क्षेत्रले मूल्य सिर्जना गर्ने क्रियाकलापहरूका लागि आन्तरिक स्रोत परिचालन गरेर गरिबका लागि सहयोगी आर्थिक वृद्धिलाई द्रुतता दिन सक्छ। मूल्य थप हुने (Value addition) क्रियाकलापहरूमा गरिने लगानीले रोजगारी सिर्जना र उद्यम विकासलाई सहयोग पुग्दछ।

निजी क्षेत्रले पर्यटनसँग सम्बन्धित सामग्री र खाद्यजन्य वस्तुहरूको व्यापार व्यवसायमा लगानी गरी रोजगारी र जीविकोपार्जनका क्षेत्रमा योगदान गर्न सक्दछन। साथै, निजी-सार्वजनिक साझेदारीमार्फत पूर्वाधारमा लगानी गरेर सरकारसँग साझेदारी गर्नसक्छ। त्यसका अतिरिक्त उनीहरू प्रत्यक्ष रूपमा लघुवित्तसहितको वित्तीय सेवाहरूमा र बाह्य वित्तीय स्रोतको परिचालनमा संलग्न हुनसक्छन्। त्यसैले एकातर्फ निजी क्षेत्रले रोजगारी, जीविकोपार्जन र आधार भूत सेवासुविधाहरूको पहुँचमार्फत दिगो विकासलाई द्रुत गति प्रदान गर्न सहयोग गर्नसक्छन भने अर्कोतर्फ लगानी सुनिश्चित मार्फत सक्षमता हासिल गरी कार्यान्वयन प्रक्रियाको खर्च कम गर्न सक्दछन्।

## ३.४ गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको गन्तब्य तथा कोशे्ुंगा

आधाररेखा तथ्याङ्क उपलब्ध रहेका दिगो विकास लक्ष्यको प्रमुख परिमाणत्मक लक्ष्य, सूचकहरूको राष्ट्रिय तथा गण्डकी प्रदेशको सन् २०२५ र २०३० गन्तब्य तथा कोशेढुंगा र अनुगमन तालिका खाँका सम्वन्धी विस्तृत विवरण तयार गरिएको छ । उक्त खाँका गण्डकी प्रदेशले तयार गरेको दिगो विकास लक्ष्यहरूको आधार तथ्याङ्क प्रतिवेदनमा आधारित भै तयार गरिएको छ । दिगो विकास लक्ष्यको स्थानीयकरण गरी लक्ष्यहरूको परिमाणात्मक सूचकहरूको गन्तब्य/कोशेढुङ्गा तयार गरिएको छ । यसको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ । गण्डकी प्रदेश सरकारले तय गरेको दिगो विकास लक्ष्य अनुसारको अवसर र चुनौतीको विवरण अनुसूची ३ र दिगो विकास लक्ष्य अनुसार संभावित कार्यक्रमहरू अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

### दिगो विकास लक्ष्य १: हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरूको गरिबीको अन्त्य गर्ने (End Poverty in All its forms everywhere)

नेपालको औषत तथा अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशमा सबैभन्दा कम गरिबी रहेको छ । यस प्रदेशमा राष्ट्रिय गरिबी रेखाअनुरूपको गरिबीको दर १४.९१ रहेको छ । यस प्रदेशमा झण्डै ३७१,००० व्यक्ति राष्ट्रिय गरिबीको रेखामुनि रहेका छन् । गरिबी रेखाको कुल गणना दरलाई कुनै व्यक्तिलाई बाँच्नका लागि आवश्यक न्यूनतम स्रोतको प्रतिनिधित्व गर्ने कुनै मापदण्ड (नेपाल श्रमशक्ति सर्वेक्षण, २०११ अनुसार वार्षिक रु. १९,२६१) भन्दा कम आय वा सम्पत्ति भएको जनसङ्ख्याको प्रतिशत भनेर बुझिन्छ । साथै गरिबीको रेखामुनि रहेका बालबालिकाहरू २८.३ प्रतिशत रहेका छन् । तथापि, प्रतिदिन १.९ अमेरिकी डलरमा मापन गरिएको गरिबीको दर भने ११.०९ प्रतिशत रहेको छ ।

दिगो विकास लक्ष्यहरूले गरिबीलाई सबै रूप र आयाममा पहिचान गरी त्यसलाई अन्त्य गर्ने प्रयास गर्दछन् । त्यसैले राष्ट्रिय मौद्रिक गरिबीलाई राष्ट्रिय बहुआयामिक गरिबी सूचकाङ्कसँग बुझ्न जरुरी छ। बहुआयामिक गरिबी सूचकाङ्कले शिक्षा, स्वास्थ्य र जीवनस्तर जस्ता आयामहरूमा समानान्तर रूपमा जनताले सामना गर्ने अति बञ्चितीकरणलाई प्रतिबिम्बित गर्छ। वहुआयामिक गरिबीको सूचकाङ्क ९.६ रहनुको अर्थ गण्डकी प्रदेशमा सबै सूचकहरूमा सबै व्यक्तिहरू बञ्चित हुने हो भने बहुआयामिक गरिबहरूले कुल बञ्चितीकरणको ९.६ प्रतिशतको सामना गर्छन् ।

बहुआयामिक गरिबी सूचकाङ्क प्रतिव्यक्ति दर र वञ्चितीकरणको उपज हो, जहाँ प्रति

व्यक्ति (हेड काउन्ट) सूचकाङ्क ९.६ रहेको छ । साथै, गण्डकी प्रदेश ११.६ प्रतिशत जनसङ्ख्यासहित नेपालको मध्यम आकारको प्रदेश हो ।

गरिबी न्यूनीकरण सामाजिक तथा आर्थिक वातावरणका विभिन्न पक्षहरूबीच हुने अन्तर्क्रियाको परिणाम हो । तसर्थ गरिबीको अन्त्य गर्न एकातर्फ शिक्षा, स्वास्थ्य र सेवा सुविधाहरूमा सबै नागरिकको पहुँच बृद्धि गर्ने र अर्कोतर्फ कृषिक्षेत्रमा रोजगारी बृद्धि गरी उत्पादन र उत्पाकतत्व बृद्धिमा जोड दिन जरुरी छ ।

**दिगो विकास लक्ष्य २: भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने (End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture)**

गण्डकी प्रदेशमा प्रति व्यक्ति खाद्यान्न उत्पादन २३४ के.जी. रहेको छ भने राष्ट्रिय प्रतिव्यक्ति खाद्यान्न उत्पादन १९७ केजी रहेको छ । यद्यपि, साना किसानको औसत वार्षिक आम्दानी रु. ४४,७०९ को राष्ट्रिय औसत भन्दा बढी छ । करिव ४४.२१ प्रतिशत जनसङ्ख्या आफ्नो दुई तिहाई आम्दानी खाद्यान्नमा खर्च गर्छन् । खाद्यान्नमा कुल खर्चको अंश प्रतिबिम्वित गर्ने सूचकहरूले दिगो विकास र गरिबीबाट जनतालाई बाहिर ल्याउने प्रदेश सरकारको आकाङ्क्षालाई अर्थपूर्ण प्रभाव प्रदान गर्छन् र खाद्य सामग्री बहन गर्ने क्षमता बढाउँछ ।

मानिसहरूको प्रति व्यक्ति आय बढेपछि आयमा खाद्यान्न खर्चको अंश कम हुन जाने "एन्जेल्स ल" ले बताउँछ । सो सूचकले जनतालाई गरिबीबाट माथि उठाउने र खाद्य सामग्रीको बहन क्षमता बढाउने प्रदेश सरकारको आकाङ्क्षाका लागि अर्थपूर्ण पृष्ठपोषण गर्छ । खाद्यान्नको बहन क्षमतालाई खाद्यान्नको उत्पादकत्व र उपलब्धताले सुदृढ बनाउने गर्छ । खाद्यान्नको बहन क्षमता र उपलब्धता दुवै मिलेर जनताको स्वास्थ्य र समृद्धिलाई थप बल पुर्‍याउने काम गर्छ ।

**दिगो विकास लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने (Ensure healthy lives and promote well-being for all at all ages)**

स्वास्थ्यमा दिविलहरूको तथ्याङ्कले गण्डकी प्रदेशमा प्रजनन् उमेरका करिव २४.२ प्रतिशत महिला अदृश्य भोकमरी र रक्तअल्पताबाट पीडित रहेको देखाउँछ जसका कारण जन्मिएका वच्चाहरूमा शारिरीक तथा मानसिक विकास कमजोर हुने जोखिम रहन्छ ।

पाँच वर्ष मुनिका बालबालिकामा कुपोषणको दर उच्च छ । मानव विकासको लागि चाहिने उमेर अनुसारको उचाइ नपुगेका पाँच वर्ष मुनिका बच्चाहरू २८.९ प्रतिशत, उचाई

अनुसार वजन नपुगेका ३.७ प्रतिशत र उमेर अनुसार वजन नपुगेका १४.९ प्रतिशत रहेका छन् जुन राष्ट्रिय औषतस्तर भन्दा कम हो । प्रजनन् उमेरका २४.२ प्रतिशत महिलाहरूमा रक्तअल्पता रहेको छ । प्रदेशमा महिलाहरूले मापदण्ड अनुसार प्रसवोत्तर सेवा नलिने प्रवृत्तिले कुपोषणको प्रवलतालाई बल पुऱ्याउने काम गरिरहेको देखिन्छ । उच्चस्तरको प्रसवोत्तर सेवा रहेको प्रदेशहरूमा कुपोषणको मात्रा कम रहेको पाइन्छ । गण्डकी प्रदेशमा पाँच वर्ष मुनिका बालबालिकामा कुपोषणको दर २८.९ प्रतिशत रहेको छ, जहाँ १४ प्रतिशत महिलाहरू मापदण्ड अनुसारको तीन पटक प्रसवोत्तर स्वास्थ्य सेवा लिने गर्छन् ।

मानव स्वास्थ्य गहिरो रूपमा बहुआयामिक अवधारणा हो । साथै, २०३० एजेण्डामा स्वास्थ्य परिमाणात्मक लक्ष्य र अन्य परिमाणात्मक लक्ष्यहरूबीच विविध अन्तर्क्रिया रहेको कुरामा बलियो वैज्ञानिक सहमति छ । जस्तैः स्वास्थ्यका परिणामहरू पहुँच योग्यता, धान्नसक्ने क्षमता र शिक्षाबाट बलियो रूपमा प्रभावित हुन्छन् । विगतको तुलनामा नेपालका मानिसहरू आज स्वस्थ जीवन बाँचिरहेका छन् । यद्यपि, उनीहरू अनावश्यक रूपमा अझै पनि निवारण गर्न सकिने रोगहरूबाट पीडित भइरहेका छन् र धेरैको अल्पआयुमै मृत्यु भइरहेको छ । दिविलहरूमा परिकल्पना गरिएको जस्तो स्वस्थ जीवनका लागि रोग र खराब स्वास्थ्यबाट टाढा रहन एकिकृत र दिगो प्रयासहरूद्वारा सर्वप्रथम निवारण गर्न सकिने रोगहरूको नियन्त्रण हुनुपर्छ ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणले गण्डकी प्रदेशमा १५ वर्ष माथिका करिव ३२.१ प्रतिशत पुरुष र ३८.१ प्रतिशत महिलाले उच्च रक्तचापको औषधि सेवन गरिरहेको देखाउँछ । उच्च रक्तचाप अस्वस्थकर खाना, विशेषगरी नुनिलो खाना र शारीरिक निष्क्रियतासँग सम्बन्धित छ । यसैगरी गण्डकी प्रदेशमा १५ देखि ४९ वर्ष उमेर समूहका १९.३ महिलाहरूले परिवार नियोजनको साधनको प्रयोग बारे आफै सुसूचित भएर निर्णय लिने गरेका छन् । यौन तथा प्रजनन् अधिकारमा पहुँच र प्रयोगले सरुवा रोगहरू अन्त्य गर्ने कार्यलाई बल पुऱ्याउँछ । झण्डै ५४ प्रतिशत घरपरिवारलाई स्वास्थ्य केन्द्रसम्म पुग्न ३० मिनेट समय लाग्ने गरेको छ, र ८.३५ प्रतिशत जनसङ्ख्याले घरपरिवारको आयको ठूलो हिस्सा स्वास्थ्यमा खर्च गर्ने गरेका छन् ।

यस प्रदेशमा चार पटक प्रसवपूर्व स्वास्थ्य जाँच सेवा लिने महिलाहरूको प्रतिशत ५९ रहेको छ, जुन प्रदेशहरू मध्ये तेस्रो उच्च हो । प्रसवपूर्व स्वास्थ्य सेवाको उपयोग र नवजात शिशुको मृत्युदरबीच रहेको अन्तर्निहित सम्बन्ध आउँदो भागमा छलफल गरिएको प्रदेशहरूबीचको तुलनात्मक विश्लेषणवाट स्पष्ट हुन्छ । चार पटकसम्म प्रसवपूर्व स्वास्थ्य सेवाको उपभोग गर्ने महिलाहरूको प्रतिशत न्यून रहेको ठाउँमा नवजात मृत्युदर उच्च रहेको पाइन्छ । गण्डकी

प्रदेशमा स्वास्थ्य केन्द्रमा सुत्केरी हुने प्रतिशत पनि सबैभन्दा उच्च (६८ प्रतिशत) रहेको छ । यहाँका ९४.७ प्रतिशत शिशुहरूले डिपीटी, हेपाटाइटीस बी र एचआइभी खोपको तीन मात्रा लिने गर्छन् । नवजात शिशुको मृत्युदर न्यून गर्ने उपायहरू सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छतामा पहुँचसहित आधारभूत स्वास्थ्य सेवा, खाद्यान्न र शिक्षामा पहुँचसँग सम्बन्धित छन् ।

**दिगो विकास लक्ष्य ४: समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all)**

शिक्षाको दिविल अन्य दिविलहरूसँग कुनै न कुनै रुपमा अन्तरसम्बन्धित छ । जस्तैः गरिबी, स्वास्थ्य, लैङ्गिक समानता, आर्थिक वृद्धिमा शिक्षाको प्रत्यक्ष प्रभाव पर्दछ। त्यसैगरी अन्य क्षेत्रमा हुने प्रगतिले शिक्षामाथि धेरै तरिकाले समानान्तर प्रभाव पार्नसक्छ।

१५ देखि २४ वर्षका पुरुष र महिलाबीचको साक्षरता दर पुरुष र महिलाका लागि क्रमशः ९४.८ र ८६.३५ प्रतिशत रहेको छ । प्रदेशमा ४,६०७ वटा विद्यालयहरू छन् र प्राथमिक विद्यालयमा औसत भर्ना दर ९६.७ प्रतिशत रहेको छ, जसमा लैङ्गिक समानता प्राथमिक विद्यालयमा १.०३ नजिक रहेको छ । उच्चस्तरको औसत भर्ना दरले आधिकारिक विद्यालय जाने उमेरका जनसङ्ख्यालाई समेट्ने कार्य उच्च रहेको देखाउँछ । प्राथमिक तहमा कुल भर्ना दर १३२.१ रहेको छ (कुल भर्ना दरले उमेरका वाबजुद प्राथमिक शिक्षामा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्यालाई प्रतिनिधित्व गर्दछ, जसलाई आधिकारिक प्राथमिक विद्यालय उमेरका विद्यार्थीहरूको सङ्ख्याले भाग गरिन्छ) । प्राथमिक र आधार भूत दुवै तहमा कुल भर्ना दरको विश्लेषणले प्राथमिक तहमा बढी वा कम उमेरका बालबालिका धेरै रहेको देखाउँछ ।

लैङ्गिक समानता सूचकाङ्क प्राथमिक विद्यालय र निम्नमाध्यमिक विद्यालयमा क्रमशः १.०३ र १.०१ रहेको छ । सामाजिक तथा आर्थिक सूचकाङ्कका रूपमा रहेको लैङ्गिक समानता सूचकाङ्कले विकास पुरुष र महिलाहरूको शिक्षामा तुलनात्मक पहुँचलाई मापन गर्दछ। लैङ्गिक समानता सूचक १ बराबर हुनुको अर्थ महिला र पुरुषबीच समानता भएको सङकेत हो। लैङ्गिक समानता सूचकाङ्क गण्डकी प्रदेशमा निम्न प्राथमिक तहमा १ भन्दा बढी रहेको छ, यसले छात्रको तुलनामा छात्रा पछाडि रहेको दर्शाउँछ।

शासन सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र क्षमता कमी भएका कारण गरिब तथा सङ्कटासन्न व्यक्तिहरूले सबैभन्दा बढी दुख पाउँछन् । आय असमानता उच्च भएको अवस्थामा आर्थिक वृद्धिले गरिबी कम गर्दैन । जब राज्यका नीति तथा कार्यक्रमहरू कुलीनद्धारा कब्जा गरिन्छन, तब गरिबको स्रोत साधनहरूमा पहुँच हुँदैन, अवसरहरू संकुचित हुन्छन् र आवाजहरू सुनिदैनन् । दिगो विकास लक्ष्यहरूले यी मूलभूत विषयहरूमा सबै तहहरूमा प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरू निर्माणमा जोड दिन्छन् ।

नेपालको संविधान अनुसार एकात्मक राज्य संरचनाहरू पुनसंरचित भई संघीय शासन प्रणालीमा रुपान्तरित भएका छन् । संघ, प्रदेश र स्थानीय तहमा प्रशासनिक संरचनाहरू खडा भइ कार्य सञ्चालन गरिरहेका छन् । समुदायको सहभागिता वृद्धि तथा तल्लो तहमा

जवाफदेहिता प्रवर्द्धन गर्दै अझ बढी प्रभावकारी रुपमा सेवा प्रवाह गर्न उपराष्ट्रिय तहका संस्थाहरूको पुनःडिजाइन तथा निर्माण गर्ने यो नै उपयुक्त समय हो । द्वन्द्ध पश्चातको सत्य निरुपण र मेलमिलाप, भौतिक संरचनाको पुननिर्माण, महाभूकम्प २०७२ तथा बाढी पश्चातको पुनर्निर्माण, कोभिड १९ बाट पुनर्लाभका कार्यहरूको तर्कयुक्त निष्कर्षमा पुग्न आवश्यक छ । संघीय शासन प्रणालीको स्थापना पश्चात् स्थापित प्रदेश तथा स्थानीय सरकारहरूले प्रदेश तथा स्थानीयस्तरमा गर्नुपर्ने आर्थिक सामाजिक विकास र वातावरण सन्तुलनका विषयहरूलाई तिब्रता दिन आवश्यक छ ।

विश्वसनीय तथ्याङ्कसहितको सुदृढ अनुगमन तथा प्रतिवेदन प्रणाली दिगो विकास लक्ष्यहरूको सफलताको लागि अति जरुरी छ । सुदृढ अनुगमन तथा बलियो तथ्याङ्क प्रणाली भएको प्रदेश तथा स्थानीय सरकारले मात्र यस्ता लक्ष्यहरूको प्रगति मापन गर्न सक्दछन् । तथ्याङ्क व्यवस्थापनमा विकास साझेदार तथा संयुक्त राष्ट्र सघीय निकायहरूबाट भइरहेको सहयोग निरन्तरता दिनुपर्दछ र प्रदेश तथा स्थानीय सरकारले पनि केन्द्रिय तथ्याङ्क विभागसँग समन्वय गरी तथ्याङ्कको खाडल पूर्ति गर्नुपर्दछ । प्रदेशस्तरको तथ्याङ्क व्यवस्थापन सम्बन्धी कानूनी, संस्थागत व्यवस्था र स्रोतसाधन उपलव्ध गराई तथ्याङ्क कार्यालय स्थापना गर्नुपर्दछ र स्थानीय स्तरमा पनि तथ्याङ्क व्यवस्थापन सम्बन्धी विज्ञ कर्मचारी र स्रोतको व्यवस्था तत्काल गर्नुपर्दछ ।

तथ्याङ्कलाई लैंङ्गिक, उमेर, जातजाती, अपाङ्गता र स्थानगत रुपमा र आयस्तरअनुसार खण्डीकरण, परिभाषा, मापनका एकाइ, गणना विधि अनुसार स्तरीकरण गर्ने जस्ता चुनौतीहरू रहेका छन् । गण्डकी प्रदेशमा १२५ भन्दा बढी परिमाणात्मक लक्ष्यका सूचकहरूको आधार तथ्याङ्क उपलब्ध हुन सकेको छैन । सरकारद्धारा अभिलेख गरिएका तथ्याङ्क र गैर-सरकारी संस्था तथा नीजि सेवा प्रदायक संस्थाहरू संकलन गरेका तथ्याङ्कहरू बीच पनि ठूलो अन्तर छ ।

विश्वमा उपलब्ध नविनतम तथ्याङ्क संकलन विधि तथा प्रविधिहरू अझैपनि नेपालको सन्दर्भमा सो रुपमा विस्तार र प्रयोग हुन सकेको छैन । प्रदेश र स्थानीय स्तरमा नवीन प्रविधिमा आधारित तथ्याङ्क प्रणालीको विकास हुन जरुरी छ । विशेष गरी सरकार बाहिरका स्वतन्त्र अनुगमन निकायहरूको निमित्त सरकारी र अझ निजी क्षेत्रको तथ्याङ्कमा पहुँच उपलब्ध हुने विषय ठूलो चुनौतीको रुपमा रहेको छ । प्रदेश तथा स्थानीय तहमा दिगो विकास लक्ष्यहरूको अनुगमन तथा प्रगति मापनका लागि सामयिक तथा उच्च गुणस्तरीय तथ्याङ्क उत्पादन, व्यवस्थापन र उपभोग गर्न तथ्याङ्क प्रणाली सम्बन्धी कानूनी, संगठनात्मक र कार्यासञ्चालन (प्रविधि र मानव श्रोत) व्यवस्था गर्नुपर्ने देखिन्छ । सरकारी तथा गैर सरकारी पक्षहरू बीच

समन्वय र सहकार्यले दिगो विकास लक्ष्यहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न सक्दछ । प्रदेश सभाको भूमिका दिगो विकास लक्ष्यहरूको कार्यान्वयन, अनुगमन तथा प्रगति मापनमा सहयोग, सहजीकरण र नियमन गर्ने कानूनहरूको निर्माण र परिमार्जन गर्ने हुन्छ भने सभा अन्तर्गतका संसदीय समितिहरूले प्रगति अनुगमनमा प्रभावकारी भमिका निर्वाह गर्न सक्दछन् ।

दिगो विकास लक्ष्यहरू नेपालको संविधानमा व्यवस्था गरिएको नागरिकको मौलिक अधिकारहरूका साथै देशलाई समनतायुक्त मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने देशको मार्गचित्र अनुरुप रहेका छन् । यसैगरी दिगो विकास लक्ष्यको कार्यान्वयनमा गण्डकी प्रदेशले महत्वका साथ लिएको कुरा मुख्यमन्त्रीको संयोजकत्वमा गठन भएको दिगो विकास लक्ष्य निर्देशक समिति, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्जमा दिगो विकास लक्ष्य समन्वय समिति र प्रदेश नीति तथा योजना आयोगका सदस्यहरूको संयोजकत्जमा विषयगत अनुगमन तथा मूल्याङ्कन समितिको व्यवस्थाले स्पष्ट गरेको छ । यद्यपी दिगो विकास लक्ष्यहरूको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न, दिगो विकास लक्ष्यका सूचकहरूको अनुगमन तथा मूल्याङ्कन गर्न तथा प्रगति मापन गरी प्रतिवेदन गर्न गण्डकी प्रदेशमा थुप्रै थप कार्यहरू गर्न जरुरी छ । दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन तथा हासिल गर्ने विषय स्थानीय सरकारहरूमा बढी निर्भर रहने हुँदा संघ तथा प्रदेशको जस्तै संरचनाहरूको व्यवस्था स्थानीय तहमा पनि गनुपर्ने देखिन्छ ।

नेपाल सरकारसँग नीति, कार्यक्रम र आयोजनाको प्रगति अनुगमन गर्न निकै राम्रो अनुगमन तथा मूल्याङ्कन प्रणाली उपलब्ध रहेको छ । राष्ट्रिय योजना आयोगले अन्य कुराको अतिरिक्त राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई संशोधन गरी दिगो विकास लक्ष्यमैत्री बनाएको छ । यसैगरी गण्डकी प्रदेश सरकारले पनि दिगो विकास लक्ष्यहरू समेत प्रदेश तथा स्थानीय सरकारको नीति, कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्नको निमित्त प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ तयार गरेको छ । गण्डकी प्रदेशले यस दिग्दर्शनमा योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई नतिजामा आधारित पद्धतिको आन्तरिकीकरणको व्यवस्था गरेको छ । साथै गण्डकी प्रदेशले दिगो विकास लक्ष्यहरू: गण्डकी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन तयार गरेको छ । यस्तै गण्डकी प्रदेशले प्रथम पञ्चवर्षिय योजना, शिक्षा, पर्यटन लगायतका विषयगत नीति तथा योजनामा दिगो विकास लक्ष्यहरूलाई एकीकरण गर्ने प्रयास गरेको छ । यसका अलवा मध्यमकालीन खर्च संरचना तथा बार्षिक बजेट कार्यक्रमहरूमा दिगो विकास लक्ष्यहरू सहित रणनीतिक स्तम्भ,

प्राथमिकताक्रम, लैंङ्गिक तथा जलवायु संकेत प्रदान गरी बार्षिक बजेट तथा कार्यक्रमको साँकेतीकरण गर्दै आइरहेको छ ।

राष्ट्रियस्तरमा जस्तै प्रदेशस्तरमा समाधान हुन नसकेका अवरोध हटाउन तथा समस्याको समाधान गर्न मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश विकास समस्या समाधान समितिको बैठकमा यस विषयलाई महत्व दिनु पर्दछ । यस समितिले दिगो विकास लक्ष्य सम्वन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको प्रगतिको समीक्षा गर्नुका साथै विकास सम्बन्धभा मन्त्रालयस्तरमा समन्वयको कार्य गर्नेछ ।

## ४.३ दिगो विकास लक्ष्य स्थानीयकरण रणनीति

राष्ट्रिय रणनीतिको स्थानीय अपनत्व प्रवर्द्धन अति नै महत्वपूर्ण छ। दिगो विकास लक्ष्यको मार्गचित्र भनेको प्रदेश तथा स्थानीय तहमा यसको कार्यान्वयन, अनुगमन र उपलब्धीहरूको आवधिक समीक्षाको खाका हो । साथै दिगो विकास लक्ष्यको स्थानीयकरण उपराष्ट्रिय तहको नीति, योजना, रणनीति तथा कार्यदिशा सहितको अपेक्षित उपलब्धी हासिल गर्ने चरणहरू र कोशेढुङ्गाहरू समावेश भएको रणनीतिक योजना हो । दिगो विकास लक्ष्यहरू प्राप्त गर्न तथा सन् २०३० को एजेण्डा हासिल गर्नका लागि नै दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु परेको हो । यसले प्रदेश तथा स्थानीय सरकारहरू र उनीहरूको संघ तथा महासंघहरूलाई दिगो विकास लक्ष्य कार्यान्वयन र अनुगमनमा सहयोग गर्दछ भने प्रदेश तथा स्थानीय तहको दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार लगायत नीति निर्माण गर्ने तहलाई उपयुक्त वातावरणका लागि दवाव सिर्जना गर्न पनि सहयोग पुऱ्याउँदछ। दिगो विकास लक्ष्य मार्गचित्र निर्देशनात्मक भन्दा पनि दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने रणनीतिक मार्गचित्र हो । दिगो विकास लक्ष्य स्थानीयकरणका चारवटा रणनैतिक पक्षहरूलाई संक्षिप्त रुपमा देहायअनुसार उल्लेख गरिएको छ। मार्गचित्रको कार्यान्वयनका लागि प्रदेश सरकारले गर्नु पर्ने केही क्रियाकलापहरूको उदाहरण **अनुसूची** २ मा प्रस्तुत गरिएको छ ।

### ४.३.१ जागरण सिर्जना गर्ने (Awareness Raising)

दिगो विकास लक्ष्य कार्यान्वयन र अनुगमनका लागि वहुसरोकार निकायहरूको भूमिका अहम् हुन्छ । तसर्थ प्रदेश तथा स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, बौद्धिक वर्ग, व्यक्तिगत नागरिकहरूको सहभागिता र सम्लग्नतालाई सुनिश्चित गर्नु अनिवार्य हुन्छ । दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि प्रदेश तथा स्थानीय तहमा जागरण

सिर्जना गर्न (Awareness Raising) आवश्यक छ । तसर्थ दिगो विकास लक्ष्यको सान्दर्भिकता र यसले नागरिकहरूको दैनिक जीवनमा पार्ने सकारात्मक प्रभावका बारेमा समुदाय तहसम्म जानकारी गराउन उत्तिकै जरुरी हुन्छ । मुख्यतः यसले नागरिकको दैनिक जीवनमा पर्ने विभिन्न किसिमका चूनौतीहरू जस्तै गरिबी, लैङ्गिक असमानता, जलवायु परिवर्तन, असुरक्षा लगायत गुणस्तरीय शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी ऊर्जा, वायु, आवास, प्राकृतिक संपदाको संरक्षण जस्ता विषयहरू संवोधन गर्न दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक भएको कुरा जनमानसमा जानकारी पुऱ्याउनु पर्दछ ।

साथै प्रदेश तथा स्थानीय तहका हरेक वर्ग, समुदाय र तहमा दिगो विकास लक्ष्यको अपनत्व अभिबृद्धि गर्नका लागि पनि जागरण कार्यक्रमको महत्वपूर्ण भूमिका हुने गर्दछ । जागरण सिर्जना गर्ने भनेको सबै सरोकारवालाहरूलाई दिगो विकास लक्ष्यका बारेमा जानकारी गराउने मात्र नभई दिगो विकास लक्ष्य प्राप्तिका लागि नागरिक लगायत सबै पक्षको क्षमता विकास गर्ने विषय पनि सँगसँगै आउँदछ । तसर्थ प्रदेश तथा स्थानीय सरकारहरूले सन् २०३० एजेण्डाको पहिचान तथा आत्मसात् गर्न आवश्यक छ । यसका लागि कार्ययोजनाको ढाँचा र संयन्त्रको निर्माण गरी नागरिकहरूको सहभागिता र संस्थागत उत्तरदायित्व सुदृढ गर्नुपर्दछ ।

दिगो विकास लक्ष्यहरू सम्बन्धमा नागरिकको बुझाई र अपनत्व अभिवृद्धि गर्ने कार्य प्रदेश तथा स्थानीय सरकारको भूमिका हो । सचेतना अभिवृद्धिले नागरिकलाई दिगो विकास लक्ष्यहरूका बारेमा जानकारी दिने मात्र नभई उनीहरूको दैनिक जीवनमा दिगो विकास लक्ष्यहरू हासिल गर्न सहभागि हुन उनीलाई सशक्त बनाउनु पनि हो । कार्ययोजनाको ढाँचाको रुपमा २०३० को एजेण्डलाई पहिचान गर्न प्रदेश तथा स्थानीय सरकारलाई सहयोग गर्नुपर्दछ । दिगो विकास लक्ष्य सम्बन्धी सचेतना अभिवृद्धि अभियानहरूले दिगो विकास लक्ष्यहरू विश्वभरिका साधारण नागरिकहरूसँग सम्बन्धित छन् भन्ने जानकारी प्रदान गर्दछन् ।

नागरिक तहसम्म जागरण सिर्जना गर्न विभिन्न किसिमका क्रियाकपालहरू सञ्चालन गर्न आवश्यक  हुन्छ । जस्तैः प्रवचन, वहस, कार्यशाला, छलफल कार्यक्रम, रेडियो, टेलिभिजन र नयाँ सञ्चारका माध्यम मार्फत प्रचार प्रसार, व्यानर तथा पम्प्लेट, सामाजिक सञ्जाल (यूट्युव, फेसवुक आदि), चलचित्र पर्दा, डिजिटल डिस्प्ले, ऱ्याली, कन्सर्ट, सार्वजनिक यातायातमा अभियान, सम्मान कार्यक्रम, उत्तम अभ्यासहरूको सार्वजनिकीकरण, ख्याती प्राप्त कलाकारहरूलाई दिगो विकास लक्ष्य दूत बनाई प्रचारप्रसार, अनौपचारिक शिक्षा आदिका माध्यम मार्फत नागरिक तहमा दिगो विकास लक्ष्यका वारेमा जानकारी दिन सकिन्छ । यस अभियानमा महिला र किशोरीहरूको सहभागिताको पूर्णरुपमा सुनिश्चित गर्नुपर्दछ ।

त्यसैगरी, स्थानीय तहका संघ तथा महासंघहरू जस्तै गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघका प्रदेशस्तरीय संरचना तथा र जिल्ला समन्वय समितिहरू मार्फत स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूलाई दिगो विकास लक्ष्यको स्थानीयकरणको महत्व, आवश्यकता र स्थानीय सरकारको भूमिकाका बारेमा सचेतीकरण गराउन उपयुक्त हुन्छ। यसका साथै सम्वन्धित स्थानीय सरकारको नेतृत्वमा स्थानीय तहका नागरिक समाज, गैर सरकारी संघ/संस्था, निजी क्षेत्र लगायतका सरोकारवाला निकायका प्रतिनिधिहरूलाई सचेतीकरण गर्न सकिन्छ । यसैगरी गैसस महासंघ लगायतका जिल्ला तथा प्रदेशस्तरीय संरचनाहरूसँगको सहकार्यबाट दिगो विकास लक्ष्यको आवश्यकता र महत्वका बारेमा सबै तहमा जानकारी पुऱ्याउन आवश्यक छ ।

प्रदेश सरकारले स्थानीय तहहरूको नेतृत्वमा दिगो विकास लक्ष्य सम्वन्धी शिक्षा र सचेतना सिर्जना गर्ने कार्यक्रम मार्फत दिगो विकास लक्ष्य स्थानीयकरणलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न सक्दछ । यस परियोजना मार्फत स्थानीय तहका संघ तथा महासंघहरू, नागरिक समाज, गैर सरकारी संघ/संस्था लगायत नीजि क्षेत्रको क्षमता विकास गरी उनीहरू मार्फत सचेतना कार्यक्रम नियमित रुपमा सञ्चालन गर्नु पर्दछ। साथै यी निकायहरूका वीचमा समन्वय र सहकार्य गर्ने वातावरण समेत बनाउनु पर्दछ । प्रदेश सरकारले गर्ने केही महत्वपूर्ण कार्यहरू बूदाँगत रुपमा निम्नानुसार हुन सक्दछन् :

(१) प्रदेश सरकार र स्थानीय तहको हरेक नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सचेतीकरण र जागरणको विषयलाई उच्च प्राथमिकता दिने ।

(२) दिगो विकास लक्ष्यको सचेतीकरण र जागरणका अलग्गै कार्यक्रमहरू सञ्चालन गर्ने ।

(३) अभ्यासमा रहेका तथा नयाँ मञ्चहरू गठन गरी प्रदेश र स्थानीय तहको जागरण अभियानमा सम्लग्न गराउने ।

(४) सामाजिक सञ्जाल लगायत परम्परागत विधिको प्रयोग गरी सबै तह र तप्काका समुदायहरूसम्म पुगी जागरण अभियान सञ्चालन गर्ने ।

(५) स्थानीय कला तथा संस्कृतिको माध्यममार्फत दिगो विकास लक्ष्यलाई प्रचार प्रसार गर्ने ।

(६) लैङ्गिक समावेशीताको सुनिश्चित गरी आवश्यक संयन्त्रहरूमार्फत जागरण अभियानमा सहभागी गराउने ।

(७) सबै शैक्षिक संस्थाहरू मार्फत दिगो विकास लक्ष्यहरूका बारेमा सचेतना तथा जागरण गराउने ।

(८) दिगो विकास लक्ष्यको प्रभावलाई बढीभन्दा बढी प्रभावकारी बनाउन प्रदेश तथा स्थानीयतह

स्तरमा राष्ट्रियरुपमा ख्याती प्राप्त सेलिब्रेटीहरूलाई दिगो विकास लक्ष्य दूत/प्रतिनिधि (Ambassador) का रूपमा परिचालन गर्ने ।

(९) दिगो विकास लक्ष्यको महत्व र आवश्यकतालाई समुदायतहसम्म पुऱ्याउन स्थानीय तहहरूलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

### ४.३.२ **वकालत गर्ने (Advocacy)**

नेपाल सरकारले दिगो विकास लक्ष्यसँग सम्वन्धित धेरै कार्यहरू गर्दै आएको छ। ती मध्ये दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०, दिगो विकास लक्ष्य (२०१६-२०१९) प्रतिवेदन, प्रगति मूल्यांकन लगायत राष्ट्रिय स्तरको दस्तावेजहरू तयार गरेको छ । दिगो विकास लक्ष्य १६ (शान्ति, न्याय र समावेशी समाज) को मार्गचित्र समेत तयार गरेको छ । त्यसैगरी दिगो विकास लक्ष्य स्थानीयकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका पनि तयार छ । यस पृष्ठभूमीमा नेपाल सरकारले तय गरेका दिगो विकास लक्ष्यसँग सम्वन्धित रणनीतिहरूलाई प्रदेश तथा स्थानीय तहसम्म पुऱ्याई दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको धेरैजसो जिम्मेवारीहरू उनीहरूलाई हस्तान्तरण गर्न आवश्यक हुन्छ । किनकी नेपाल सरकारको एकल प्रयासबाट मात्रै दिगो विकास लक्ष्यका उपलब्धीहरू हासिल गर्न कठिन हुन्छ ।

वकालत र पैरवी (Advocacy) कार्यका लागि प्रसस्त मात्रामा तथ्यमा आधारित सूचनाहरूको आवश्यकता पर्दछ । तसर्थ प्रदेश सरकारले विभिन्न विश्वविद्यालयहरू, अध्ययन अनुसन्धान गर्ने संघ/संस्थाहरूसँग सहकार्य गरी आवश्यक तथ्यपरक सूचनाका आधारमा दिगो विकास लक्ष्य सम्वन्धमा विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा समुदायतहसम्म आवश्वयक पर्ने वकालत (Advocacy) र पैरवीका कार्यहरू गर्न आवश्यक हुन्छ । प्रदेश तथा स्थानीय तहमा निर्माण हुने विषय क्षेत्रगत जस्तै शिक्षा, स्वास्थ्य, आयआर्जन र रोजगारी, पर्यटन प्रवर्धन, खानेपानी तथा सरसफाई, ऊर्जा तथा इन्धन आदि सँग सम्वन्धित नीतिहरू तर्जुमा गर्दा नेपाल सरकारले तय गरेका रणनीतिहरूसँग तादम्यता हुने गरी दिगो विकास लक्ष्यलाई प्राथमिकतामा राख्नु पर्ने विषयको निरन्तर वकालतको आवश्यकता हुन्छ । तसर्थ यसका लागि पनि प्रदेश स्तरमा गठन हुने दिगो विकास लक्ष्यसँग सम्वन्धित निर्देशक समिति तथा अन्य विषयगत समितिहरू, स्थानीय तहका प्रदेशस्तरीय संघ तथा महासंघहरू, जिल्ला समन्वय समितिहरू लगायत अन्य गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्न उपयुक्त हुन्छ। प्रदेश स्तरमा दिगो विकास लक्ष्यको अनुगमन र मूल्यांकनका लागि पनि यी संयन्त्रहरूलाई वकालत र पैरवीको कार्यमा परिचालन गरी गर्नु जरुरी छ ।

दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु भनेको अधिकारको विकेन्द्रीकरण र निक्षेपण हो । तसर्थ दिगो विकास लक्ष्य प्राप्त गर्न स्थानीय तहमा अधिकारको प्रत्यायोजन सँगसँगै वित्तीय विकेन्द्रीकरणको पनि सुनिश्चित हुनु पर्छ । तसर्थ प्रदेश सरकारले दिगो विकास लक्ष्य स्थानीयकरण गर्न, प्रदेश मन्त्रालय, अन्तर्गतका निकाय तथा गाउँपालिका र नगरपालिकाहरूलाई थप वित्तीय सहयोग उपलब्ध गराउनु पर्दछ ।

दिगो विकास लक्ष्य सम्बन्धी वकालती प्रक्रियामा प्रदेश तथा स्थानीय सरकारहरूले उनीहरूको सन्देश तथा विचारहरूलाई प्रमाणमा आधारित बनाउनु पर्दछ । प्रदेश तथा स्थानीय सरकारहरूले उनीहरूको ज्ञान र अनुभवमा आधारित एकीकृत राजनीतिक सन्देशको आधारमा संवादलाई योगदान गर्न सक्दा अझ यो प्रभावकारी हुन सक्नेछ । वकालती कार्यको लागि आवश्यक सूचना तथा प्रमाण संकलन गर्न विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्नु उपयुक्त हुन्छ । दिगो विकास लक्ष्यको स्थानीयकरणको लागि उपयुक्त वातावरण सिर्जना गर्नका लागि देहायबमोजिमको रणनीतिहरू अबलम्बन गर्नुपर्दछः

(क) कानूनी तथा राजनीतिक ढाँचा जस्ले लोकतान्त्रिक संस्कृति प्रवर्द्धन गर्दछ र मानवअधिकारको सम्मान गर्दछ ।

(ख) प्रदेश र स्थानीय तहको व्यवस्थापकीय अधिकारले प्रदेश तथा स्थानीय सरकारलाई कानूनी अधिकार, वित्तीय स्वायत्तता, स्पष्ट रुपमा परिभाषित भूमिका तथा जिम्मेजारी र नागरिकको आवाजको बारेमा राष्ट्रिय सरकारसँग प्रतिरक्षा गर्न सक्ने क्षमता सहितको स्वायत्त सरकारको रुपमा स्थापित गर्नुपर्दछ ।

(ग) वहुतहको शासन प्रणाली र वहुसरोकारवालाको साझेदारीलाई प्रवर्द्धन गर्नुपर्दछ ।

(घ) अन्तर सरकार वित्तीय हस्तान्तरणले संघीय सरकारले प्रदेश तथा स्थानीय सरकारहरूलाई उनीहरूलाई प्रदान गरिएको अधिकार तथा जिम्मेवारी र स्रोत सीमा बीचको असन्तुलनलाई सुधार गर्दछ ।

(ङ) दिगो विकास लक्ष्यको सन्दर्भमा सिमित दक्षताको बाबजुद अधिकतम योगदानका लागि प्रदेश तथा स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

(च) प्रदेश तथा स्थानीय सरकारहरूको प्रगति मापन तथा कार्यसम्पादनको लेखाजोखा गरी क्रमशः सुधार गर्दै लानु पर्नेछ ।

(छ) राष्ट्रिय शहरी रणनीतिले यस रणनीतिको कार्यान्वयनको लागि आवश्यक गर्ने वित्तीय तथा प्राविधिक व्यवस्था र क्षमतासँगै Habitat III को दिगो विकास लक्ष्यहरू र नयाँ शहरी एजेण्डालाई मध्यनजर गर्नुपर्दछ ।

### ४.३.३ **कार्यान्वयन गर्ने (Implementation)**

दिगो विकास लक्ष्य सम्वन्धी जागरण अभिबृद्धि र वकालतको कार्य पश्चात वा सँगसँग यसको प्रभावकारी कार्यान्वयन (Implementation) का लागि पनि प्रदेश सरकार जागरुक हुनुपर्दछ । मुख्यत: दिगो विकास लक्ष्यलाई प्रदेश सरकारको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बार्षिक योजना र अन्य विषय क्षेत्रगत नीति तथा रणनीतिमा आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्नुपर्दछ। दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रदेश सरकारले तर्जुमा गर्ने योजना तथा नीतिहरूमा निम्न सातवटा चरणहरूको परिपालना र अनुसरण गर्न जरुरी हुन्छ ।




दिगो विकासलाई स्थानीयकरण गर्न गण्डकी प्रदेश सरकारले माथि चित्रमा देखाए जस्तो सातवटा चरणहरूलाई ध्यानमा राख्नुपर्दछ:

१. दिगो विकास लक्ष्यको स्थानीयकरणका प्राथमिकताहरू तय गर्दा प्रदेश सरकारले प्रदेश तहको आवश्यकताको पहिचान गर्ने,
२. साझा आवश्यकताहरूको प्राथमिकीकरण गर्दा सहकारितामा आधारित शासन प्रणाली अवधारणा अबलम्बन गर्ने,

३. प्रदेश सरकारले तर्जुमा गर्ने आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया दिगो विकास लक्ष्यहरूको मूलप्रवाहीकरण तथा तालमेल गर्ने,
४. स्थानीय स्रोतहरू पूँजी, श्रम, सीप, ज्ञान र प्रविधिको प्रयोगमा जोड दिने र नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा गैरसरकारी संघ संस्थाहरू लगायत अन्य सरोकारवाला निकायहरूसँग साझेदारी र सहकार्य गर्ने,
५. दिगो विकास लक्ष्यको प्राप्तिका लागि प्रभावकारी तथा उत्तरदायी संयन्त्र र नेतृत्वको निर्माण गरी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,
६. दिगो विकास लक्ष्यसँग सम्वन्धित रणनीतिक योजना तथा परियोजनाहरूको कार्यान्वयनका लागि स्वामित्व र सह-उत्तरदायित्व प्रवर्द्धनमा जोड दिने,
७. समकक्षीहरूसँगको आपसी सिकाई र विकास साँझेदार संघ/संस्थाहरूसँगको सहकार्य लगायतका कार्यमा आवश्यकता अनुसारको सहभागिताको सुनिश्चितता गर्ने आदि ।

सचेतना अभिवृद्धि र वकालतसँगै प्रदेश तथा स्थानीय सरकारले आफ्नो क्षेत्रमा दिगो विकास लक्ष्यहरूको कार्यान्वयन गर्न तयारी गर्नुपर्दछ। यससँग सम्बन्धित केही सान्दर्भिक कार्यहरू देहायअनुसार हुन सक्दछन्:

- दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्न र प्राथमिकता निर्धारण गर्न आवश्यकताको लेखाजोखा गर्ने,
- प्राथमिकताको लागि सहकारीताको विधी अबलम्बन गर्ने,
- प्रदेश तथा स्थानीय योजनामा दिगो विकास लक्ष्यहरूलाई समायोजन गर्ने,
- स्थानीय स्रोत साधनको परिचालन गर्ने,
- प्रभावकारी र जवाफदेही नेतृत्वको लागि क्षमता विकास गर्ने,
- रणनैतिक महत्वका आयोजना तथा कार्यक्रमको कार्यान्वयको लागि अपनत्व तथा सहजिम्मेवारी प्रवर्द्धन गर्ने,
- विकास सहायता र साथी सिकाईमा सहभागी हुने ।

### ४.३.४ अनुगमन गर्ने (Monitoring)

विभिन्न सूचकहरूका आधारमा दिगो विकास लक्ष्यको प्रगति मापन गर्न अनुगमन (Monitoring) र मूल्याङ्कन (Evaluation) विधी अपनाउनु पर्दछ। प्रदेश तहमा उपलब्ध सूचना र तथ्याङ्कका आधारमा यी सूचकहरूलाई स्थानीयकरण गर्नुपर्दछ। स्थानीयकरण गर्ने सिलसिलामा

दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूलाई आवश्यकता अनुसार स्थानीयकरण गर्न जरुरी हुन्छ । यसका लागि निम्नानुसारको कार्य गर्नुपर्दछः

१. स्थानीयकरण गरिने प्रदेश स्तरीय सूचकहरूको विकास गर्ने र परिमार्जन गर्ने,
२. प्रदेशस्तरमा संकलन गरिएका सूचनाहरू राष्ट्रिय तहको अनुगमन र प्रतिवेदनका लागि प्रयोग हुने कुराको सुनिश्चित गर्ने,
३. राष्ट्रिय तहको योजनाहरूको समीक्षा हुँदा प्रदेश सरकार र अन्य सरोकारवालाहरूको सहभागिता गराउने,
४. प्रदेशस्तरीय अनुगमन र मूल्याङ्कनका लागि दिगो विकास लक्ष्यका सूचकहरूको प्रयोग गर्ने,
५. प्रदेश तहका उपलब्धीहरू राष्ट्रिय तहको दिगो विकास लक्ष्यको प्रगति प्रतिवेदनमा समावेश हुन्छ भन्ने कुरा सुनिश्चित गर्ने ।

यसका अतिरिक्त प्रदेश सरकारले देहायअनुसारका कार्यहरू गर्नुपर्दछः

(क) दिगो विकास लक्ष्यसँग सम्वन्धित प्रदेश स्तरीय तथ्याङ्कको संकलन, अनुगमन र विश्लेषण गर्ने,
(ख) प्रदेशस्तरीय दिगो विकास लक्ष्यको स्थानीयकरण गरिने सूचकहरू तयार गर्ने,
(ग) दिगो विकास लक्ष्यको राष्ट्रिय तहको अनुगमन प्रक्रियामा सहभागी हुने,
(घ) दिगो विकास लक्ष्य प्राप्तिमा सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्न प्रोत्साहित गर्ने,
(ङ) प्रदेशभित्रका सबै स्थानीय सरकारहरूलाई स्थानीयस्तरका तथ्याङ्कको संकलन, अनुगमन र विश्लेषण गर्ने कार्यमा सहयोग र सहजीकरण गर्ने ।

राष्ट्रिय लक्ष्य तथा सूचकको आधारमा प्रदेश र स्थानीय तहमा दिगो विकास लक्ष्यहरूको प्रगति अनुगमन तथा उपलब्धिको लेखाजोखा गर्नुपर्दछ । यसका लागि राष्ट्रिय लक्ष्य तथा सूचकलाई प्रदेश तथा स्थानीय विशेषता अनुसार स्थानीयकरण गर्नुपर्दछ । किनकी, राष्ट्रिय तहमा प्रगति अनुगमन विवरण तयार गर्दा प्रदेश तथा स्थानीय तहको तथ्याङ्कलाई मध्यनजर गर्नुपर्दछ । खण्डीकृत तथ्याङ्कको लागि प्रदेश तथा स्थानीय तहमा तथ्याङ्क संकलन प्रणाली स्थापना महत्वपूर्ण हुन्छ ।

साथै प्रदेश तथा स्थानीय सरकारले दिगो विकास लक्ष्यहरूको प्रगति अनुगमनका लागि

देहायअनुसार कार्य गर्न सक्दछन्:

(क) प्रदेश तथा स्थानीय तहमा तथ्याङ्क संकलन, अनुगमन तथा विश्लेषण गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहको विशिष्टता अनुसार स्थानीय सूचहरूको सूची विकास गर्ने,

(ग) दिगो विकास लक्ष्यहरूको राष्ट्रिय तहमा हुने अनुगमन तथा मूल्याङ्कन कार्यमा सहभागी हुने,

(घ) अन्य सरोकारवालाको सहभागिता प्रवर्द्धन गर्ने र

(ङ) प्रदेश तथा स्थानीय तहमा संकलन गरेको सूचनालाई राष्ट्रिय दिगो विकास लक्ष्यको अनुगमन तथा प्रतिवेदनमा समावेश गर्ने ।

### ४.३.५ समन्वय, सहकार्य र साझेदारी

संघीय प्रणालीमा तहगत सरकार, निजी क्षेत्र, गैरसरकारी संघ संस्था र नागरिकका बीचमा आपसी सहयोग र सम्बन्धको आवश्यकता पर्दछ । विकाससँग सम्वन्धित विषय, सार्वजनिक सेवा प्रवाह तथा जनतासँग प्रत्यक्ष सरोकारका विषयमा समन्वय, सहकार्य र साझेदारीको झनै महत्व रहन्छ । दिगो विकास लक्ष्य प्राप्तिमा राष्ट्रिय र विश्व समुदायको प्रतिवद्धताको विषय समेत रहेकाले यी लक्ष्यहरूको प्राप्तिमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, नीजि क्षेत्र र अन्य सबै सरोकारवाला बीचको सहकार्य र साझेदारी अपरिहार्य हुन्छ । तसर्थ, गण्डकी प्रदेशले दिगो विकास लक्ष्य हासिल गर्न निम्नानुसार तीन तहहरू वीचमा साझेदारी गर्नेछः

१. **संघीय र प्रदेश सरकारबीच साझेदारी**ः दिगो विकास लक्ष्य हासिल गर्न गण्डकी प्रदेश सकारलाई बार्षिक रुपमा रु. २०४ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ। यसका लागि सबैभन्दा पहिला नेपाल सरकारले खर्चको आवश्यकताको आधारमा प्रदेश सरकारलाई अनुदान/सहायता बृद्धि गर्नु पर्ने हुन्छ । प्रदेश सरकारको खर्च क्षमता बढाएर दिविल हासिल गर्ने प्रतिवद्धता, स्रोत उपलब्धताको सुनिश्चिता र एजेण्डालाई कार्यान्वयन गर्ने तत्परताका साथ नेपाल सरकारसँगको सहकार्यलाई प्राथमिकतामा राख्नु आवश्यक हुन्छ। प्रदेश सरकारको कार्यसम्पादनमा नेपाल सरकारले लिएको दिगो विकास लक्ष्य हासिल गर्ने विषय निर्भर रहेको छ। तसर्थ, प्रदेश सरकारले दिविल हासिल गर्नका लागि आवश्यक पर्ने मानव संशाधन, भौतिक साधन, संस्थागत, सूचना प्रविधि लगायत क्षेत्रको क्षमता विकास लगायत र दिविलसँग सम्वन्धित नीति, रणनीति र कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने थप बजेटको व्यवस्थापनमा नेपाल सरकारको सहयोग अपरिहार्य हुने हुँदा सोका लागि नेपाल सरकारसँग आवश्यक सहकार्य र साझेदारी गरिनेछ ।

२. **प्रदेश र स्थानीय सरकारबीच साझेदारी**: संघीय संरचनाको मूल आधार भनेको स्थानीय सरकारहरू हुन । स्थानीय सरकार जनताको नजिकको सरकार भएकोले जनताका दुःख र सुखमा उनीहरूको सहभागिता अपरिहार्य हुन्छ । नेपाल सरकारले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने भनी दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका तयार समेत गरेको छ । स्थानीय र प्रदेश सरकारका साझा अधिकारको कार्यान्वयनमा हुन सक्ने दोहोरोपनाको अन्त्य गर्न, विकास र समृद्धि हासिल गर्न, प्राकृतिक स्रोत साधनको उपयोग र संरक्षण गर्न, दिगो विकास लक्ष्य हासिल गर्नका लागि प्रदेश सरकार र स्थानीय सरकारहरूका बीचमा सहकार्य, समन्वय र साझेदारी हुन आवश्यक छ । तसर्थ यस कार्यलाई पूर्णता दिन प्रदेश सरकार र स्थानीय सरकारहरूका बीचमा सहकार्य स्थापना गर्न दुबै पक्षको उत्तिकै तत्परता हुन जरुरी हुन्छ भने एकआपसमा विश्वासको बातावरण सिर्जना गर्नु पर्दछ । यसका लागि गण्डकी प्रदेश सरकारले आवश्यक पहल गर्नेछ ।

३. **सार्वजनिक, निजी र नागरिक (समुदायहरू) बीच साझेदारी**: दिगो विकास लक्ष्यहरूमा विविध समूहरूसँग सम्वन्धित परिमाणात्मक लक्ष्य तथा क्रियाकलापहरू रहेका छन् । यी लक्ष्यहरू हासिल गर्न ठूलो धनराशीको आवश्यकता पर्दछ । गण्डकी प्रदेश सरकारले निजी तथा सामुदायिक क्षेत्र जस्ता गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्न प्रदेश सरकारले पहल गर्नेछ । दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने धनराशी जुटाउन प्रदेश सरकारले निजी क्षेत्र गैरसकारी संस्थाहरू र नागरिक समाजसँगको सहकार्य र साझेदारीलाई व्यवहारमा उतार्नेछ । निजी क्षेत्रले मूल्य सिर्जना गर्ने र मूल्य थप हुने क्रियाकलापहरूका लागि आन्तरिक स्रोत परिचालन गरेर गरीबीमा रहेका जनतालाई आवश्यक रोजगारी र आयआर्जनका क्षेत्रमा सहयोग गर्न सक्दछ । पर्यटन क्षेत्रमा निजी क्षेत्रको लगानीले रोजगारी सिर्जनामा सहयोग पुग्दछ । यसरी निजी क्षेत्रसँगको साझेदारीले रोजगारी, आयआर्जन र आधारभूत सेवा सुविधाहरू (शिक्षा, स्वास्थ्य, वित्तीय पहुँच आदि) मा नागरिकको पहुँच बृद्धि गरी दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउन सक्दछ । तसर्थ, गण्डकी प्रदेश सरकारले सार्वजनिक-निजी साझेदारीलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नेछ भने नागरिक समाजसँगको सहकार्यमा विशेष जोड दिनेछ ।

# परिच्छेद ५: दिगो विकास लक्ष्यको प्रगति अनुगमन खाका

दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि प्रदेश तथा स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेट र उनीहरूको लगानीको उपयुक्त तरिकाले नियमित अनुगमन गर्नु पर्दछ । यसैगरी निजी क्षेत्र, सहकारी क्षेत्र लगायत सामुदायिक संघ संस्थाहरूले गरेका विभिन्न किसिमका गतिविधिहरूलाई सहजिकरण गर्ने र सहकार्यलाई प्रवर्धन गर्ने काममा प्रदेश सरकार र स्थानीय तहहरूको महत्वपूर्ण भूमिका हुन्छ । दिगो विकास लक्ष्य स्थानीयकरण गर्न प्रभावकारी तथा उत्तरदायी सरकारी संगठनको आवश्यकता पर्दछ । यसका लागि आर्थिक तथा मानवीय स्रोत भएर मात्र हुदैन, व्यवस्थित कार्यप्रणाली र उत्तरदायित्व सुनिश्चित हुनुपर्दछ । दिगो विकासको लक्ष्यको नतिजामूलक अनुगमन र तथ्यमा आधारित निर्णयका लागि हरेक तहमा खण्डीकृत तथ्यांकको आवश्यकता पर्दछ । तथ्यांक उत्पादन र विश्लेषणका क्षेत्रमा विश्वव्यापीरुपमा धैरै परिवर्तन भएतापनि नेपालको सन्दर्भमा प्रदेश र स्थानीय तहमा खण्डीकृत तथ्यांकको अभाव रहने गरेको छ । तसर्थ दिगो विकास लक्ष्य अनुगमनका लागि खण्डीकृत तथ्यांक उत्पादनमा प्रदेश र स्थानीय तहले जोड् दिनु पर्दछ । यस परिच्छेदमा दिगो विकास लक्ष्यको प्रगति अनुगमनको आवश्यकता, महत्व र यससँग सम्वन्धित संस्थागत संरचनाका बारेमा निम्नानुसार उल्लेख गरिएको छ ।

### ५.१ दिगो विकास लक्ष्य प्रगति अनुगमनको आवश्यकता

नीति, रणनीति तथा योजना तर्जुमा र यिनीहरूको कार्यान्वयनको अवस्था कस्तो छ भनि गरिने अध्ययन तथा अनुसन्धानलाई अनुगमन भनिन्छ। अनुगमन कार्यका लागि मुख्यतः सम्वन्धित क्षेत्रको तथ्यांक संकलन र यसको विश्लेषण गरी कार्यान्वयनमा भएका कमीकमजोरीहरू तथा खाडलहरूको पहिचान गर्न यसले सहयोग गर्दछ । साथै परियोजना अवधीमा सुधार गर्नु पर्ने क्षेत्रहरू पहिचान गरी कार्यान्वयनमा आवश्यक पर्ने सहयोगहरू जुटाउन अनुगमन प्रक्रिया अत्यन्तै उपयोगी हुन्छ । यसै गरी कार्यान्वयनमा आएका नीति, रणनीति तथा कार्यक्रमहरूले उद्देश्य हासिल गर्न कतिसम्म सफल भयो वा भएन भन्ने विषयको मूल्यांकन गरी आगामी दिनमा त्यस्ता नीति, रणनीति तथा कार्यक्रममा के कस्तो सुधारहरू गर्नु पर्छ वा ती सबै राम्रा छन भन्ने कुराको निर्क्योल गर्न मूल्यांकन पद्धतिले सहयोग गर्दछ । तसर्थ हरेक सरकारी, गैरसरकारी, निजी तथा वित्तीय क्षेत्रहरूमा अनुगमन तथा मूल्यांकनको अत्यन्तै ठूलो महत्व हुन्छ ।

दिगो विकास लक्ष्यका सूचनाहरू सन् २०३० सम्मका लागि प्रक्षेपण गरिएका छन । हरेक लक्ष्य अनुसारका परिमाणात्मक नजिताहरू हासिल गर्नु प्रदेश सरकारको जिम्मेवारी हुन्छ । तसर्थ प्रदेश सरकारले दिगो विकास लक्ष्यका प्रदेश स्तरीय सूचकहरू तयार गरी आवधिक रुपमा ती सूचकहरूको नतिजा हासिल गर्न के कति प्रगति भयो वा के कस्ता समस्याहरूले ती नतिजाहरू प्राप्त गर्न सकिएन भनी कारणहरू र समाधानका उपायहरू पहिचान गर्न पनि आवधिक रुपमा दिगो विकास लक्ष्यको अनुगमन तथा मूल्यांकन गर्नु आवश्यक छ । यसै सिलसिलामा गण्डकी प्रदेशले दिगो विकास लक्ष्य लगायत अन्य क्षेत्रसँग सम्वन्धित नीति, योजना, कार्यक्रम तथा आयोजनाका लागि स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन र मूल्यांकन सम्वन्धमा आवश्यक मार्गदर्शन गर्न विभिन्न किसिमका अनुगमन तथा मूल्यांकनको संस्थागत व्यवस्था गरेको छ ।

## ५.२ गण्डकी प्रदेशमा अनुगमन तथा मूल्यांकनको संस्थागत व्यवस्था

गण्डकी प्रदेशले तयार गरेको प्रदेश तथा स्थानीय तहको अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७७ अनुसार अनुगमन तथा मूल्याङ्कन सम्वन्धी निम्नानुसारको संस्थागत संरचनाको व्यवस्था रहेको छ ।

### क. प्रदेश विकास समस्या समाधान समिति

गण्डकी प्रदेशका विकास नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयमा काम गर्नका लागि अनुगमन तथा मूल्यांकन सम्वन्धी सर्वोच्च संयन्त्रका रुपमा मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका मन्त्री, प्रदेश नीति तथा योजना आयोगमा उपाध्यक्ष लगायत सदस्यहरू, प्रमुख सचिव, जिल्ला समन्वय समिति महासंघ, गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघका गण्डकी प्रदेशका अध्यक्षहरू, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, प्रदेश सरकारले तोकेका स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष सदस्य रहने र प्रदेश नीति तथा योजना आयोगका सचिव सदस्य सचिव रहेको एक प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था रहेको छ । यस समितिलाई वढीभन्दा वढी क्रियाशिल बनाई दिगो विकास लक्ष्यको अनुगमन तथा मूल्यांकनलाई तिव्रता दिन जरुरी छ ।

### ख. मन्त्रीस्तरीय विकास समस्या समाधान समिति

गण्डकी प्रदेशको विकास नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्य गर्न र विकास समस्या मन्त्रालय स्तरमै समाधान गर्न प्रदेश सरकारका सबै मन्त्रालयहरूमा सम्वन्धित मन्त्री अध्यक्ष रहेको राज्यमन्त्री/सहायकमन्त्री, प्रदेश

नीति तथा योजना आयोगको सम्वन्धित विषय हेर्ने सदस्य, सम्वन्धित मन्त्रालयका सचिव, शासकीय सुधार तथा समन्वय हेर्ने मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव, प्रदेश नीति तथा योजना आयोगका सचिव, सम्वन्धित निर्देशनालयका प्रमुख, सम्वन्धित मन्त्रालयका योजना महाशाखा हेर्ने प्रमुख, सम्वन्धित मन्त्रालयका अनुगमन तथा मूल्यांकन महाशाखा/शाखा हेर्ने प्रमुख सदस्य रहेको एक मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको गठन गर्ने व्यवस्था रहेको छ । यस समितिलाई वढीभन्दा वढी क्रियाशिल बनाई दिगो विकास लक्ष्यको विषय क्षेत्रगतरुपमा अनुगमन तथा मूल्यांकनलाई तिव्रता दिन जरुरी छ ।

**ग. प्रदेश दिगो विकास लक्ष्य निर्देशक समिति**

गण्डकी प्रदेशको दिगो विकास लक्ष्यसँग सम्वन्धित नीति, योजना, कार्यक्रम तथा आयोजनाका लागि स्रोत व्यवस्थापन, कार्यान्वयन, अनुगमन र मूल्यांकन सम्वन्धमा आवश्यक मार्गदर्शन गर्ने उद्देश्यका लागि मुख्य मन्त्रीको संयोजकत्वमा प्रदेश सरकारका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, जिल्ला समन्वय समिति महासंघ, गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघका गण्डकी प्रदेशका अध्यक्षहरू सदस्य रहेको र प्रदेश सरकारका प्रमुख सचिव सदस्य सचिव रहने गरी दिगो विकास लक्ष्य निर्देशक समितिको गठन गर्ने व्यवस्था रहेको छ । यस निर्देशक समितिलाई वढीभन्दा वढी सक्रिय बनाई दिगो विकास लक्ष्यको अनुगमन तथा मूल्यांकनलाई तिव्रता दिन जरुरी छ ।

**घ. प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति**

गण्डकी प्रदेशको दिगो विकास लक्ष्यसँग सम्वन्धित नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको समन्वय, अनुगमन र मूल्यांकन गर्ने कार्यका लागि प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा प्रदेश नीति तथा योजना आयोगका सदस्यहरू, सबै मन्त्रालयका सचिवहरू, गण्डकी प्रदेश उद्योग बाणिज्य संघका अध्यक्ष, गण्डकी प्रदेश उद्योग परिसंघका अध्यक्ष, गण्डकी प्रदेश चेम्बर्स अफ कमर्सका अध्यक्ष, गण्डकी प्रदेश सहकारी संस्था महासंघका अध्यक्ष, गण्डकी प्रदेश गैरसरकारी संस्था महासंघका अध्यक्ष, प्रदेश स्थित विश्व विद्यालयका प्रतिनिधि, गण्डकी प्रदेश मेडिकल एसोसियसनका अध्यक्ष, गण्डकी प्रदेश इन्जिनियरिङ एसोसियसनका अध्यक्ष, गण्डकी प्रदेश पत्रकार महासंघका अध्यक्ष, जिल्ला समन्वय समिति गण्डकी प्रदेशका प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ गण्डकी प्रदेशका प्रतिनिधि र नेपाल नगरपालिका संघ गण्डकी प्रदेशका प्रतिनिधी सदस्य र प्रदेश नीति तथा योजना आयोगका सचिव सदस्य सचिव रहेको प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति गठन गर्ने व्यवस्था अनुगमन तथा मूल्यांकन दिग्दर्शनले गरेको छ । यस समन्वय समितिलाई प्रभावकारी

बनाई दिगो विकास लक्ष्यको अनुगमन तथा मूल्यांकन गरी प्रगतिको आवधिक रुपमा समिक्षा गर्न जरुरी छ ।

**ङ. प्रदेश दिगो विकास लक्ष्य अनुगमन तथा मूल्यांकन समिति**

प्रदेश नीति तथा योजना आयोगका आर्थिक क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्वन्धित मन्त्रालयका सचिव, स्थानीय तहका प्रतिनिधि, आर्थिक क्षेत्रमा काम गर्ने निजी क्षेत्रका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, विश्व विद्यालयका प्रतिनिधि र अन्य पेशागत संघ तथा संगठनका प्रतिनिधि सदस्य रहेको अनुगमन तथा मूल्यांकन समितिले दिगो विकास लक्ष्य नं. १, २, ८, ९ र १२ को अनुगमन तथा मूल्याकन गर्ने व्यवस्था रहेको छ ।

प्रदेश नीति तथा योजना आयोगका भौतिक पूर्वाधार क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्वन्धित मन्त्रालयका सचिव, स्थानीय तहका प्रतिनिधि, पूर्वाधार क्षेत्रमा काम गर्ने निर्माण व्यवसायीका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, विश्व विद्यालयका प्रतिनिधि र अन्य पेशागत संघ तथा संगठनका प्रतिनिधि सदस्य रहेको अनुगमन तथा मूल्यांकन समितिले दिगो विकास लक्ष्य नं. ६, ७, ११, १३ र १५ को अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था रहेको छ ।

प्रदेश नीति तथा योजना आयोगका सामाजिक क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्वन्धित मन्त्रालयका सचिव, स्थानीय तहका प्रतिनिधि, सामाजिक क्षेत्रमा काम गर्ने निजी क्षेत्रका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, विश्वविद्यालयका प्रतिनिधि र अन्य पेशागत संघ तथा संगठनका प्रतिनिधी सदस्य रहेको अनुगमन तथा मूल्यांकन समितिले दिगो विकास लक्ष्य नं. ३, ४, ५, १०, १६ र १७ को अनुगमन तथा मूल्याकन गर्ने व्यवस्था रहेको छ । यी सबै समितिहरूलाई चलायमान बनाई दिगो विकास लक्ष्यको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्नु पर्दछ ।

**च. प्रदेश सचिवस्तरीय अनुगमन तथा मूल्यांकन समिति**

प्रदेशको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउने उद्देश्यले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रमुख सचिवको संयोजकत्वमा सबै मन्त्रालयका सचिवहरू, नीति तथा योजना आयोगका सचिव, प्रदेश प्रमुखको कार्यालयका सचिव, प्रदेश सभाका सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगतको शासकीय सुधार तथा समन्वय महाशाखाका सचिव सदस्य र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगतको योजना अनुगमन तथा नतिजा व्यवस्थापन महाशाखाका प्रमुख सदस्य सचिव रहने गरी प्रदेश सचिवस्तरीय अनुगमन तथा मूल्यांकन समिति रहने व्यवस्था अनुगमन तथा मूल्यांकन दिग्दर्शनले गरेको छ । दिगो विकास लक्ष्य हासिल गर्न प्रदेश

सरकारले माथि उल्लेखित विभिन्न किसिमका समितिहरूलाई कृयाशिल बनाई अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित, भरपर्दो, व्यवहारिक र प्रभावकारी बनाउनु पर्दछ ।

## ५.३ दिगो विकास लक्ष्य प्रगति अनुगमनको विधि तथा प्रक्रिया

अनुगमन तथा मूल्यांकन विधि तथा अनुगमन सम्वन्धी व्यवस्थाहरू निम्नानुसार तल ब्याख्या गरिएको छ ।

**(क) अनुगमन तथा मूल्यांकनका विषयबस्तुहरू**

(१) सार्वजनिक नीतिको कार्यान्वयनको स्थिति र यसबाट परेको असर तथा प्रभावको अवस्था जानकारी लिन निरन्तर रुपमा प्रदेश सरकारले दिगो विकाससँग सम्वन्धित नीतिहरूको अनुगमन तथा मूल्यांकन गर्नु पर्दछ ।

(२) प्रदेश सरकारको आवधिक योजना र सो अन्तर्गतका विभिन्न क्षेत्रगत रणनीति तथा कार्यक्रमहरूमा दिगो विकास लक्ष्यसँग सम्वन्धित रणनीति र कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्नु पर्दछ ।

(३) विषय क्षेत्रगत योजना तथा व्यवसायिक योजनाहरू जस्तैः विषयगत क्षेत्रका गुरुयोजना, रणनीतिक योजना, विषय क्षेत्रगत रणनीतिहरूलाई दिगो विकास लक्ष्यको आखाँले हेर्ने र यसको कार्यान्वयन स्थितिको अनुगमन र उक्त योजनाहरूको प्रभावकारिता तथा प्रभावका विषयमा समेत अनुगमन तथा मूल्यांकन गर्नु पर्दछ ।

(४) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बार्षिक वजेटमा दिगो विकाससँग सम्वन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगति अनुगमन गर्नुपर्दछ ।

(५) आवधिक योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्न तयार गरिएका कार्यक्रम वा आयोजना र यसको कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गरी समस्या तथा समाधानका उपायहरू पहिचान गर्न जरुरी हुन्छ । यसैगरी मूल्यांकनबाट सान्दर्भिक प्रतिफल हासिल गर्नेतर्फ आयोजनालाई पृष्ठपोषण पनि प्राप्त हुने गदर्छ ।

(६) अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धताहरू पूरा गर्न तथा दिगो विकास लक्ष्यहरू हासिल गर्न राज्यले प्रदेश तहमा कार्यान्वयन गर्ने नीति, योजना, कार्यक्रम तथा आयोजनालाई अनुगमन तथा मूल्यांकनका विषयबस्तु बनाउनु पर्दछ ।

**(ख) सहभागितामूलक अनुगमन तथा मूल्यांकन विधिको प्रयोग**

(१) चित्रका माध्यमबाट सबैले सजिलैसँग बुझ्ने गरी सूचना वा जानकारी प्रस्तुत गर्दा सबैमा समान बुझाई हुने र चित्र आफै छलफलको माध्यम पनि बन्ने हुँदा अनुगमन

गर्दा **चित्रात्मक विधि** प्रयोगमा ल्याउनु पर्दछ ।

(२) कार्यक्रमहरू कार्यान्वयनको अवस्था बुझ्नका लागि **स्थलगत अवलोकन** विधि अनुमगनको सिलसिलामा प्रयोग गर्न सकिन्छ। कार्यक्रमका बारेमा स्थानीय समुदाय र लाभग्राहीहरूको विचार बुझ्न, लाभग्राही समुदायसँग सामिप्यता स्थापित गर्न र स्थलगत यथार्थ प्रगतिको अवस्था जानकारी लिने स्थलगत अवलोकन विधि प्रयोग गर्नु पर्दछ ।

(३) **अन्तरक्रियात्मक बैठक तथा समीक्षा गोष्ठी**हरूका माध्यमबाट पनि सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन कार्य गर्न सकिन्छ । यो विधि कार्यक्रम/आयोजना सञ्चालन भए पश्चात सोबाट भएका परिवर्तन, ती परिवर्तनका कारणहरू र अन्य तथ्यगत जानकारी लिन, खोज तथा अन्वेषण गर्न उपयोगी विधिका रुपमा प्रयोग गर्न सकिन्छ । यस विधिको सहजीकरण दक्ष सहजकर्ता विज्ञले प्रमुख सरोकारवालाहरूसँग योजना, कार्यक्रम तथा आयोजनको बारेमा छलफल तथा सहजीकरण गर्नुपर्दछ । यस किसिमको छलफलबाट प्राप्त भएका विचारहरूलाई टिपोट गरी अनुगमन तथा मूल्यांकन प्रयोजनको लागि प्रयोग गर्नुपर्दछ ।

(४) दिगो विकास लक्ष्यसँग सम्वन्धित सञ्चालित विकास आयोजना तथा कार्यक्रमको अनुमानित लागत तथा वास्तविक खर्च र हासिल भएका उपलब्धिका बारेमा सेवाग्राहीको प्रत्यक्ष सहभागितामा सार्वजनिक रुपमा जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्न विकास आयोजना तथा कार्यक्रमको **सार्वजनिक परीक्षण** गराउनु पर्दछ । सरकारी र गैरसरकारी तथा सामुदायिक स्तरबाट हुने विकासका क्रियाकलाप तथा सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र मितव्ययी बनाउन सहजकर्ताको माध्यमबाट यस्तो परीक्षण नियमित रुपमा गराउनु पर्दछ ।

(५) दिगो विकास लक्ष्यका नतिजाहरू प्राप्त गर्ने सन्दर्भमा प्रदेश सरकारले सरोकारवाला, सर्वसाधारण नागरिक र सार्वजनिक निकायका पदाधिकारीहरूबीच सार्वजनिक संस्थाको कार्यदक्षता बढाउन खुला रुपमा छलफल गरी जनताको गुनासो र पिरमर्का जिम्मेवार पदाधिकारीहरूले जानकारी लिन र कार्यक्रम, आयोजना तथा परियोजनालाई बढी भन्दा वढी पारदर्शी र गुणस्तर बढाउन **सार्वजनिक सुनुवाई विधि** प्रयोगमा ल्याउनु पर्दछ ।

(६) सार्वजनिक निकायमा कार्यसम्पादन र पारदर्शिता बढाउन, स्रोतसाधनको सदुपयोग बढाउन, सेवा प्रवाहमा रहेका कमी कमजोरीलाई समयमै हटाउन, अपेक्षित नतिजा

हासिल गरी जीवनस्तर सुधार गर्न र उत्तरदायित्व बढाउनका लागि सरोकारवालाको प्रत्यक्ष संलग्नतामा सार्वजनिक सेवा प्रवाहका सम्पूर्ण गतिविधिको परीक्षण तथा प्रतिवेदन गर्नका लागि **सामाजिक परीक्षण** गर्नुपर्दछ । यसका लागि निश्चित प्रक्रियाहरू अपनाउनु पर्दछ । यस सम्वन्धी प्रक्रियाका बारेमा गण्डकी प्रदेशको अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७७ मा स्पष्ट रुपमा व्यवस्था गरेको हुँदा सोही अनुसार गर्नु पर्दछ ।

(७) नतिजा अनुगमनमा आधारित प्रगति मापन सम्बन्धी फारमहरूको प्रयोग गरी आवधिक रुपमा दिगो विकास लक्ष्यको प्रगतिको अवस्थाका बारेमा देहायअनुसार प्रगति मापन गरी प्रतिवेदन गर्नुपर्दछः

(क) प्रत्येक चौमासिक/बार्षिक अवधि समाप्त भएको मितिले ७ दिन भित्र विकास कार्यक्रमको चौमासिक/बार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ ।

(ख) चौमासिक/बार्षिक अवधि समाप्त भएको मितिले प्रदेश मन्त्रालयले १० दिन भित्र पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूको समष्टिगत प्रगति र कार्यान्वयनमा देखिएका समस्याहरू समेत पहिचान गरी चौमासिक/वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ ।

(ग) प्रदेशमा प्रदेश नीति तथा योजना आयोगको सचिवालयले पहिलो प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनाको प्रगति विवरण तयार गरी चौमासिक/वार्षिक अवधि समाप्त भएको मितिले १४ दिनभित्र विकास समस्या समाधान समितिमा पेश गर्नु पर्दछ ।

(घ) प्रदेशका सबै मन्त्रालय तथा निकायहरूले सम्पूर्ण बजेट कार्यान्वयन सम्बन्धमा प्रत्येक महिना सकिएको ७ दिनभित्र मासिक आर्थिक विवरण फारम भरी प्रदेश अर्थ मन्त्रालयमा पेश गर्नु पर्दछ ।

### ५.४ प्रगति अनुगमनको साधन, जिम्मेवारी तथा समयावधि

असल शासन र न्याय तथा विकास प्रक्रियामा समुदायको संलग्नता विना प्रदेश तथा स्थानीय तहमा शान्ति र मानव विकास तथा गरिबी न्यूनीकरणमा दिगो प्रगतिको आशा गर्न नसकिने हुँदा गण्डकी प्रदेशले विद्युतीय शासन (e-governance) लागु गरेर शासकिय प्रणालीलाई सुदृढ गर्ने योजना बनाएको छ (दिविल १६) ।

शिक्षा, स्वास्थ्य, कृषि लगायतका संघीय सूचना प्रणाली, राष्ट्रिय जीवनस्तर सर्वेक्षण,

जनगणना र नेपाल सरकारका विभिन्न निकायहरूबाट तयार हुने तथ्याङ्क प्रदेश सरकारको अनुगमन तथा मूल्यांकन कार्यका लागि पर्याप्त हुदैन । तसर्थ संघीय तथ्याङ्कको कमिलाई पूर्ति गर्न प्रदेश सरकारले निम्न क्षेत्रमा जोड दिनु पर्दछ ।

(क) सक्षम र क्रियाशील स्थायी तथ्यांकीय संस्था (प्रादेशिक तथ्यांक कार्यालय) लाई थप सक्रिय बनाउने ।

(ख) प्रादेशिक निकायहरूमा अनुगमन तथा मूल्यांकन व्यवस्थापन सूचना प्रणाली इकाई गठन गर्ने ।

(ग) शासन व्यवस्थामा भएको परिवर्तनपछि प्रदेशमा रहेको तथ्याङ्कको अभावलाई पूर्ति गर्न एकात्मक राज्य प्रणालीका लागि निर्माण गरिएको विद्यमान राष्ट्रिय तथ्याङ्क विकास रणनीतिमा सुधार गर्नु पर्ने ।

गण्डकी प्रदेशको दिविल आधार तथ्यांक प्रतिवेदन २०७६ अनुसार नेपालको लागि राष्ट्रिय रुपमा पहिचान गरिएका ४७९ दिविल सूचकहरूमध्ये १३९ (२९ प्रतिशत) सूचकहरूको मात्र गण्डकी प्रदेशमा खण्डिकृत आधाररेखा तथ्याङ्क उपलब्ध छ। आधाररेखा सूचना नभएका राष्ट्रिय रुपमा पहिचान गरिएका र गण्डकी प्रदेशका लागि कम सान्दर्भिक सूचक संख्या २२५ (४७ प्रतिशत) रहेका छन । यस्ता सूचकहरूका बारेमा नियमित रुपमा जानकारी उपलब्ध गराउन सकिने अवस्था देखिदैन । दिगो विकास लक्ष्यको प्राप्तिका लागि गतिशील तथ्याङ्क प्रणाली आवश्यक हुन्छ। आर्थिक बृद्धिलाई नियमित पृष्ठपोषण गर्न, दिगो विकास लक्ष्य प्राप्तिमा भएको प्रगतिलाई प्रोत्साहित गर्न, आधारभूत सेवाहरूको आपूर्तिमा सुधार ल्याउन तथा पारदर्शिता स्थापित गर्न गण्डकी प्रदेशले तथ्याङ्कको अभावलाई व्यवस्थापन गर्ने तर्फ आफ्नो प्रयासलाई अगाडि बढाउनु पर्दछ। दिविलहरूको अनुगमन तथा मूल्याङ्कन गर्न प्रादेशिक तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गण्डकी प्रदेशको उच्च प्राथमिकतामा रहनु पर्दछ ।

दिगो विकास लक्ष्य स्थानीयकरणको अनुगमन तथा प्रगतिको लेखाजोखाको लागि राष्ट्रिय स्तरमा उपलब्ध हुने प्रदेश तहको खण्डीकृत तथ्याङ्कसमेतका आधारमा लिनु पर्दछ । गण्डकी प्रदेश सरकारले देहायअनुसारको सर्भेक्षण गरी दिगो विकास लक्ष्य अनुगमन गर्ने तथ्यांक निर्माण गर्नु पर्दछ ।

१. **सेवा प्रवाहको प्रभावकारिता सर्भेक्षण (Service Delivery Effectiveness Survey-SDES):** सुशासन र शान्ति सम्बन्धी दिगो विकास लक्ष्य १६ का केही प्रमुख सूचकहरूको अनुगमन गर्न यस प्रकारको सर्भेक्षण विधि प्रयोग गर्नु पर्दछ ।

२. **महिला तथा पुरुष निर्णय प्रक्रिया सर्भेक्षण (Women and Men in Decision Making**

**Survey-WAMIDMS):** सार्वजनिक, निजी र गैर सरकारी क्षेत्रको निर्णय प्रक्रियामा महिलाको अवस्था अनुगमन गर्न यस सर्भेक्षण विधि प्रयोग गर्नु पर्दछ ।

३. **मानव संशासन प्रक्षेपण सर्भेक्षण (Human Resource Projection Survey):** दिगो विकास लक्ष्य ४, ८ र १६ सम्बन्धी सूचकहरूको प्रगति मापनको लागि यस सर्भेक्षण विधि प्रयोग गर्नु पर्दछ ।

४. **दिगो विकास लक्ष्य नतिजा अनुगमन सर्भेक्षण (SDG Result Monitoring Survey):** गण्डकी प्रदेशको दिगो विकास लक्ष्यका सबै सूचकहरू नतिजा मापनका लागि यस किसिमको सर्भेक्षण विधि प्रयोग गर्नु पर्दछ ।

५. **प्रशासनिक तथ्याक्त (Administrative Data):** स्वास्थ्य क्षेत्रको तथ्यांक स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र शिक्षा क्षेत्रको तथ्यांक शिक्षा व्यवस्थापन सूचना प्रणालीबाट लिइनेछ । यातायात विभागबाट सवारी साधन सम्बन्धी तथ्यांक, उद्योग विभागबाट उद्योग सम्वन्धी तथ्यांक प्रयोगमा ल्याईने छ । यसका अतिरिक्त जनसंख्या, स्वास्थ्य, पोषण, शिक्षा, विद्यालय भर्ना, कृषि उत्पादन, पर्यटक आगमन, यातायात, भौतिक पूर्वाधारसँग सम्बन्धित तथ्याङ्कहरू सम्वन्धित कार्यालय तथा निकायहरूबाट संकलन गर्नु पर्दछ ।

दिविलका अनुगमनका साधनहरू देहायबमोजिम तालिका १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १४: प्रस्तावित दिगो विकास लक्ष्यका अनुगमनका साधनहरू**

| क्र.सं. | प्रस्तावित सर्वेक्षण | अन्तराल | औचित्य | जिम्मेवारी |
|---|---|---|---|---|
| **क. संघीय सरकारले गर्ने सर्वेक्षण र गणना** | | | | |
| १ | राष्ट्रिय जीवनस्तर मापदण्ड सर्वेक्षण | ५ वर्ष | हालको राष्ट्रिय जीवनस्तर मापदण्ड सर्वेक्षणले आय, उपभोगका सम्बन्धमा अनुमानहरू र प्रादेशिक स्तरभन्दा तल धेरै दिविल सम्बन्धित सूचकहरू प्रदान गर्दैन । केन्द्रीय तथ्याङ्क विभागलाई प्रदेशको तथ्याङ्क आवश्यकता सम्बोधन गर्न आग्रह गरिनेछ । सो सर्वेक्षण दिविल १, दिविल २ दिविल १० र १२ का मुख्य सूचकहरू अनुगमन गर्न महत्वपूर्ण हुनेछ । | ▪ यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ ।<br>▪ विभागलाई गण्डकी प्रदेशले सहयोग गर्नेछ । |

| क्र.सं. | प्रस्तावित सर्वेक्षण | अन्तराल | औचित्य | जिम्मेवारी |
|---|---|---|---|---|
| २ | राष्ट्रिय श्रमशक्ति सर्वेक्षण | | ■ राष्ट्रिय श्रमशक्ति सर्वेक्षणले प्रादेशिक सरकारलाई आवश्यक श्रमशक्ति सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनेछ ।<br>■ गण्डकी सरकारले दिविल अनुगमनका लागि बाँकी सूचना संकलन गर्न आग्रह गर्नेछ ।<br>■ अल्पबेरोजगारी र बेरोजगारी प्रकारका सूचकहरूले यस सर्वेक्षणबाट सूचना प्राप्त गर्नेछन् ।<br>■ यो सर्वेक्षणले दिविल ८ लाई प्रवर्द्धन गर्न सहयोग गर्नेछ । | ■ यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ ।<br>■ विभागलाई गण्डकी प्रदेशले सहयोग गर्नेछ । |
| ३ | राष्ट्रिय जनसांख्यिक र स्वास्थ्य सर्वेक्षण | ५ वर्ष | ■ नेपाल जनसांख्यिक र स्वास्थ्य सर्वेक्षण र बहुसूचक क्लस्टर सर्वेक्षणमा पर्याप्त स्याम्पल साइज हुँदैन ।<br>■ दिविल ३ अनुगमन गर्नका लागि राष्ट्रिय जनसांख्यिक र स्वास्थ्य सर्वेक्षण र राष्ट्रिय बहुसूचक क्लस्टर सर्वेक्षणका विशेषताहरू समावेश गरेर आवश्यकता अनुसारको सर्वेक्षण आवश्यक हुन्छ ।<br>■ यो सर्वेक्षणले आंशिक रुपमा दिविल ४, ५, ६ र ७ को प्रगति र प्रदेश सरकारका लागि शिक्षा, लैङ्गिक समानता, खानेपानी तथा सरसफाई र ऊर्जा कार्यक्रम मापन गर्न मद्दत गर्नेछ ।<br>■ पालिकास्तरसम्मको भरपर्दो अनुमानहरू दिनसक्ने पर्याप्त स्याम्पल साइज सहितको राष्ट्रिय जनसांख्यिक र स्वास्थ्य सर्वेक्षणले प्रदेशमा रहेको तथ्याङ्कको अभावलाई पूर्ति गर्नसक्छ । | ■ यो सर्वेक्षण संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्नेछ ।<br>■ गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसंख्याले सहयोग गर्नेछ । |

| क्र.सं. | प्रस्तावित सर्वेक्षण | अन्तराल | औचित्य | जिम्मेवारी |
|---|---|---|---|---|
| ४ | बहुसूचक क्लस्टर सर्वेक्षण | ५ वर्ष | ▪ प्रादेशिक स्तरको खण्डिकृत तथ्याङ्क सहित (यसले दिविलहरू १, २, ३, ४ , ५, ६, ७, १० र १२ को अनुगमन गर्न मद्दत गर्नेछ ।) | ▪ यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ ।<br>▪ गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सहयोग गर्नेछ । |
| ५ | औद्योगिक सर्वेक्षण | ५ वर्ष | ▪ प्रादेशिक स्तरको खडिकृत तथ्याङ्क उपलब्ध गराउन सहयोग पुग्दछ । यसले दिविलहरू ८ र ९ को अनुगमन गर्न मद्दत गर्नेछ । | ▪ यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ ।<br>▪ गण्डकी प्रदेशको पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले सहयोग गर्नेछ । |
| ६ | जनसंख्या तथा कृषि गणना | १० वर्ष | ▪ यो सर्वेक्षणले बहुसंख्यक दिविलहरूको अनुगमन गर्न मद्दत गर्नेछ । | ▪ यो सर्वेक्षण संघीय सरकारले गर्नेछ ।<br>▪ गण्डकी प्रदेश सरकारले सहयोग गर्नेछ । |
| **ख. गण्डकी सरकारले गर्ने सर्वेक्षण** | | | | |
| १ | निष्ठा र सेवा प्रवाह प्रभावकारिता सर्वेक्षण | ५ वर्ष | ▪ यो सर्वेक्षणले शासन व्यवस्था र शान्ति समावेश रहेको दिविल १६ का केही मुख्य सूचकहरूको अनुगमन गर्नेछ । | ▪ गण्डकी प्रदेश सरकार |
| २ | निर्णय प्रक्रियामा महिला र पुरुष सर्वेक्षण | ५ वर्ष | ▪ यो सर्वेक्षणले सार्वजनिक, निजी र गैससहरूको निर्णय प्रक्रियामा महिलाहरूको हैसियतको अनुगमन गर्नेछ । साथै, यसले दिविल ५ र दिविल १६ का धेरै सूचकहरूको पनि अनुगमन गर्न सहयोग गर्दछ । | ▪ गण्डकी प्रदेश सरकार |
| ३ | मानव स्रोत प्रक्षेपण | ५ वर्ष | ▪ यो सर्वेक्षणले दिविलहरू ४, ८ र १६ को अनुगमन गर्न मद्दत गर्नेछ । | ▪ गण्डकी प्रदेश नीति तथा योजना आयोग |

| क्र.सं. | प्रस्तावित सर्वेक्षण | अन्तराल | औचित्य | जिम्मेवारी |
|---|---|---|---|---|
